दायित्व

(साहित्यिक मासिक)

वर्ष १७ /पूर्णाङ्क ४७ /असोज-कार्तिक २०६०

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४८३४२६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोगी
कमल ज्ञवाली/विष्णु ज्ञवाली 'शास्त्री'
अरुण खत्री 'नदी'

आवरण सज्जा
राजेश मानन्धर

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

कार्यालय:
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४७४९८३
पो.ब.नं. ६७६६, काठमाडौं

सहयोग
संस्थागत रू. ५०/-
व्यक्तिगत रू. २०/-

यस अङ्कका विशेष सहयोगी
शिव रेग्मी

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

कम्प्युटर सेटिङ : जनककुमार थापा (चावहिल अफसेट प्रेस)
मुद्रण : चावहिल अफसेट प्रेस, चावहिल, फोन नं.- ४-४७०१७०/४-३५५९४४

सम्पादकीय

◈ शङ्कर कोइराला दिवङ्गत हुनु भएपछि हामीले उहाँलाई सर्वप्रथम श्रद्धाञ्जली स्वरूप साहित्यिक व्यक्तित्वको रूपमा संस्मरण गऱ्यौं- 'शङ्कर कोइराला स्मृति विशेषाङ्क' प्रकाशित गरेर । त्यसपछि कृतित्वको रूपमा उहाँको मूल्याङ्कन गऱ्यौं, पचासवटा कृतिमाथि पचासवटै समालोचकको दृष्टिकोण प्रकाशित गरेर । अर्थात् -'शङ्कर कोइराला समालोचना विशेषाङ्क' निकालेर । यस पटक उहाँलाई विषेशगरी कथाकार शङ्कर कोइरालाको रूपमा सम्झिने प्रयास गरेका छौं – 'शङ्कर कोइराला : कथा विशेषाङ्क' जनसमक्ष ल्याएर ।

◈ त्यसो त शङ्कर कोइरालालाई हामीले वार्षिक जन्मजयन्तीको रूपमा प्रत्येक वर्ष कार्तिक २७ गते सम्झिने गर्दछौं र शङ्कर कोइरालाले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा शङ्कर कोइरालामाथि थप अध्ययन अनुसन्धान गर्ने अनुसन्धाता वा आख्यानका क्षेत्रमा विशेष योगदान पुऱ्याउने श्रष्टालाई प्रत्येक दुई वर्षमा 'शङ्कर कोइराला स्मृति पुरस्कार' द्वारा सम्मानित गर्ने परिपाटी पनि बसालेका छौं ।

◈ यस्ता कुनै साहित्यिक पत्र-पत्रिका छैनन् होला जहाँ शङ्कर कोइरालाका कथा प्रकाशित भएका नहोउन् । हामीले यस पटक शारदा, प्रगति, धरती, रत्नश्री, पारिजात र दायित्वबाट मात्र कथा सङ्कलित गरेका छौं तर ती पत्रिकाहरूमा प्रकाशित उहाँका सबै कथाहरूलाई हामीले समेट्न नसकेको पनि हुन सक्छ ।

◈ अरू यस्तै दर्जनौं साहित्यिक पत्रिका र विविध विषयक दैनिक, साप्ताहिक र मासिक अरू कति पत्र-पत्रिकाहरू छन्, जहाँ शङ्कर कोइरालाका कथाहरू प्रकाशित भएका होलान्, यी सबैको खोज सङ्कलन गरेर पछिपछि पनि यस्तै अरू विशेषाङ्कहरू प्रकाशित गर्दै जाने हाम्रो लक्ष्य छ र संभव भएमा किताबी रूपमा पनि पाठकसमक्ष ल्याउने हाम्रो प्रयास रहने छ ।

◈ शङ्कर कोइराला आख्यान विधाका महारथी नै हुन् भन्न हामीले सङ्कोच मान्नु पर्दैन । उहाँको साहित्यिक यात्रा कविताबाट शुरू भए पनि पूर्णजीवन भने आख्यान विधामा केन्द्रित रह्यो । फलस्वरूप लेख्न थालेको पचास वर्षको अवधिमा कथा, उपन्यास र नाटक गरी पचासैओटा कृति प्रकाशित हुन पुगे । भ्रष्टाचार, शोषण, दमन र उत्पीडनजस्ता सामाजिक कुरीति/कुसंस्कारमाथि आफ्नो ध्यान आकर्षित हुने बित्तिकै मन आन्दोलित हुन थाल्ने र घटनाको

विवरण तयार गरी नछापेसम्म मनमा शान्ति नहुने शङ्कर कोइरालाको ध्यान अन्य वाह्यसंसारमा जाँदै गएन/जान चाहेन वा जाने मौका पाएन । लेख्ने र छाप्ने प्रक्रियालाई नै उहाँले आफ्नो कर्तव्य ठान्नुभयो/आत्मसन्तुष्टिको रूपमा लिनुभयो । उहाँले जे जति लेख्नुभयो -भावुकता, संवेदनशीलता र स्वाभिमानको परिधिभित्र रहेर लेख्नुभयो । गुटबन्दी र प्रचारबाजीमा लाग्नु भएन । परिणाम यही भयो कि पचासवटा कृतिका स्रष्टा शङ्कर कोइरालाको अस्तित्व नेपाली साहित्य समाजमा खोज्नुपर्ने भयो । यस्तो भएपछि हामीले सतिले दिएको श्रापमा विश्वास गर्ने कि नगर्ने ?

- तर हामीलाई विश्वास छ -सत्य आखिर सत्य नै हुन्छ । स्वाभिमानको सम्मान सधैं भई नै रहन्छ । प्रोपगण्डाको आयु लामो हुँदैन । प्रशंसा र नारा धेरै दिन टिक्न सक्दैन । देवकोटाले मुनामदनबाहेक मेरा अरू कृति जलाइदिए हुन्छ भनी पीडाबोध गरेजस्तै कोइरालाले पनि 'खैरिनीघाट' बाहेक मेरा अरू कृतिहरू सबै जलाइदिए हुन्छ भनी आफ्नो लेखनप्रति असन्तुष्टि व्यक्त गरेका छन् । तर देवकोटा मुनामदनबाहेक निबन्ध र महाकाव्यहरूमा पनि बाँचेजस्तै शङ्कर कोइराला पनि 'बन्द तगारो' 'हेलम्बु मेरो गाउँ' 'एक हुल गाउँले' 'उच्चाकाङ्क्षा' 'एक अञ्जली श्रद्धाञ्जली' 'कौसीको फर्सी' 'श्रीमती हिरोइन' 'कलेज गर्ल' र 'तरूनी छोरी' 'आँशुको खहरे' 'एउटा पुरानो घर'जस्ता थुप्रै उपन्यास र कथासङ्ग्रह एवं नाटक आदि धेरै अमर कृतिहरूले पनि चिनिने छन् र कालान्तार सम्म बाँचिरहने छन् ।

- अन्तमा, शङ्कर कोइरालाका विभिन्न पत्रपत्रिकामा छरिएर रहेका कथाहरूलाई समेटेर एकत्रित गर्ने क्रममा साहित्यकार एवं अनुसन्धाता श्री शिव रेग्मीबाट भएको सहयोगप्रति हामी आभारी छौं । साथै देश र देशवासीको हितका नाममा राजनीति गर्नेहरूका लागि 'मनसा,वाचा,कर्मणा' प्रस्तुत हुन विजयादशमी तथा शुभ दिपावलीको यस शुभ घडीमा भगवती दुर्गा र लक्ष्मीले सद्बुद्धि प्रदान गरून्, यही शुभकामना ।

दायित्व

(साहित्यिक मासिक)

कथाक्रम	पेज नं.	कथाक्रम	पेज नं.
१. बूढो	१	१५. बास	३८
२. उल्टो मान्छे	५	१६. जुद्धनाथ	४१
३. छोरो बढ्ला कमाई गर्ला	८	१७. चिलाउने रोग	४८
४. म गूर्तिचोर होइन हजूर !	१४	१८. बौलाहा	५१
५. सोच	१६	१९. काम गर्ने जीउ	५४
६. अनुसा	१८	२०. अँधेरी रातः निर्जन गोरेटो	५६
७. कान्ति	२०	२१. उनको व्यक्तित्व	५९
८. एउटा बहाना	२२	२२. मेरो अन्तिम इच्छा	६१
९. सरूवा बढुवा	२४	२३. गाण्टू	६२
१०. शान्तिको अन्तस्तल	२७	२४. निद्रालु	६६
११. रातमा चोर	३०	२५. मृत्युको सपना	६८
१२. नयाँ बुहारी	३३	२६. लाममा उभिने प्रयास गर्दा	७१
१३. उस्तै साथी	३४	२७. जसको जवाफ छैन	७२
१४. झगडाको रूप	३६		

बूढो

"काली ! आइज न, बत्ती बाल्, माइलो अझ आएन ?"

कमेरोजस्तो सेतो दाढी, हल्लिरहेको टाउको, घुसेको ओठ, चाउरी परेको अनुहार -मूढो झैं ढोकामा बसेर खोक्तै दोहोऱ्याइ रहेको थियो। बारबार खोक्ता-खोक्ता फेक्सोको खुम्चिन्, फुल्नुबाट मूइँसम्म झुक्न पुग्दथ्यो। चिसो बतास बूढाको पातलो ओढने छेडेर मुटुसम्म घुस्तथ्यो। रूखबाट पातहरू खस्तै आँगनमा छरिन्थे।

सानी ठिटी भित्रबाट कराउँदै निस्की-'कति कराइरहेको होला। कतै गयो कि धेरै थर्काउने। मट्तेल छैन भन्दै छु।"

बूढाले खोक्तै भन्यो- 'पख् न पख् नरिसान। भित्रसम्म लगिदे।'

'त्यत्ति जान पनि नसक्ने। ल आउनु। हवाभित्र दाजुलाई के भै रे' छ। 'कराइ रहनु हुन्छ।'

'हँ ? जरो आयो ?' दुइटै लर्बरिदै भित्र पसे। अँध्यारोमा छाम्दैछाम्दै बूढो खाटमा पुग्यो। भित्र छट्पटिदैं कराइरहेको आवाज आइरहेको थियो। बूढोले छाम्दै सोध्यो -'ए माइलो ! जरो आयो? सुनिस् ? तेरो बूढो बाबू म। पानी खान्छस्।'

माइलोले बाबुको हातमा तातो फलामजस्तो हात राखिदियो। उसको सुकेको मुखबाट सानो स्वर निस्क्यो-'उफ् ! गर्मी भयो।'

'हिजो पानी पर्दापर्दै पनि काम गर्न गइस्, न गा' भे पनि त हुन्थ्यो। 'आज पनि गइस्' बूढोले माइलोको हात समात्तै भन्यो-'रूघाको जरो होला, दुई तीन दिन रहन्छ, अनि निको पनि हुन्छ।'

माइलोको आँखा लाग्न-लाग्न थालेको थियो। बोल्यो, 'ज्यालालाई पर्खंदा-पर्खंदा ....।' कोल्टे पर्दै थाकेको स्वरमा भन्यो।

'किन ?'

'पैसा पुगेन रे।'

'ज्याला दिन पनि .....। भैगो, भोलि बिहानै कालीलाई पठाउनु पर्ला।' माइलोले मलीन र करुण स्वरमा फेरि बोल्यो 'साहु दाम दे भन्थे,....।'

'तैंले के भनिस् ?'

'के भन्नु ? ऐले छैन हजूर भने।

सुन्दै सुनेनन्-अँ, सधैं छैन, दुईवर्ष भैसक्यो अब नदिने ..... भन्दै ठूलाठूला आँखा पार्दथे।'

बूढोले लामो सास फेरेर भन्न लाग्यो- 'तिमीहरूकै लैलैमा लागेर तिर्न सकिएला तानि भनेर अगि बुहारी सम्झेर घरबारी लेखियो, न पैसा न बुहारी। खाली पैसा स्वाहा भो। त्यै बारी थियो, जान लाग्यो। जावोस्, अब के गर्नु ? त्यै एउटा अधिया खेत छ।' एकछिन अड्यो। उसको खुम्चिएको मुख झन् खुम्चँदै गयो -'आज तैंसमेत बिरामी भै दिएर। काम गर्थिस्। खुवाउँथिस् के लाग्यो ? हिजो उब्रेको अलिकति पिठो थियो-बिहान पकायौं। ऐले त केही पनि छैन। तँलाई हेरेर .....।'

बूढो लड्न-बड्न लाग्यो, कपडाले आँखा मिच्दै बोल्यो -'काली ! आगो ल्याइस् ?' त्यो धमिलो आगोको उज्यालोमा फाटेका पुराना मैला ओछ्यानमाथि सुतिरहेको माइलो पनि अलि अलि देखिन्थ्यो।

कालीले आगो अगेनामा फाली दिई र आएर खाटमा बाबुको पिठ्युँमा अडेस लागेर पल्टी। फेरि माइलोको सिह्राननिर बसेर दाज्यूको निधारमा हातले सम्सुम्याउन थाली। बूढो पनि आफ्नो दुःखी हालतमा विचार गरिरहेको थियो। केही छिनपछि घुर्न पनि थाल्यो। कालीलाई पनि निन्द्राले छोप्न लाग्यो र हाइ-हाइ गर्दै उठेर ढोका थुन्न गई।

दुई तीन वर्षदेखि नै बूढो काम गर्न सक्तैनथ्यो। त्यो बेला अझ माइलोलाई सानोनै भन्नु पर्दथ्यो। त्यहाँदेखि उसलाई काम गर्न करै लाग्यो। गाउँमा मुखिया बाजे कहाँ उ बनि गर्दथ्यो। एक न एक

काम परि नै रहन्थ्यो। दिउँसैभरि काम गरेर थकित–व्यथित भएर पाएको ज्याला लिएर घर फर्कन्थ्यो र त्यसैबाट खाने बन्दोबस्त गर्नु पर्दथ्यो ।

तीन चार दिन बितिसक्यो, माइलोलाई ज्वर ले छोडेन । आज त झन् आधारातदेखि ज्वर बढ्न लाग्यो। निदाएन। ओर्कदै–फर्कदैमा रात बित्लाजस्तो भयो । बूढो पनि बीचबीचमा बिउँझदै माइलोको नाडी हेर्दै निदाउँथ्यो । अहिले बिहान हुन करिब २ घण्टा बाँकी हुँदो हो, पूर्वतिर उज्यालोको रेखा खिचिएको थियो ।

फेरि यसैबेला बूढो उठेर माइलोको जीउ छाम्न लाग्यो। ज्यादै तातो थियो। ओढ्ने फालिदिन्थ्यो। बूढोले औषधि ख्वाउने विचार गऱ्यो, तर रोग चिन्हेपछि मात्र ख्वाउने ठहरायो । किनभने बूढो पुरानो समझको थियो औ भूतप्रेतको विश्वासी थियो।

ओछ्यानैनिरको सानु भ्याल अलिकति खोलेर हेर्न लाग्यो । यसैबेला बूढोलाई खूब खोकी लाग्यो। नगीचै काली सुतेकी थिई। त्यसै त त्यसको हलुका निद्रा-त्यसमा यस्तो खोकीले किन न खुलोस्! छोपेको मुख उघारी र बाबुतिर हेरी । बाबु त्यसरी निहुरेर खोकी रहेको देखेर आँखा भिच्दै उठी । खोलिएको भ्यालबाट बाहिरको कालो बेला एक टक लगाएर हेर्न थाली ।

'बाबु किन उठे !' हिजो–अस्ति उल्ले बाबुलाई यसरी उठेको देख्तिनथी । उ अचम्म परिरही । विचार गर्न खोज्दथी-तर विचार .....? बूढा बाबुको अचम्म चाला देखेर अरू विचारमा उसको मगजै घुमेन ।

बूढोले खोक्न छोडेको थियो । भित्रतिर माइलोलाई हेरेको र कालीलाई उठेको थाहा पायो। र भन्यो-'किन उठिस् ?'

'बा किन उठेको ?' हाहु गर्दै कालीले सोधी।

'किन हो, नि ?' उ यत्तिकैमा अड्यो। कालीले हेरिरहेकी थिई-बूढोले हात लम्काएर माइलोको नाडी हेऱ्यो, नाडी जोडसँग उफ्रिरहेको थियो । लामो सास फेऱ्यो र गुनगुनाउन लाग्यो बूढो -

'के गर्नु ? यल्लाई के भा' को हो यो ? यस्तो चलिरहेछ ? सास यसरी फेर्छ ? निधारमा पसिना आ'को छ ? यस्तो छट्पटाउँछ ? अब के होला ? हिजो अलि कम थियो । फेरि ऐलेदेखि बढ्यो ।'

काली बाबुको निराश शब्द सुनेर केही डराई र त्यसैमा बाबुसँग के होला ? विचार गर्थी। त्यसपछि बूढो सुत्तै सुतेन । पल्टिएन पनि । काली पल्टी, तर निद्रा आएन । भ्याल बन्द गरेर बूढो केके विचार गर्न लाग्यो । कालीलाई भन्यो -'काली । बिहान जैसीलाई बोलाउन जा है ? हेर, यस्तो छ, तेरो दाजुलाई ? जैसीलाई नदेखाई भएन । उनले जे भन्छन् अनि गरूँला ।'

काली सुनेर चुप लागी, तर एक छिनपछि भनी -'होस् कि नहोस् । त्यसै डाक्यो ।'

'हो, भूत लागेको हो भन्छ । कलेजै खा'को जस्तो हुन्छ रे ।'

'पैसा छ ?'

'किन ?' बूढो बोलेन ।

यसपछि काली उठी र पँधेरातिर लागी । छानाको प्वालबाट छिरेको उज्यालो छरिएर त्यो अँध्यारो ठाउँ पनि केही उज्यालो भयो । चराहरूका सुरिलो गानाले माइलोको तन्द्रा पनि टुट्यो ।

बूढोले फेरि छाम्यो । ज्वर उत्तिकै थियो । दुःखको गह्रौं मनले बूढो ढल्यो । यसैबखत ढोकामा कसैले हान्यो। बूढो त्यही आवेशमा करायो-'को हो ?' भ्यालबाट हेऱ्यो । साहु ढोकामा उभिएको थियो ।

'ए अब पनि ?' साहुले बूढालाई भ्यालमा देख्यो ।

'हजुर ! के गर्नु ? हजुर !' बूढोले करुण र काँपेको स्वरमा करायो ।

'कति सहनु ? अब तैले घर छोड्दे, यहाँ हाम्रो भान्छे आउँछ । तैंले नतिर्ने भइस् । .....अलिक दिनमा तिरिनस् भने... ।'

बूढो भित्रपट्टि फर्केर फलाक्न लाग्यो 'अब दाम ! त्यसैको निम्ति आफ्नो छोरालाई यस्तो भो । आफ्नो हालत यस्तो भो । जीउ सुकाई–सुकाई तिर्खा मेटाउनु तिम्रो ! तिम्रो तिर्खा नमेटिने ? जा, जाँसुकै जा नालिस गर । जत्ति भए पनि... ।' पछाडिबाट कालीले आएर घच्घच्याई- 'कोसँग बोलेको ? साहु त गै सके ।'

'पँधेरो गइनस् ?'

'पानी ल्याइसकें उ के गाग्रो ।'

'खै ? खै ? कहाँ ?' तर गाग्रो अगाडि नै थियो ! त्यसबाट छचल्किएको पानीमा उसको दुःख र वेदना थियो औं आफ्नो जीवनसमेत त्यसमा भिजेको थियो । त्यो ओच्छ्यान मैं लड्यो । निकैबेर भएपछि उठ्यो र बस्यो औं आफ्नो टाउको थिच्न लाग्यो, बोलायो -'ए काली ! अंखोरामा पानी ले'र आ । तिर्खा लाग्यो ।'

X X X

मुखिया बाजेको नोकर गइसकेको थियो । माइलोले सोध्यो- 'को रे'छ ? को ?'

'तेरोबारेमा मालिकले सोध्न पठाएको ।' माइलोले एक दुई पल्ट आँखा उघार्दै चिम्ल्यो ।

मुखिया बाजे गाउँमा एक धनी मानिन्थे । उनको खेत प्रशस्त थियो । तीमध्ये उनले कुनै कुनै खेत अँधिया पनि लाइदिएका थिए । गरीब पाएर खुशी थिए र जय पनि मनाउँथें । गाउँले विशेष आदरको दृष्टिले हेर्दथे । तर उनको मिजास कस्तो थियो ! आज मुखिया बाजेले बूढालाई डाकेका थिए । बूढो पर आँगनका कुनामा टुक्रुक्क बसेर हेरिरहेको थियो । मुखिया बाजे आँगनमा आए । बूढोले दर्शन गऱ्यो ।

'ए बाली किन ल्याइनस् ? मुखिया बाजेले बूढोलाई देख्नेबित्तिकै सोधे । बूढोको वेदनाको हाँसोमा भन्यो-"खै, हजुर बेलाले दिएन । पानी परेन । सब सुकेर गयो ।"

'के गर्छस् ? बाली नबुझाई हुँदैन । जे गरेर भए पनि बुझा ।'

कहाँबाट ल्याउँ हजुर ! मलाई कल्ले पत्याउछ ? सात-आठ पाथी धान थियो । खाई सिध्यायौं । बुझाउँथें हजुर !'

तँ आजकाल बदमास हुँदै गइछस् । बालीलाई गरीब भनेर कसैले छोड्दैन । बुझिस् ?'

एक छिनसम्म सन्नाटा रह्यो । यसैबीचमा तमाखु ल्याइपुऱ्यायो, एउटाले । समातेर, सानो पर्खालमा चढेर मुखिया धुवाँ तान्न लागे । सन्नाटा भङ्ग गर्दै मुखिया बाजेले सोधे-'ए, तेरो छोरो निको भएन ? कति दिन भैसक्यो । आउँदैन नी' ?

'हजुर ! बिरामी भएर लडिरहेछ ।'

'अब त निको होला कि ?'

मुखिया बाजेको अहिलेको बोलीमा दया झैं लागेर बूढोले झट्ट भन्यो-'अलिअलि छ । अब एक दुई दिनमा सक्ला कि ?' बूढोले उठ्न बल गर्दै भन्यो ।

'भोलि सक्छ भने बिहान बिहान पठाइदे है ? बँसीमा धान त्यसै छ ल्याउने मान्छे नै छैनन् ।'

'सक्छ भने पठाइदिउँला हजुर !'

'ल जा त अहिले ।'

बूढोको हृदय अहिले भने केही हलुका भयो । सुख र दुःखको मिसावटमा उठ्यो र कालीको काँधमा हात राखेर उसकै भरमा आफ्नो घरतिर लाग्यो । घरमा आइपुगेर सरासर माइलोनिर गयो । माइलो ओछ्यानमै थियो ।

'माहिला ! हेर, बाली बुझाउन करै लाग्यो ।' बूढाले त्यही खाटमा बसेर भन्यो । माइलोको मुखबाट झिनु बोली निकल्यो-'के गर्नु त ?'

'माफ गरिदिएन..... ।' एकछिन अडेर भन्यो- 'अब कसरी खुशी गराउनु ? भोलि जान सक्छस् !'

'सक्छु कि !' उस्तै स्वरमा बिरामीले भाव प्रकट गऱ्यो-

'अहिले त कमजस्तो छ ।'

'सक्तैनस् ! भो'

'सानु कुरामा पनि हामी त्यसै नीच माछौं । अनि कल्ले दया गर्छ कसरी पेट भरिन्छ !'

'झन् सानै कुरामा ज्यानको माया मार्ने ! फेरि अचानक यस्तो ठण्डीमा बिहानै, जरो उल्टियो भने !'

'मान्छे नभएको बेला ....!' एक छिन विचार गरेर भन्यो-'बर्को ओढुँला । सर्दीको डरै हुँदैन ।'

'नजा भनेको मान् ।'

'लौ त' ओछ्यानमा लड्दै भन्यो- 'एकचोटी घरसम्म त ..... ।'

'हेर काली ! तेरो दाजु कस्तो उल्लु छ ।'

'म काम गर्दिनँ । मलाई यस्तो देखेर लाउँदै लाउनु हुन्न ।'

'नसुना । भो ले ।' बूढोले माइलोको नाडी तानेर हेऱ्यो । तर ज्वरको मात्रा उत्तिकै थियो ।

X X X

निकै रात गइसकेको थियो । जून हाँसिरहेका

थिए अहिलेसम्म माइलो घर फर्केन । बूढो सङ्घारमा बसेर जुनेली ज्योतिमा माइलोलाई पर्खिरहेको थियो ! काली भित्र ओछ्यानमा पल्टिएर आँखा चिम्लिरहेकी थिई ।

'ए काली ! माइलो अझै आएन ।'

'आउनु होला, कहाँ जानु भो होला र ?'

तर एक दुई गरेर तीन चार घण्टा बितिसक्यो । बूढो आकुल हुन लाग्यो । अब उसको धैर्य टुट्न थाल्यो । अनेक आशङ्काले उनलाई घेर्न थाल्यो । बूढो लट्ठी टेक्दै उठ्यो र कालीलाई बोलायो । काली बाहिर आई ।

'जौ, अब माइलोलाई खोज्न । .... भन्दाभन्दै नमानेर ।'

काली अगाडि बढी । बूढोले उसको काँधमा हात राख्यो काली हिँडी । उनीहरू तरह-तरहका शङ्का उपशङ्कामा पाइलो बढाउदै गाउँतिर लागे । काली पनि दाजुलाई सम्झँदै अनेक तर्कना गर्थी । चाँडोभन्दा चाँडो हिँड्न थाली बूढो बाबु पनि उसको गतिमा आफ्नो निर्बलियो गोडाको भरमा गइरहेको थियो ।

कालीले सुनी परबाट कसैको आवाज आइरहेको थियो उ बोलाउँथ्यो- 'ए को हो यो ? यस्तो रातमा पनि बाटोमा तेसिंएर सुती रहन्छ ? उठ, घर जा ।'

बूढोले पनि सुन्यो । कोही मान्छे मजासँग ओढ्ने ओढेर बाटोमा तेसिंएर सुति रहेको थियो । अर्कोचाहिँ सुत्नेलाई बोलाउँथ्यो, झन् कराई कराई- 'कस्तो रहेछ यो ? मलाई बाटो दे ।'

अहिले ती दुवै डराए ।

'कस्तरी सुतेको ?'

काली र बूढो केही पर थिए ।

'ख्वै ?' उसले ओढ्ने झिकेको कालीले देखी ।

'ए, मा..इ..ला पो !'

ती दुवै दौड्दै आए । माइलोको आँखा आकाशमा थियो, शरीर बसुन्धरामा, नजाने उ कहाँ थियो ।

दायित्व, वर्ष १२ पूर्णाङ्क ३१

(साभार-शारदा, वर्ष १३ अङ्क ३ मा प्रकाशित लेखकको पहिलो कथा)

नेपाल सहकारी वित्तीय संस्था लि.

(श्री ५ को सरकार र ने.रा. बैंकबाट स्वीकृति प्राप्त)

बैकिङ कार्यालयहरू

महांकालस्थान (न्यूरोड) साझा बिल्डिङ र नयाँबानेश्वर (नाङ्लो वेकरी अगाडी)

छिटो छरितो उच्चस्तरीय बैंकिङ्ग सेवा तथा श्री ५ को सरकारद्वारा निष्कासन हुने ऋणपत्रहरूको खरीद बिक्री समेतको लागि सदैव सम्झनुहोस् ।

१ वर्षे मुद्दती ९ %	२ वर्षे मुद्दती १० %
३ वर्षे मुद्दती ११ %	४ वर्षे मुद्दती १२ %

बैंकिङ्ग क्षेत्रमा ९ वर्षदेखि समर्पित

बचत खातामा रू.५लाखसम्म दैनिक झिक्न पाउने सुविधा । राष्ट्रिय बचत पत्रहरूको खरीद बिक्री सेवा उपलब्ध ।

नवदुर्गा भवानीले सबैको रक्षा गरुन् ।

लक्ष्मीले सबै नेपालीको घरमा बास गरुन् ।

साथै

संविधान दिवसको उपलक्ष्यमा सबैलाई शुभ कामना ।

कृषि विकास बैंक

फोन ४२५२३५९, ४२५२३६०

फ्याक्स ४२६२६१६/४२६२९२९

E-mail: agrbnk@infoclub.com.np

URL : www.adbn.org.np

उल्टो मान्छे

तपाईंले धेरै दिनदेखि देख्नै चिन्दैआउनुभएको म उही 'उल्टो मान्छे' हुँ । मेरो बानी बेहोरा स्वभाव कुराकानी सबै उल्टा हुन्छन् भन्ने प्रमाण तपाईंलाई मात्र होइन मलाई चिनीजानी आएका सबै इष्टमित्र नाता कुटुम्ब तथा शिक्षित विद्वानहरूलाई परेको थन्छन् ।

म उल्टो किन भएँ ? मलाई बुझ्न नसक्ने जिज्ञासुहरू सोध्न सक्छन् । तर हम्मेसी कसैले ठाडै सोधेका छैनन् मलाई । म कुरा गरिरहेछु आग्राको तपाई सञ्झिरहनु भएको छ गाग्राको -यही कुरो नै उल्टो भइसकेको छ । म कसरी सम्झाउँ-उल्टोको अर्थ तपाईंले के बुझ्नु भएको छ । मैले त सम्झेको छु उल्टो भन्नाले खुट्टाले नटेकी टाउकोले टेकी हिँड्ने पनि म होइन । मुख भई-भई नाकले पानी खाने पनि होइन म । हात भई-भई कुरैले सब काम पटाउने, सात समुद्र पारको कुरो देख्ने व्यक्ति पनि म होइन । म त आफ्नै खुट्टाले हिँड्ने हातले खाने व्यक्ति हुँ ।

आजको युगमा सच्चा हुनु नै उल्टो हुनु हो भन्ने मलाई लाग्छ नत्र भमाथि किन यो लाञ्छना ? तपाईंकै कुरा गरूँ -तपाई कसरी बसी-बसी पचाइर हनु भइरहेछ -भुँडीमा नअट्ने गरी खाँदा गर्दन साँढेको जूरो बनाएर उग्राउँदै मजस्ता निरीह एक मानो पनि खान नसक्ने अदना व्यक्तिलाई ड्वाँ गर्दै सिङ तिखार्न तयार हुनुहुन्छ । म त तपाईंकै स्तुति गर्ने व्यक्तिलाई उल्टो मान्छे देख्नु भो । म त चाकरीको जमाना देखेको मान्छे चाकरीको गुनले सुन फलाउनेहरूलाई देखेको छु । यस्तो स्तुति चाकरी गर्ने उल्टो म कसरी भएँ ?

म त नमस्ते गर्ने हात जोड्नेहरू पनि सबै त्यही स्तुति र चाकरी गर्नेहरू हुन् भन्ने पो विश्वास गर्छु । उहिले जति स्वार्थमा यो स्तुतिवाद आधारित थियो अहिले निस्वार्थतामा आधारित हुँदैछ ।

हेर्नुस् न कति जनालाई नमस्ते गरियो नमस्कार हजूर भनियो हार्दिक रूपले गुनगान गरियो । हजूरजस्तो शब्द ठूलाबडा बुद्धिमान धनीमान यहाँसम्म कि करूणानिधान दयासागर प्रभुजस्ता स्तुतिवाक्यको आज ठूलो प्रयोजन भएको पो देख्दछु । यस्तो निःस्वार्थ सेवामा लाग्दा वल्लोघाट न पल्लो तीर भन्ने उखान आफुमाथि लागु भइरहेको पाइरहेछु । यसैले उल्टो सोच्दछु नहुने कुरो गर्छु हुने कुरो गर्दिनँ । गर्न जाने पो !

म मान्छे उल्टो मात्रै होइन अस्वाभाविक पनि छु । मेरो वयका मानिस कति धर्मकर्म गर्छन् । कति देव-मन्दिर धाउँछन् -केही फलिफाप होला कि भगवान्ले दृष्टि दिइहाल्नुहुन्छ कि भनी कति मानिसको भित्री इच्छा होला । भगवान्ले सपनामा दर्शन दिनु भएकोमा कुरो पनि यदाकदा मानिसहरू भन्छन् । तर म यतातिर नलागी मानिस नै भगवान् देख्ने कस्तो उल्टो मानिस ? जताततै देवताको मन्दिरभन्दा सफा सुग्घर सुन्दर सजिसजाउ बिल्डिङमा विराजमान भएका मानिसलाई नै भगवान्को अवतार देख्नु स्वाभाविक कुरो मान्नु हुन्न तपाई ? यस्तो भन्दा मलाई अवश्य मगजको तन्तु खुस्केको व्यक्ति भन्नुहुन्छ तपाई ? तपाईंले मलाई मान्छेमात्रै होइन मगज खुस्केको मान्छे पनि भन्नु पर्छ किनभने यसो भन्नु भएन भने तपाईंलाई नै मगज खुस्केको बात लाग्न सक्छ ।

मेरो भनाइ तपाईंले बुझिसक्नु भएको छैन होला- म त तपाईंलाई अन्तर्यामी पो देखिरहेको छु, सर्वान्तयामी भगवान् तपाईको । इच्छा हुनासाथ को हाजिर हुँदैन ? दुर्लभ चीजबीजहरू आउँदैनन् कि ? कुवेरसमेत धनको थैलो बोकी हाजिर हुन्छन् । मैले त कुवेरलाई पनि तपाईको समक्ष लुत्रे कान लाएको देखेको छु दाँत ङिच्याएर हात जोडी उभिएको देखेको छु भने तपाईको त्यो शक्ति भगवान्को भन्दा

कम छ र ?

तपाई सुल्टो म उल्टो । म उल्टो तपाई सुल्टो कुरो जताबाट बोले पनि अर्थ एउटै हो । म भने तपाईलाई उल्टो भन्ने सामर्थ्यै राख्न सक्तिनँ । सोच्न पनि सक्तिनँ किनभने भगवान् त मेरो मनको कुरा बुझ्दछन् जबकि भगवान्को ओहोदा तपाईंले सम्हाल्नु भएको छ । तपाईंकै हातमा मेरो ज्यूधन सर्वस्व छ । नरक र स्वर्ग तपाईंकै सृष्टि हो । म स्वर्गीय आनन्द पाउँछु । जब म तपाईंको बिल्डिङमा पुग्दछु ढोकैमा लामा राता जिब्रो निकालेर धर्मराजरूपी कुकुरले मलाई स्वागत गर्छन् । म त कुकुरको टोकाइलाई पनि "स्वागतम्" को पुरस्कार प्राप्त गरेको सम्झन्छु किनभने यसले मलाई तपाई समक्ष पुग्ने औसर प्राप्त हुन्छ ।

को हँ ? - भन्दै ऐनावाल भ्यालबाट दृष्टि दिनुहुन्छ तपाईंले ।

"ए ! के भन्न आयौ ?- हजूरको कृपापूर्ण दृष्टि मेरो पाउमा भन्दा मेरो मार्मिक पीडाले भरिएको जीवनप्रति रहेको म देख्छु ।

"हजूर ! हजूरको दर्शन गर्न हाजिर भएको ।" म हात जोड्छु ।

"तिमीलाई कुकुरले टोक्यो ?" तपाई सोध्नु हुन्छ ।

"क्यै, भएको छैन हजूर । मलाई त ज्यूँदै स्वर्गमा आइपुगेजस्तो भएको छ प्रभु -"मेरो मुखबाट "प्रभु" शब्द खुस्किहाल्छ अनि बलैले करुणानिधान" भन्ने शब्दहरूलाई घाटीभित्रै फाँसी दिन्छु ।

मेरो बानी बेहोरा बोलचाल देख्ता के तपाई मलाई उल्टो व्यक्ति देख्नु हुन्न ?

म तपाईंको घरलाई स्वर्ग देख्छु कुकुरलाई धर्मराज र तपाईका वरपर बस्नेहरू यमराज-मेरो मति उल्टो नभए यस्तो सोच्दछु त ?

तपाईंकै दर्शनको लागि म कुकुरबाट टोकिन्छु । तपाईंकै समक्ष पुग्ने प्रयासमा म सडकमा दर्शकहरू बनेर भाग लिन्छु । तपाईंलाई बीचमा राखी फोटो खिचेका तस्वीर मसित छन् । तैपनि तपाईंले मलाई चिन्नु भएको छैन । तर मलाई जहिले पनि जब तपाईंले सोध्नु हुन्छ -तिमी को हौ ? म हाँसी मात्र दिन्छु ।

एक मनले त मलाई जवाफ दिन मन लाग्छ- म उल्टो मान्छे । तर म भन्न सक्तिनँ ।

जब तपाईं गरुडभन्दा द्रुततर गतिले तीन लोक चौध भूवन पुग्नु हुन्छ -तीनै लोक चौधै भूवनको यावत् तेत्तीसकोटी देवताको परिचय र ज्ञान राख्नु हुन्छ । ममात्रै उल्टो भएर परिचयबाट छुटें अथवा म देवता नभएकोले होला । यो तपाईंको "को हो तिमी ?" भन्ने प्रश्न मलाई म केवल मेरो भक्तिको परीक्षा हो भन्ने लाग्छ किनभने मेरो भक्तिमा पत्रपुष्पसम्म पनि केही छैन । हात जोडाइले मात्र भक्ति कसरी हुन्छ र ?

तपाईंले मलाई नचिन्ने त कुरै छैन जब कि म सर्वत्र तपाईंलाई देख्तछु ।

मेरो भक्ति अधुरो छ । यसैले मैले दुवै यज्ञयागादि गर्न सकेको छैन । न तपाई मजस्ता व्यक्तिको विवाह पार्टीमा सम्मिलित हुन सक्नु हुन्छ , न डिनर पार्टीमा । म यस्तो समारोह गर्ने समर्थवान् पनि छैन । फेरि सच्चिदानन्द भगवानलाई आह्वान गर्ने स्तुतिगान पनि म जान्दिनँ । यसैले उल्टोको उल्टै छ जीवनभर । गरीबको गरीबै छु जीवनभर । मेरो मानसिक गरिवी र विपन्नताप्रति गुनासो गर्ने मनोवृत्ति पनि मसित छैन । म शान्तिकामी एक्लो र दुःखी पीडितप्रति तपाईको निगाह पऱ्यो भने फेरि मलाई शङ्का लाग्छ । यस्तो कुरा सुल्टो भइरहेको देखेको छु कति व्यक्तिहरू रावणझैं "धर्म पनि सुनैका छन् गल्ली जो छन् सुनैका" भन्ने भानुभक्त पनि अब छैनन् भने मैले के बखान गर्न सक्छु ? तपाई रामको औतार लिएर आउनु भएकोझैं मलाई आशा लागिरहेछ । आशा मात्रै होइन विश्वासै भइरहेछ ।

तपाई राम नभए पनि तपाईंभित्र म राम देखिरहेछु ।

म के-के प्रलाप गरिरहेछु । तपाईंले अवश्य सुन्नु भएको छ । नसुने पनि सुनाउने मुनिजनहरू तपाईंको स्वर्गीय महलमा छन् जो दिव्य चक्षुले देख्छन् ।

म त उल्टो मान्छे साँचो कुरो गर्दा उल्टो हुन्छ । उल्टो कुरो गर्दा साँचो हुन्छ । मेरो प्रलापमा

कुन सुल्टो कुन उल्टो -यसको छ्यानव्यान गर्न सेन्सर बोर्डरूपी हंसले पानी र दुध छान्नेहरू पनि देखिन्छन् ।

यी सब कुरो सुनेर बुझेर मनन गर्दै बस्ने तपाईजस्तै स्वर्गीय सुखविलासको उपभोग गर्नेहरू कति छन् र ? तीमध्ये आफू एउटा हुन सक्ने आशामा पनि अब आफ्नै मन बाघ भइरहेको अनुभव गर्छु। वनको बाघले खाओस् नखाओस् मनको बाघले गर्जेको सुन्छु । म समाजदेखि भाग्ने उल्टो मान्छे ।

मैले आफूलाई 'उल्टो मान्छे' भन्दा तपाईलाई शङ्का पनि लाग्दो हो -'अपोजिट सेक्स' त होइन ? अर्थात् म स्त्री त होइन ?

मलाई स्त्री भने पनि के फरक भो र ? म 'अपोजिट' कुरा गर्नेलाई स्त्रीवर्गले पनि उल्टो नै देख्छन् भने म उल्टोको उल्टै भइनँ र ?

म तपाईजस्तो जुँगे र दाह्रीवाल पनि छैन । यसैले स्त्री भनेमा पनि अनुचित छैन किनभने मभित्र पुंसत्व नै छैन । पुंसत्व हुँदो हो त तपाईको स्तुति चाकरी अर्को शब्दमा 'नमस्ते र नमस्कार' किन गर्थें ? उहिल्यै बगावत गरिसक्थें । समाजको बाटो देखाउने तपाईजस्तो व्यक्ति भइसक्थें र अहिले स्वार्गीय महलमा विराजमान हुने थिएँ । तपाईंसित हात जोड्नुसट्टा हात मिलाउँथे । तीन लोक, चौध भूवन घुमीघुमी सुखविलासका बेफुर्सदी जीवन बिताउने थिएँ नि ।

बगावतको शब्दैदेखि अब त नफरत लाग्छ । केको बगावत ? उल्टो बगावत कि सुल्टो बगावत ? म त अब बगावत, विद्रोह, क्रान्ति, आन्दोलनजस्ता शब्दहरू त चामल, नुनतेल, तरकारी, घर, डेरा, जागिर पो देख्न थाल्दछु कस्तो उल्टो बुद्धि ? उल्टो मान्छेको सुल्टो बुद्धि कहिले हुन्थ्यो ?

म उल्टो हुँदाहुँदा यतिसम्म भइसकेको छु कि पूर्वलाई पश्चिम देख्न थालिसकेको छु । पूर्व हिँडेको मान्छे पश्चिम जाने टिकट काट्ता पो अरूले सम्झाइदिने गर्छन् -"तिमी कता जान लागेको दाइ ?"

म युरोपका बिलायत फ्रान्स पनि पश्चिमका देश हुन् भन्ने धारणा गलत बताउँदै भन्थें-" मैले त यहीं लन्डन र पेरिस देखेको छु । मेरो लागि काठमाडौं नै बिलायत । पेरिस हाम्रो पोखरा ।

'तपाईं पोखरा जानुहुन्छ ?'

'म त काठमाडौं'

'ए' तपाईं अहिले कहाँ हुनुहुन्छ त ?' भन्दा म झसङ्ग हुन थाल्छु । काठमाडौं त यही हुनुपर्छ भनेर म सतर्क हुन्छु र भन्छु ' मलाई कहीं जानु छैन । मलाई यहीं बिलायतको लन्डन र जापानको टोकियो देख्नु छ - मैले भानुभक्तले देखेको सपना पूरा गर्नु छ ।

भानुभक्त ? को भानुभक्त ? - त्यो तिम्रो घरको मालिक हो कि ? नत्र डेराबाट तिमीलाई किन निकाल्थ्यो र ?" -उ भन्छ ।

भो, अब देशमा विभूतिको नाम पनि नलिऊ ? उल्लु बन्नुपर्छ । उल्टो मान्छेको कुरै यस्तो हुन्छ । मेरो कुरो खाने यहाँ कोही छैन तपाईंको जस्तो । तपाईंको जस्तो भाषण क्षमता भए म टुँडिखेलको मञ्चमा धोती खुस्कने गरी भाषण गर्थें नि ।

म लेख्न सक्ने खुबी भए कतिको झाक्रो झारी सक्ने थिएँ । मसित पैसाको खोलो भए कति चाँडै आफ्ना शागिर्दहरूको काँधमा चढेर देशको धुरी -गजूर छोइसक्ने थिएँ ।

यसैले मेरो विन्तिपत्रमा तपाईंको तोक लागोस् र तपाईंको सेक्रेटरीले फरवार्ड गरोस्, विन्तिपत्र कहाँ गयो के कारवाई भइरहेछ पत्ता लाउने मलाई चौरासी जुनी घुम्न परोस्, जसबाट मलाई धर्म लागेर मोक्षको सुख प्राप्त होस् । यही छ मेरो तपाईंमा बिन्तिपत्र हजूर करूणानिधान दयासागर प्रभु !

पारिजात, वर्ष ४ अङ्क ५ २०४० पूणाङ्क २०

जसको हातमा क्षमाको धनुष हुन्छ, उसको कसैले केही बिगार्न सक्दैन ।- चाणक्य नीति
एकथोपा मसीले लाखौं व्यक्तिका मनमा विचार उत्पन्न गर्न सक्छ । -वायरन

छोरो बढ्ला कमाइ गर्ला

पण्डित बाजे उठ्नु भएपछि घरमा, जहान-छोराहरूले सुतिरहुँला भन्नु पर्दैन। वहाँले बोलाउन पनि थाल्नुभयो "ए श्याम उठ्! हिजोको बाँकी पाठ घोक्! हिजो राती पनि त्यसै सुतिस्।" एकछिनसम्म चालचुल भएन। फेरि वहाँले अलि ठूलो स्वरमा बोलाउँदै निदाइरहेका अरू छोराहरूलाई पनि घच्घच्याउन लाग्नुभयो। केटाकेटीहरू आँखा मिच्दै आङ तान्न लागे, आङ मर्काउँदै आँखा चिम्लिदै जऱ्याक-जुरूक्क सपनामा झैं उठ्न लागे।

वहाँकी सबभन्दा सानी छोरी रमा उठी र आँखा चिम्लिदै निद्रामा गाला कन्याउन लागी।

पण्डित बाजेले भन्नु भो -"किस्ने, श्यामे, केशे अझ सुत्छौ।"

वहाँको आवाज कोठामा थर्किरह्यो।

नजीकै कान्छो छोरोलाई अँगालेर सुतिरहेकी पण्डितनी बज्यै पनि कोल्टे पर्दै चिम्लेका आँखाले झोक्किइन् -"त्यसै दुःख दिने आर्कालाई ?"

पण्डित बाजे पनि झोक्किनु भो -"त्यसै त पढ्न मन गर्दैनन्! त्यस्तै कुरा गरेपछि यिनीहरू के होलान् ? गल्लीमा पनि बिक्दैनन्।"

कृष्ण फेरी घोप्टिएर सुत्न लाग्यो। रमाको पढ्ने उमेर भएको थिएन! उ पल्टेर सुती। श्यामूले बल गरेर आँखा खोल्यो र सिरान मुनि राखेको 'अमरकोष' निकाल्यो र पल्टायो।

पण्डितनी बज्यैलाई राती बोल्न मन लाग्दैनथ्यो तर कानमा छोराले कराएको आवाज असहनीय भो -"बत्ती निभाएर सुत् श्यामू। एकछिन सुत्न पाएका छैनन् बिचराहरू। मैले भनेको सुत् ब्यारे। यिनीहरूलाई पढाएर शास्त्री गराउनु परेको छैन। आफू शास्त्री भएको के भयो, कारिन्दामा डल्लिरहेको कति वर्ष भयो! सुत् श्यामे - किस्ने किन उठेको नि ?" भन्दै उनीले कृष्णलाई आफ्नो तकियामा तानेर पल्टाइन् र अँगालिन्।

तर श्यामूले 'अमरकोष' का श्लोकहरू घोक्न छाडेन। उसलाई बाबुको बढ्ता डर थियो आमाको भन्दा।

पण्डित बाजेले मसीमा कलम चोप्नु भो। वहाँ रूद्रीको किताब सानं लाग्नुभएको थियो। हरि ताल लगाएको पहेंलो चिल्लो पन्नामा वहाँको अक्षर छापाभन्दा राम्रो हुन्थ्यो। लेखिएकै रूद्री र वेद वहाँले श्यामूलाई पढाउनु भयो। श्यामूभन्दा जेठो आर्को छोरा थियो अठाइ वर्ष पुगेको। तर त्यो छोरा टी.बी. ले मऱ्यो। उ बडो एकोहोरो थियो। टोखा अस्पतालमा सरकारको बेवास्ताले गर्दा डाक्टरले निको हुने ओखती दिएन भनेर अनशन गऱ्यो। अनशनले गर्दा रोग झन खतरनाक भयो, नत्र छ महीना अझै बाँच्ने थियो भन्थे डाक्टरहरू। अझ निको नै हुन सक्थ्यो कि भन्ने पण्डितनी बज्यैको ढिपी थियो।

पण्डित बाजे उठ्नु भो र कृष्णलाई हातमा समातेर ल्याउनु भयो। केशवलाई पनि उठाउनु भयो र दुवैलाई संगै राखेर रूद्रीको पुस्तक अघिल्तिर राखिदिनु भयो "हिजोको पाठ पढ्।"

कृष्ण र केशवको रूद्रीको पाठ एउटै ठाउँमा थियो। त्यही रूद्रीको च्यातिएको र हराएको पछिल्लो पाताका वहाँले श्लोकहरू लेख्न लाग्नुभएको थियो। तिनीहरू निद्राको सुरमा एउटा शब्दको आर्को शब्द भन्थे। श्यामू आफ्नै पाठमा चित्त लगाइरहेको थियो।

"अझ राम्ररी घोक्दैन।" वहाँले हप्काउनु भो। फेरि तिनीहरूले अलिकति ठूलो स्वरले पाठ घोक्न लागे।

पण्डितनी बज्यै भुसुक्क भएकी थिइन्। छोराहरूको पक्षमा बोल्ने अब कोही थिएन।

तर एकछिनपछि उनीहरूको स्वर शिथिल भयो। उँघ्न पनि थाले। श्यामू आफूलाई भरसक

रोकिरहेको थियो र उसको मुखबाट टूट-फूट शब्दहरू निस्किरहेका थिए ।

वहाँले कलम उठाएर हेर्नु भो -कृष्णको काखमा केशवको मुण्टो लत्रिरहेको थियो ।

वहाँको मुखबाट हप्काउने शब्द एकाएक निस्केन ।

चारतिर सुनसान थियो । पण्डित बाजे आफूले लेखेको अक्षरलाई जाँच्न लाग्नु भो -वहाँ आफू पनि छोराहरू जस्तै उँघ्न थाल्नु भो भने ? तर -"के अड्डामा हाकिमले पनि कारिन्दालाई निदाउन दिन्छ ? कहिल्यै माया गरेर भन्छ - अहिले पर्दैन पण्डित, फुर्सदमा गरौंला ।"

वहाँको अघिल्तिर आँखामा अक्षरहरूको ठाउँमा चस्मा लगाएको मोटो अनुहार आयो । अहँ, उसको भित्र दया र मायाको ठाउँमा अश्लील गालि, अशिष्ट मिजास भरिएको छ । त्यस्तो भएर के हुन्छ , वहाँलाई उसको कुरा नमानी सुख छैन ।

वहाँको दिवास्वप्न, भङ्ग भयो । वहाँको घुँडाबाट कागतको पाता खस्यो । श्यामूले 'अमर कोष' -को 'गणिमा महिमा चैव' - घोक्न थालेको थियो ।

वहाँले कागत भूइँबाट उठाउनु भयो । श्यामूले भन्यो -"बा ! किस्ने, केशे सुते ।"

"हँ ?" वहाँको मुखबाट निस्क्यो ।

श्यामूले बाबुलाई फेरि भन्यो -"बा !"

वहाँले टाउको फर्काउनु भो ।

"किस्ने, केशे, सुते ।" उसले भन्यो । अब उ आफ्नो निद्रालाई जित्न कोशिश गर्दै थियो ।

"उठ् ! किन मलाई बोलाउँछस् ?" बाबुको स्वर उस्तै रूखो र झिज्याहट भरिएको थियो ! हाकिमले अड्डामा झैं -"यस्तो सानो कुरो पनि मलाई खोच्छौ पण्डित ?" तर वहाँको मनभित्र दुष्ट्याई छैन । वहाँले हाकिमको नक्कल गरेर छोराको हृदयमा चोट गर्नुभएको होइन । वहाँभित्र पितृ-प्रेम छ । छोराहरू प्रति माया छ । श्यामूलाई माया छ !

श्याम्, कृष्ण र केशवलाई बिस्तारै बोलाइर हेको थियो -"ए किस्ने, उठ्न केशे !"

वहाँले मसीमा दुईपल्ट कलम चोप्नुभयो ।

"अझ यिनीहरू सुतेका छैनन् ? आफू पनि किन नसुतेको होला ?" पण्डितनी बज्यै ब्यूँझिन् । अनि जुरूक्क उठेर खटियामा राखेको बत्ती हातले झ्याप्पै निभाइन् ।

पण्डित बाजेले विरोधमा केही भन्नु भएन ।

वहाँलाई अड्डामा पण्डित बाजे नै भन्दछन् । कुनै बेला र कारणले मात्र वहाँको नामको दरकार पर्दछ । अड्डाबाट घर आउन वहाँलाई एक घण्टा पुग्ने बित्तिकै पण्डितनी बज्यैको भान्छाबाटै आवाज सुन्नु भो -"केही वास्ता छैन । घर त फेरि चाइन्न भनेजस्तो छ ।"

वहाँले बुझ्न नसकेर भन्नु भो -"बिहान चामल ल्याएको हो नि ! दाल र तरकारी अहिले गएर ल्याउँला ।" बिहान हतारमा पकाएर अबेर नगरी अड्डामा पुगेको कुरा पनि पिण्डत बाजेले सम्झनु भयो ।

"ल्याएको हो, सबथोक ल्याएकै हो ।" पण्डितनी बज्यैले माथिबाटै भनिन् ।

पण्डित बाजे धमिलो उज्यालोले भरिएको कोठामा पस्नु भो र एउटा झ्याल खोल्नु भो । तर उज्यालो आएन । तेलका टाटा लागेका सत्रञ्जाका नीला सेता धर्काहरूले वहाँको निहुरेको आँखामा चित्र खडा गरे । दिनभरी अघिल्तिर लामा-लामा बेञ्च, मेचमाथि पराले चकटी ओछ्याएर नेपाली कागतमा बाँसको कलमले कोरेर बसेको काला अक्षरहरू धर्साधर्सी भएर आए । वहाँले दिनभरी केही काम गर्नु भएन, खालि कागतमा कोरिरहनु भयो ।

वहाँ कारिन्दा हुनुहुन्थ्यो, तर वहाँलाई 'क्लर्क' भन्दछन् । वहाँले धेरै वर्षको मेहनतलाई जाँच्नु भएपछि बल्ल आफ्नो मनलाई सम्झाल्ने सफलता पाउनु भयो । वहाँले विचार गर्नु भइसक्यो–इच्छा गर्नु दुःख बेसाउनु हो । अब वहाँलाई दृढ विश्वास भइसक्यो-वहाँलाई इच्छाले पनि छोडिसकेको छ र वहाँले इच्छालाई छोडिसक्नु भइसक्यो ।

अब वहाँ आफ्नो जागिरमा केवल चिप्लेकीरो भएर टाँसिरहनु भएको छ । अब बिचारी हुने बेला

गयो, खर्दार हुने बेला गइसक्यो । पण्डितबाजेले कोट किलोमा झुण्ड्याउनु भयो ।

पण्डतनी बज्यैले खुर्र भऱ्याङ ओर्लेको आवाज सुनियो ।

"के गर्नु भएको ? घरमा चामल छैन । दाउरा छैन । कसैसँग अड्डामा सापट मागेर ल्याउनु पर्छ । तलब आएपछि बुझाउँला भने दिदैनन् ?" बज्यैले भनिन् ।

"अब तलबको आश नगर ?" पण्डितबाजे ओछ्यानमा उत्तानो पर्नु भो !

"किन आश नगर्नु ? त्यसैको निम्ति-" उनले बीचैमा अडेर मुख बिगारिन् संवेदन ग्रस्त ।

"ऋण तिर्दै ठिक्क !" पण्डितजीले उस्तै निराशामा भन्नु भो । वहाँकी नाम नभएकी पत्नी अघिल्तिर आइन् ! उनको दुःखित अनुहारमा, फुस्रो नकोरेको कपालमा, गडेको आँखामा, नानीभित्र उही दारूण व्यथित भाव एकनास व्यप्त थियो ! वहाँको जीवनको सहारा पनि यस्तो दुरावस्थामा थिइन् ! उनको अनुहारमा कहिले हाँसो फुट्ला ?

"केही पनि छैन, आज भात नपकाउने ?"

"सधैं चामल छैन !" पण्डित बाजेले क्षणभर उनको आँखा भित्र गहीराइमा खोतल्नु भो । अलिकति आश्रय पाएर वहाँको मुखबाट निक्ल्यो -"आज म तेरो सुहाउँदो नाम राख्छु ! तेरो चिन्हामा नभएको नाउँ "चामल छैन !" पण्डित बाजेको मुस्कानमा त्यो जीवनी-शक्ति क्षीण भइसकेको थियो वहाँमा अब त्यो जवानी थिएन, जुन चालीस वर्षको उमेर मा हुन्थ्यो !

घरका दैनिक चीजहरू पुऱ्याउनु नै ध्येय भएका जागिरदारमध्ये पण्डित बाज्ये पनि एउटा हुनुहुन्थ्यो !

रात घेरै गएपछि पण्डित बाजे एउटा रूमाल लिएर घरबाट निस्कनु भयो ! चिनजानका मान्छेले कुरा गरे -"भान्छा गर्नु भो -यो व्यंगनै हो ! वहाँको अपमान हो । तर मुखले चाहिं उहाँले खाएको छैन 'मात्र भन्नु भो ?'

"यतिबेरसम्म ?"

"जी, अड्डाबाट अलि अबेर आएँ ।"

झूठ, सब झूठ ! बनावटी ! वहाँ पसलतिर बढ्नु भयो ।

राती जहानले च्यूरा र एउटा बाहुनले थापेको निम्न श्रेणीको पसलबाट ल्याएको खुब पीरो हालेको केही तरकारी खाए । पण्डितनी बज्यैले चारओटा छोराछोरीलाई पनि भाग लगाइन् । त्यस माथि उनीहरूले खुब पानी पिए । यही पानी थियो, जसले पेट भर्न सक्थ्यो ।

श्यामू, कृष्ण र केशव दिनदिनै पाठशालामा पढ्न जान्थे राती नपढ्ने चौडै सुत्ने र अबेर उठ्ने बानि लागेका यी छाउराहरूको केही आशा बाँकी छ । अरू केही आशा छैन । बढेर कमाइ गर्लान्, पढेर प्रोफेसर होलान् । (आजकाल त संस्कृत महाविद्यालय पनि खुलिसक्यो) भन्ने आशाले नै वहाँलाई आफू बाँचेको जस्तो लाग्थ्यो ।

छोराहरूले भने पढ्नै छोडिसके । कराएको पटक्कै सुनिदैन । वहाँले मात्र बल गरेर के हुन्छ ? छोराहरूलाई पढ्ने मन पनि हुनुपर्छ । पढ्ने मान्छे गरिबीको हालतमा पनि पढ्छन् । वहाँ पनि त्यस्तै हालतमा पढ्नु भएको हो । तर आज एउटा 'क्लर्क' ।

पण्डित बाजे सुल्लाई ओछ्यानमा पल्टिनु भयो । वहाँ एकछिन के पल्टिनु भएको थियो –छोराहरू पनि सबै ओछ्यानमा घोप्टिन लागे ।

बाजे जुरूक्क उठ्नु भो । सबै कुरा हेर्नु भो । अब बढ्ता सहन सकिदैन । श्यामू र कृष्णलाई टुपीमा समातेर तान्नु भो, गालैगालामा थप्पड दिनु भो । त्यतिले नपुगेर भूइँमा पछ्रार्दा गालाबाट रगत चुहियो कृष्णको । उसको गालामा धारीलो कचौरा गाडिन पुगेको थियो । जसमा उसले तरकारी खाएको थियो ।

"कृष्णे बद्माश, यसैले दाजूलाई पनि बिगाऱ्यो ।" वहाँको निराशा र उत्तेजनाको यही चरम अवस्था थियो ।

"कति कुट्नु हुन्छ राती पनि यी बिरूवालाई" -भन्दै पण्डितनी बज्यै कृष्णलाई च्याप्न गइन् । गालाको रगतलाई आँखाबाट आँसु पुछेजस्तो हतकेलाले पुछिदिइन् । तर रगत निस्कन छोडेन । कृष्णको आँखाबाट आँसु झरिरहयो । उसको घाँटी

सुँकसुँकी गरिरह्यो । -श्यामू हत्तपत्त 'अमरकोष" पल्टाउन लाग्यो - 'अमरकोष' मा कतै यस्तो काण्ड पनि लेखिएको थियो ?

आर्को छोरो केशव मौका पाएर अघिनै बाहिर निस्किसकेको थियो ।

× × ×

श्यामू एउटा नयाँ कोठामा आएको थियो । उसले जीवनमा पहिलेपल्ट आज यस्तो सजिसजाउ बैठक देखेको थियो । यहाँ सबै चीज उसको घरको कोठाभन्दा कति नौला थिए ! सफा चहकिलो कपडाले ठूलठूला सोफालाई ढाकेको थियो । जुन 'सोफा' शब्द उसले अंग्रेजी रोडरमा पढेको थियो । भ्याल र ढोकामा उस्तै उज्यालो कपडाको पर्दा हालेको, भित्ताको पालिश गुलाफी रङ्गमा चम्किलो थियो , जसमा भ्यालको उज्यालो छाँया परिरहेको थियो । उसलाई छोएर हेर्न मन लाग्यो- यो ऐनाको भित्ता ता होइन ? त्यसमा अनेक रङ्गी-बिरङ्गी फूलबुट्टाहरू कस्तो ऐना झैं निर्मल थिए

सिंगमर्मरका दुइटा बाटुला टेबुलहरूमाथि गिलास हो वा फूलदानीहरूमा थुप्रो थियो । दुइटै टेबुलमा फूलहरूको सासानो आर्को थुप्रो थियो । तिनलाई राखेको हो वा गिलासमा नअटाएकोले हो-उसको अड्कलले भ्याएन ।

फूल राखेको गिलासलाई उसले हेरिरह्यो । सास रोकेर हेऱ्यो 'खुब राम्रो' बाहेक उ अरूथोक के भन्न सक्छ । भित्तामा राखे ठूला ऐनाहरू - भूइँमा ओछ्याएको सूति र ऊनी कार्पेटरहरू, रातो-नीलो, हरियो पहेँलो उज्यालोको विचित्र मिश्रणले सिलिंग कति आकर्षक देखिन्थ्यो । सबैं उज्यालोले भरिएको यस्तो बैठकमा राती बत्ती बाल्नु पर्दैन क्यार ! तर उसले अनुमान गऱ्यो, सिलिंगको बीचमा नीलो हरियो र छाँया भएको एकाकी कमलको फूल बिजुलीको चिम नै हुनुपर्छ ।

श्यामूले आफू पसेको ढोकातिर हेऱ्यो । अहिलेसम्म उसले ढोका बाहिर के हुँदैछ ध्यान दिएको थिएन । रेडियोमा सुन्दर कलकण्ठले कोही गायिका संसारलाई गीत सुनाइरहेकी थिई -उसको गीत कसैले सुनिदिएन । सुनेझैं उद्दण्डतापूर्वक श्यामू भने कान नभएझैं बैठक भित्रै सोचिरहेको थियो । उसले कार्पेट माथि डसना, तकिया र चकटीहरू देख्यो, रबरका डसना, तकिया र चकटी ।

को मान्छे मूर्ख होला, त्यस्तो चहकिलो कपडाले ढाकेको सोफा र कौचमा बस्न छोडेर डसनामा लम्पसार पर्ला गरीबजस्तो ? उसले विचार गऱ्यो-ती सोफामा बस्ने मान्छेहरू कस्ता भलाद्मी होलान् ! कस्ता विद्वानहरू होलान् ! कस्ता प्रोफेसरहरू होलान् !

यो डसना र सोफा बैठकमा राख्नुको माने नै मान्छेहरूलाई पासो थापेको हो, कुन मान्छे पाखे र कुन मान्छे भलाद्मी रहेछ छुट्याउनु हो । अनि उस्तै प्रकारले कुरा गर्नको निम्ति हो । यो कुरा उसले नबुझेको हो र ?

श्यामू यस उज्यालो कोठाको चलाख मालिकलाई भेट्न आएको थियो । जसले मूर्ख र बुद्धिमान छुट्याउनलाई यस्तो राम्रो बैठकको रचना गरेको छ । उ आएको थियो यहाँ आफ्नी बिधवा आमाले पठाएर । उनले भनेकी थिइन् -"यी सेक्रेटरी हुन् । प्रधानमन्त्रीका सेक्रेटरी । यिनले तँलाई जागिर दिन सक्छन् । यिनलाई तेरो बाबुले संस्कृत पढाएका थिए । यिनको नाउँ चन्दनराज हो । यिनी हाम्रो घरमा पढ्न आउँथे । यिनले हाम्रो घर पनि देखेका छन् ।

तर श्यामूलाई थाहा थियो- यिनी पण्डित होइनन् । झुक्केर संस्कृत पढेका हुन् । यिनले त बी.ए. पास गरेका छन् । उ यस बैठकको मालिकलाई पहिलोपल्ट आज नमस्कार गर्नेछ । उसले मात्र चन्दनराजलाई धेरैपल्ट मोटर र जीपमा फूर्तिसाथ बसेको देखेको थियो, जसरी धनीका छोराहरू बस्तछन् ।

उसले आँखा उठायो- भित्ताको ऐनामा ढोकाको पर्दा हटाएर । तीनै सेक्रेटरी साहेब भित्र आइरहेका थिए । ऐनामा होइन भित्रै, जसको निम्ति उ पर्खिरहेछ । अनि उसले आफ्नो अघिल्तिर अद्भूत सूट र जुत्ता लगाएका सेक्रेटरी चन्दनराज साँच्चि र गत र मासुमा देख्यो ।

सेक्रेटरीको दाढी-जुँगा थिएन, तर केटाकेटीजस्ता पनि थिएनन् । किनभने उनको आँखीभौं र गालाका हाडहरू छिप्पिएका र भद्दा थिए । उनी छत्तीस वर्षभन्दा कम होवैनन् । मुखको मासु

कालो र बासी थियो । चाहे त्यसमा जतिसुकै उज्यालो पार्ने क्रीमहरू दल, त्यो फेरि जवान र ताजा मोहक हुँदैन ।

तर उनी कुरा गर्न बडा ताजा र मोहक थिए । उनले भित्र पस्नेबित्तिकै जे भने त्यो थियो -"यो मान्छे धेरैबेर भो यहाँ बसेको हरि ?"

उनको दाहिने हातको चोर औंला श्यामूतिर र आँखा ढोकातिर थिए । ढोकामा एउटा कमिज र सुरवाल लगाएको ठिटोले पर्दा-हटाउँदै भन्यो -"आधा घण्टा भो हजुर ।" जुन ठिटोले श्यामूलाई यहाँ ल्याएर भनेको थियो -"यहीं बस, सेक्रेटरीसाहेब सबैसँग यही बैठकमा भेट गर्नुहुन्छ ।"

सेक्रेटरीले उभिदै भने -"तपाईंको शुभनाम ?"

"श्यामू ।" उसले मेचबाट उठेर भन्यो । तर उसलाई हिचकिचाहट भयो- नमस्कार गर्ने हो वा स्वस्ति गर्ने - । उहिले राणाजीलाई स्वस्ति गर्नुपर्दथ्यो खुशी पार्न । उ पनि खुशी पार्न आइरहेछ । किन्तु उसको सजग मनले जवाफ दियो, यो प्रजातन्त्र हो । तँ श्री ५ महाराजधिराजदेखि सिंहदरबारको ढोकामा उभिने पाले सिपाहीसम्मलाई नमस्कार गर्न सक्छस् ।

उसले नमस्कार गऱ्यो ।

"भन्नुस् -के चाहनुहुन्छ ? म के सेवा गर्न सक्छु ?" सेक्रटरी साहेबले पाइला बढाउँदै भने ।

"जागिर" अनि उसले आमाले सिकाएझैं अड्की-अड्की भन्नलाग्यो -"मैले म्याट्रिक पास गरेको छु । म जे काम पनि गर्न सक्छु ।"

सेक्रेटरी सोफामा बस्न गए ।

"जे पनि गर्न सक्छुको अर्थ ?" सेक्रेटरीले कोटको खल्तीबाट सिगरेट कैस निकालेर लाइटर बाले । उनको मुखमा एउटा चुरोट थियो-"अँ, के रे ?" उनी गम्भीर भइसकेका थिए ।

श्यामूलाई झट्ट लाग्यो-जे पनि गर्न सक्छुको अर्थ बताइदिउँ -"म आत्महत्या पनि गर्न सक्छु ।..... मेरो दाजु राणासरकारको पालामा अनशन गरेर मरेको थियो । ..... अब, श्री ५ को पालामा पनि आर्को-"। तर उसले तुरून्त आमालाई सम्झ्यो-"मेरा बाबुले तपाईंलाई संस्कृत पढाउनु भएको थियो । के मलाई तपाईं जागिर दिन सक्नुहुन्न ?"

सेक्रेटरीको मुद्रामा परिवर्तन आयो -"मलाई तपाईंका पिताजीले संस्कृत पढाउनु भो ? गजब । तपाईंको पिताजीको नाम ?"

"पण्डित चन्द्रहरि पौड्याल शास्त्री ।" श्यामूले कार्पेटमा गोडाको बुढीऔला गाड्दै भन्यो-उसले आफ्नो बाबुको नाम पाठ्यपुस्तकमा जसरी लेखेको देखेको थियो । उस्तै पढ्यो -"मेरा बा कुमारी चोकमा 'क्लर्क' हुनुहुन्थ्यो ।"

"जागिर दिने काम मेरो होइन । मभन्दा माथि मन्त्रीहरू हुनुहुन्छ मन्त्रीहरूसँग भन्नोस् । महाराजधिराजकहाँ बिन्ति गर्नोस् । जानोस् ।" सेक्रेटरी साहेबले छिनछान गरेर भने ।

श्यामूले अरू केही भनेन । अरू कुरा गर्नु बेकार थियो । उसले मन्त्रीहरूको छेउ दुई तीनपल्ट निवेदन पत्र हालिसकेको थियो । के पत्ता लाग्यो ?

उ हिँडेर ढोकासम्म पुग्यो र फर्क्यो -कस्तो राम्रो कोठा !

बाहिर आएर भऱ्याङ ओर्लिन लाग्दा त्यो कमिज सुरूवाल लगाउने ठिटो किश्ती (ट्रे)मा चिया र मिठाइ लिएर मास्तिर आउन लागेको रहेछ । उसले सोध्यो प्रशन्नचित्तले -"जागिर पायौ ?"

"अहँ ।" उसले रोकिएर भन्यो ।

"चार -पाँच सय रूपियाँ ल्याऊन । जागिर पनि त्यसै पाइन्छ ?" ठिटोले उसको कानले मात्र सुन्नेगरी भन्यो ।

"चार पाँच सय ?" श्यामूले भन्यो । मनमा नअटाएर ।

"अँ आजै ल्याऊन ।" ठिटो यति भनेर माथि उक्ल्यो ।

श्यामूको उमेर पनि त्यो ठिटोजस्तै कलिलो थियो अठार-उन्नाइस वर्षको । तर ठिटो कति चतुर र वाक्पटु थियो ।

घरमा आएर श्यामूले आमालाई भन्यो खूब खुशी भएर -"आमा कस्तो राम्रो कोठा !"

घाम लागेको थियो । आमा आँगनमा बसेर नाड्लोमा मस्यौरा पार्न लागेकी थिइन् । हात हटाएर उनले हेरिन् -"सेक्रेटरीसँग भेट भो ?"

उ आमाको अघिल्तिर आयो ।

"भन् न, के के भने ? " आमाले प्रसन्न र उत्सुक भएर भनिन् ।

"जागिर दिने उनको काम होइन रे ।" श्यामूले भन्यो ।

"होइन रे ?" आमा एकदम खिन्न भइन् ।

"म माथि बैठकमै गएँ ।" उसले फेरि भन्यो ।

"तँ जागिरको कुरा गर्न कि कोठा हेर्न गएको ?" आमाले भनिन् -"मैले सिकाएको जस्तै जम्मै कुरा गरिस् ?"

"गरें ।"

बाको नाम सोधे ?

मैले भने -"पण्डित चन्द्रहरि पौड्याल शास्त्री ।" श्यामूले भन्दै गयो -"अनि उनले जागिर दिने काम मेरो होइन भने । मन्त्रीहरूको काम रे आमा ।"

आमाको उज्यालो मुखमा फेरि खिन्नता भरियो ।

"तैंले कुरा गर्न जानिनस् ।" एकछिनपछि आमाले भनिन् । अनि चोलोको फाटेको बाहुलालाई सरक्क मास्तिर तान्दै गिलो पदार्थ मुट्ठीमा लिएर नाडलोमा झुक्तै एकएकेउटा मस्यौरा पार्न लागिन् ।

"अब म मन्त्रीहरूलाई लेख्तिन आमा ।" श्यामूले उठ्तै भन्यो-"कतिओटा लेखिसकें, प्रधानमन्त्री, शिक्षामन्त्री, यातायातमन्त्री । अब लेखें भने महाराजधिराजकहाँ लेख्छु मन्त्रीहरूभन्दा माथि ।" उसले सेक्रेटरीले भनेको कुरालाई सम्झिदै भन्यो ।

"लेख, जहाँ लेखे पनि सेक्रेटरीकै हातमा जाने हो ।" आमाले निराशा र उदासीको अर्थमिश्रित मायामा भनिन् ।

"कसले भन्यो ?" श्यामूले नपत्याएर सोध्यो ।

"तेरै साथी कमलले ।" आमाले भनिन् "कान्छालाई पनि त ती सेक्रेटरीले जागिरे गराएका हुन् नी । अहिले महोत्तरीमा इनिस्पेक्टर भएर गइसके ।"

"कान्छा 'कप्तान'को छोरो, म 'क्लर्क' को" उसले उत्तर दियो -"उसले त आठसय रूपियाँ घूस दिएको थियो रे । मलाई पनि आठसय रूपियाँ दिनुस्, म पनि ...."

"आठ सय ?" आमाले टाउको उठाएर आश्चर्य प्रकट गरिन्- "किन ?"

सेक्रेटरीलाई सोध्नुस् -"श्यामूको स्वर अनायाशै कठोर भयो । उसले सेक्रेटरी चन्दनराजको नोकर ठिटोले भनेको कुरा सम्झ्यो र हिंड्दै भन्यो-"म आजै जागिर पाउन सक्छु, पाँच सय मात्र भए ।"

प्रगति द्वैमासिक, वर्ष २ अङ्क ३ पूर्णाङ्क ९

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तेलको थोपा थोपा जोगाऔं
इन्धन खर्च घटाऔं

नेपाल आयल निगम लिमिटेड

फोन नं. ४-२६२९७०, फ्याक्स : ४-२६३४७१

म मूर्ति चोर होइन हजूर !

म सतोसत किरिया हालेर भन्छु – मैले रक्सी खाएको छैन हजूर । दुई चार रूपियाँ भएको बेला लहड गर्नु भनेको अर्कै हो, सधैं टिल्ल भएर मैले हिडेको कैले देख्नु भो ? मलाई पनि छोराछोरीको माया छ नि । तिनले भोकै बसेको म कसरी हेर्न सक्छु । आफू भने भएको खल्ती रित्तो पारी तन्क्याउने आफ्नो घरमा जहान बच्चा मरून् भन्ने कहाँ चाहन्छु र ? यो त सरासर ज्यानमाराको काम भै हाल्यो नि । म कुन नाम लिएर हिड्ने इष्टमित्रका अगाडि ? समाजका अगाडि ?

कैले काहीं त खपिनसक्नु हुन्छ मलाई । नधोकी सुखै हुँदैन । छटपटी हुन्छ । अलिकति भए पनि कोही दयालु इष्टले त्यसबेला मेरो मन बुझिदिँदा म कति गद्गद् हुन्छु । तर त्यस्ता कृपालु हितैषी अचेल कहाँ पाउनु ?

म धरोधर्म रक्सीवाज होइन । रक्सीवाज भन्ने हो भने उ त बहुलाएर फलाकेर सडक र गल्ली गल्ली चाहादैं आफ्नो पुरूषार्थ देखाउँदै प्रदर्शन गर्दै निसंकोच हिँडिरहेको हुन्छ । सडक वा पेटी उसको घर-कोठा । आफ्नो घर-कोठा उसको लागि सार्वजनिक स्थल जहाँ केही बेरको लागि आराम गर्ने समय र फुर्सत पाइन्छ । आफ्नो भन्ने भाव नभएको प्रेम नभएको असामाजिक प्राणी म होइन ।

तर म त्यस्तो होइन । मलाई कसले भन्न सक्छ - तँ जँड्याहा होस् । यस्तो आँट कसको होला ? म कहिले त्यसरी इज्जत छोडेर जात फालेर हिडेको देख्नु भो ? त्यसो त म आफूलाई इज्जतदार भन्न चाहन्नँ, न जात भात मानेर बस्ने जातिवादी ठान्छु । धर्म कर्म गरेर देवदेवताको मन्दिर मन्दिर घुम्ने धर्मात्मा भनेर पनि कहलिन चाहन्नँ । म चाहेर पनि त्यस्तो हुन सक्तिनँ । मैले त जे गरे पनि स्वाङ हुन्छ । यसैले यस्तो स्वाङ पनि म रच्न सक्तिनँ । मैले त बोले पनि नाच र नाटकजस्तो सुनिन्छ । जे गरे पनि कसैले विश्वास गर्दैन । यसैले त तपाईं पनि मलाई विश्वास गर्न चाहनु हुन्न । मैले सच्चा कुरा गरे पनि झुट्टै ठहर्छ । झुट्टा गरे बरू सच्चा मान्नु होला । तर म झुट्टा कुरा गर्न जान्दिनँ साँचो कुरो ।

के तपाईं पत्याउनु हुन्छ म एउटा हत्यारा हुँ ? पत्याउनु हुन्न -मलाई विश्वास छ किनभने मजस्तो सुधो लुरेलाम्रेले कसको हत्या गर्न सक्ला ? तपाईंले नपत्याएको नै जाति । पत्याउनु भो भने त जनमभर भ्यालखानाको बास भइहाल्छ नि मेरो । मेरो उठीबास भएको बिल्लीबाठ र बिचल्ली भएको तपाईं देख्न चाहनु हुन्न । साँच्ची तपाईं साच्है काँतर कमजोर मुटुको हुनुहुन्छ । मेरो दुर्दशा तपाईं देख्न सक्नुहुन्न । यसैले मेरो कुरा पत्याउन सक्नुहुन्न । पत्याउनै किन पर्‍यो ? मेरो बकबके स्वभाव चाहिँदो नचाहिँदो बोल्ने बानी रक्सी खाए पनि नखाए पनि बकबक गरेको छ । के बोले के हुन्छ यता उता सोच्ने शक्ति नभएको छु । जसले जेसुकै भनोस् -म ज्यानमारा होइन । मैले कसको ज्यान मारें लौ भन्नुस् त ? तपाईंलाई वास्तै चासै नभएको कुरो हो । हो चर्चा भएको कुरो भए शंका गर्ने ठाउँ पनि हुन्थ्यो । मेरी स्वास्नी मरेकी तपाईंलाई थाहै छैन भने तपाईंलाई मेरी स्वास्नी मरी, कसरी मरी भन्ने कुराको के चासो ?

मेरो मुखबाट खुस्किहाल्यो । अलिकति रक्सी मुखमा परेकोले होला, नत्र यस्तो कुरो किमार्थ मेरो मुखबाट निस्कन्नथ्यो । लौ- निस्क्यो भने निस्क्यो । बोलेपछि बोल्यो बोल्यो । सुरैले बोलेको हुँ, बेसुरले होइन । म अरूजस्तो एक्सीज होइन, रक्सीले बेसुर हुने । मलाई त जति रक्सी खायो उति सुर पो चढ्छ । त्यस्तो शूरो पनि हुन्छु । बहादुरी गरेको ठान्छु ।

म त्यसबेला यति बहादुर थिएँ कि मेरी स्वास्नीले मलाई अचम्म मानेर हेरिरहेकी थिई ।

उ हाँस्न पनि सक्तिनथी । न मेरो बहादुरप्रति प्रशंसा गर्न सकिरहेकी थिई । तर मलाई शङ्का भइरहेको थियो-मेरी स्वास्नीले मेरो बहादुरको चर्चा अरूसित गर्नेछ । आफ्ना घनिष्ठ चाहे ती साथी हुन् या छिमेकी पर्नेहरू हुन् । मलाई भने आफ्नो बहादुरीमा घमण्ड थियो । तर उ भने नभुक्ने कुकुर जस्ती सिद्ध भइरहेकी थिई ।

मैले जुन छिँडीमा खनेर मूर्तिलाई गाडेर ढुक्क मानेको थिएँ त्यही रात स्वास्नी निदाएकी बेला उठेर मूर्तिलाई बोरामा हालेर खोलाको किनारमा लगेर गाडेको थिएँ । मानौं कुनै प्यारो कुकुर हो आफ्नो, घरको पाल्तु कुकुर । अनि घरमा आएर मस्त सुतेकी स्वास्नीको घाँटी थिचेको थिच्यै निष्प्राण बनाएर छिँडीमा पुरेको थिएँ, जहाँ मैले मूर्तिलाई गाडेको थिएँ ।

यो कुरा पनि म तपाईंलाई भन्छु म लुकाउँदिनँ कि म मूर्ति चोर होइन । मैले मूर्तिचोरलाई मद्दतमात्र गरेको हुँ, जसले मेरो घरमा लगेर राखिदिए महीनाको हजार बान्ह सय मैले मागेको बेला दिने कबूल गरेको थियो हजूर । मैले उसले भनेको मानेको मात्रै हो । मैले छोराछोरीलाई पनि घरमा नराखेर बोर्डिङमा भर्ना गरिदिएको छु । ती बोर्डिङमै बस्छन्, पढ्छन् । तिनका बाबु आमा नै बोर्डिङका हेड सर हेड मिस । बोर्डिङ नै घर भएको छ । म तिनको फिस मात्रै तिर्न पुग्छु महीना महीनामा । बरू तिनले आफ्ना आमा बाबुलाई बिर्सिदिए हुन्थ्यो भन्ने लागिरहन्छ । त्यसपछि मलाई त्यो घरमा बस्नै मन लाग्दैनथ्यो । रात दिन स्वास्नीकै सम्झना आइरहन्थ्यो बिचरीलाई मैले नमारेको भए पनि हुनेथियो कि सरसल्लाहै मात्र गरेर हेरेको भए पनि उसको मन बुझ्न पाउँथे कि ? उसको मनै नबुझी मार्नु त कतिसम्म बहादुर मूर्ख त । मैले त्यस रात अचाक्लिसित धोकेको थिएँ । यसैले पनि स्वास्नीले केही नबोल्नुमा खैरियत ठानेकी हुनुपर्थ्यो । अब जे भयो भयो पछुताएर के हुन्छ ? कसैले मेरी स्वास्नीको बारेमा सोधखोज गरेका पनि छैनन् । सोध्नेहरूलाई उचित जवाफ दिन जानेको छु । साँचो कुरा कुन झुट्ठा कुरा कुन कल्ले सोचिरहने ? कल्लाई फुर्सद ?

मैले कोही कोहीलाई भनि पनि सकेको थिएँ छिमेकी पर्नेकी स्वास्नीका दौतरीहरूलाई- उनीहरूले विश्वास गरेका पनि थिए । उ कुनै विदेशीको घरमा नोकरी गर्छे र विदेशीले विदेश जाँदा उसलाई पनि सँगै लैजानेकुरो गरेको छ । सुनेर ती डाहले भुतुक्कै भएका छन् हजूर !

यता म आफ्नो घर बेचेर एक कोश टाढा अपरिचित गाउँमा बसेको छु र आफ्नी स्वास्नीको सम्झनाको भूतले छोड्दै गएको छ । एउटी कान्छी स्वास्नी पनि ल्याएको छु भर्खरै । अब त ढुक्कै छु कल्ले मलाई ठाडो आँखाले हेर्ने ?

रत्नश्री, वर्ष २२ अङ्क ४-६

सिन्धु-तातोपानी जाऔं

पर्यटन प्रवर्द्धनमा सघाऔं

सिन्धु-तातोपानी महोत्सव २०६०

मिति २०६० कार्तिक १४, १५,१६

सफलताको कामना गर्दछौं ।

जिल्ला विकास समिति

सिन्धु-तातोपानी महोत्सव मूल समारोह समिति

तातोपानी, सिन्धुपाल्चोक

रोकिरहेको थियो र उसको मुखबाट टूट-फूट शब्दहरू निस्किरहेका थिए ।

वहाँले कलम उठाएर हेर्नु भो -कृष्णको काखमा केशवको मुण्टो लत्रिरहेको थियो ।

वहाँको मुखबाट हप्काउने शब्द एकाएक निस्केन ।

चारतिर सुनसान थियो । पण्डित बाजे आफूले लेखेको अक्षरलाई जाँच्न लाग्नु भो -वहाँ आफू पनि छोराहरू जस्तै उँघ्न थाल्नु भो भने ? तर -"के अड्डामा हाकिमले पनि कारिन्दालाई निदाउन दिन्छ ? कहिल्यै माया गरेर भन्छ - अहिले पर्दैन पण्डित, फुर्सदमा गरौंला ।"

वहाँको अघिल्तिर आँखामा अक्षरहरूको ठाउँमा चस्मा लगाएको मोटो अनुहार आयो । अहँ, उसको भित्र दया र मायाको ठाउँमा अश्लील गालि, अशिष्ट मिजास भरिएको छ । त्यस्तो भएर के हुन्छ , वहाँलाई उसको कुरा नमानी सुख छैन ।

वहाँको दिवास्वप्न, भङ्ग भयो । वहाँको घूँडाबाट कागतको पाता खस्यो । श्यामूले 'अमर कोष' -को 'गणिमा महिमा चैव' - घोक्न थालेको थियो ।

वहाँले कागत भूइँबाट उठाउनु भयो । श्यामूले भन्यो -"बा ! किस्ने, केशे सुते ।"

"हँ ?" वहाँको मुखबाट निस्क्यो ।

श्यामूले बाबुलाई फेरि भन्यो -"बा !"

वहाँले टाउको फर्काउनु भो ।

"किस्ने, केशे, सुते ।" उसले भन्यो । अब उ आफ्नो निद्रालाई जित्न कोशिश गर्दै थियो ।

"उठ् ! किन मलाई बोलाउँछस् ?" बाबुको स्वर उस्तै रूखो र झिज्याहट भरिएको थियो ! हाकिमले अड्डामा झैं -"यस्तो सानो कुरो पनि मलाई खोच्छौ पण्डित ?" तर वहाँको मनभित्र दुष्ट्याई छैन । वहाँले हाकिमको नक्कल गरेर छोराको हृदयमा चोट गर्नुभएको होइन । वहाँभित्र पितृ-प्रेम छ । छोराहरू प्रति माया छ । श्यामूलाई माया छ !

श्यामू, कृष्ण र केशवलाई बिस्तारै बोलाइर हेको थियो -"ए किस्ने, उठ्न केशे !"

वहाँले मसीमा दुईपल्ट कलम चोप्नुभयो ।

"अझ यिनीहरू सुतेका छैनन् ? आफू पनि किन नसुतेको होला ?" पण्डितनी बज्यै ब्यूँझिन् । अनि जुरूक्क उठेर खटियामा राखेको बत्ती हातले झ्याप्पै निभाइन् ।

पण्डित बाजेले विरोधमा केही भन्नु भएन ।

वहाँलाई अड्डामा पण्डित बाजे नै भन्दछन् । कुनै बेला र कारणले मात्र वहाँको नामको दरकार पर्दछ । अड्डाबाट घर आउन वहाँलाई एक घण्टा पुग्ने बित्तिकै पण्डितनी बज्यैको भान्छाबाटै आवाज सुन्नु भो -"केही वास्ता छैन । घर त फेरि चाइन्न भनेजस्तो छ ।"

वहाँले बुझ्न नसकेर भन्नु भो -"बिहान चामल ल्याएको हो नि ! दाल र तरकारी अहिले गएर ल्याउँला ।" बिहान हतारमा पकाएर अबेर नगरी अड्डामा पुगेको कुरा पनि पिण्डत बाजेले सम्झनु भयो ।

"ल्याएको हो, सबथोक ल्याएकै हो ।" पण्डितनी बज्यैले माथिबाटै भनिन् ।

पण्डित बाजे धमिलो उज्यालोले भरिएको कोठामा पस्नु भो र एउटा झ्याल खोल्नु भो । तर उज्यालो आएन । तेलका टाटा लागेका सत्रञ्जाका नीला सेता धर्काहरूले वहाँको निहुरेको आँखामा चित्र खडा गरे । दिनभरी अघिल्तिर लामा-लामा बेञ्च, मेचमाथि पराले चकटी ओछ्याएर नेपाली कागतमा बाँसको कलमले कोरेर बसेको काला अक्षरहरू धर्साधर्सी भएर आए । वहाँले दिनभरी केही काम गर्नु भएन, खालि कागतमा कोरिरहनु भयो ।

वहाँ कारिन्दा हुनुहुन्थ्यो, तर वहाँलाई 'क्लर्क' भन्दछन् । वहाँले धेरै वर्षको मेहनतलाई जाँच्नु भएपछि बल्ल आफ्नो मनलाई सम्हाल्ने सफलता पाउनु भयो । वहाँले विचार गर्नु भइसक्यो–इच्छा गर्नु दुःख बेसाउनु हो । अब वहाँलाई दृढ विश्वास भइसक्यो-वहाँलाई इच्छाले पनि छोडिसकेको छ र वहाँले इच्छालाई छोडिसक्नु भइसक्यो ।

अब वहाँ आफ्नो जागिरमा केवल चिप्लेकीरो भएर टाँसिरहनु भएको छ । अब बिचारी हुने बेला

तर घरको अवस्था दयनीय थियो भन्ने मलाई महसुस नभएको होइन । झल्कली सम्झिरहेको थिएँ-आमाको यला बसेको अनुहार । बिधवा दिदीको फुङ्ग उडेको अनुहार र फुसो कपाल । दिदी घर नगएर माइतमा बसेकी थिइन् । म अविवाहित भएर जागिरे छोरो भएको, आमालाई पालिरहेको । तर आफ्नो पर्याप्त जागिरको रूपियाँ खर्च गरेर यस प्रकार आफूलाई कसैको कृत्रिम आकर्षणमा फँसाइरहेको थिएँ । अझ पनि म सोच्दैछु उनले मलाई फँसाएकी होइनन् म आफै फँस्न मज्जा मानिरहेको थिएँ ।

आज डेरामा जान्छु त कलिली रून लागेकी । उनी मलाई देखेर रून लागेकी थिइन् । के मामिला हो केही बुझ्न नसकेर मैले विस्तारै भनें-"के, किन रोएको ?"

"तपाईंको रेडियो चोरियो ।" उनले भनिन् ।

"तिमी कहाँ थियौ ?" मैले सोधें ।

"म साथीको घरमा गएकी थिएँ । आउँदा त -कोठा उदाङ्गो देखें । कोठाभित्र गएर हेरें -रेडियो छैन । अनि मलाई रून मन लाग्यो । तपाईंले कति काम गरेर कमाउनु भो । मेरो निम्ति ल्याउनु भो ।"

"हँ तिम्रो निम्ति हो र ? मेरै निम्ति ल्याएको हुँ ।" मैले निर्दयता साथ भनें -"त्यसरी चोरिनु पर्ने त होइन । खै कोठामा गएर हेरूँ -"भन्दै म कोठामा गएँ । उनी मरीमरी हाँस्न लागिन् । मैले थाहा पाएँ रेडियो चोरिएको थिएन । उनले रोएको एक्टिङ गरेकी मात्र थिइन् ।

पछि उनले बताइन् -आँखामा ग्लिसिरिन हालेर उनले रोएको एक्टिङ गरेकी थिइन् ।

रत्नश्री, वर्ष १ अङ्क ५ २०२१

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

स्ट्याण्डर्ड छाला उद्योग
छपकैया वीरगञ्ज

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आर.के. प्लाष्टिक उद्योग
घडीअर्वा, वीरगञ्ज

अनुसा

अनुसालाई सबै कुरा षड्यन्त्रपूर्ण लागिरहेछ । घरमा कुनै रहस्यमय कुराकानी चलेको जस्तो लाग्छ । यत्तिको खोजी त कोही भयानक, अपराधीको मात्र हुन्छ । सबै प्रतीक्षा गरिरहेका छन्, यस आशाले कि एकपल्ट अपराधी आफै प्रकट हुनेछ र आफ्नो अपराध कबुल गर्नेछ ।

अनुसा यसैले घरका सबैप्रति केही आशंकायुक्त छे । उसलाई आफ्नै कुरा याद आउँछ । आफ्नै दोषयुक्त चरित्रको । उ यसप्रति अत्यन्त संवेदनशील छे । उसको बिहे भएको छैन, तर उसका कुरा थाहा पाउनेहरू उसलाई बिग्रेको र चरित्रभ्रष्टा नै भन्नेहरू छन् । उसमा चारित्रिक कमजोरी त्यत्तिकै छ जत्ति उ चारित्रिक पतनतिर आवेगशील छे ।

डेरामा नै बस्ने 'दिनू' बाहुनसित उ फँसेको कुरा सबैले थाहा पाइसकेका छन्, तैपनि विश्वास हुँदैन कि सबैले थाहा पाए । यस घरको डेरामा जति बस्न आउँथे, ती प्रायः नौजवानहरू नै हुन्थे । यस कुरालाई बाबुआमाले कहिल्यै शंका गरेनन् अथवा उ बुझ्न सक्तिन । उनीहरू उसलाई पढे-लेखेकी र आफूहरू भन्दा जान्ने ठान्दछन् । तर उसित यस आंशिक कुरालाई दबाउने बडो साहसिक स्वभाव छ । यो कुरा चाँडै प्रकट नहोस् भनेर नै उ सिधासाधा लिवासमा रहन्छे र कम बोलचाल गर्दछे । सिगार पनि विशेष गर्दिन । बडो कम हाँस्छे । कम हिड्छे । यो सब गतिविधिलाई स्वाभाविक रूपले ग्रहण गर्न सक्ने उसको क्षमता पनि छ । उ अत्यन्त गम्भीर हुँदै जाँदैछे । सानो त्यस शत्रुलाई जित्न बाँकी नै छ जो उसको आफ्नै अन्तरमा बसेको छ । अहिले मनमा त्यही लुकेको शैतान केही सजग भएको थियो । तल कोठामा दिनू भर्खर आइपुगेको थियो । त्यो सरकारी कर्मचारी थियो । अहिले एक्लै कोठामा थियो । उ लोग्ने मानिसलाई एकान्तमा कहिल्यै एक्लै बसेको सहन सक्तिन । तर उसलाई सहसा साहस आएन । उसले भर्खरै भ्यालबाट दिनूलाई आँगनतिर आएको देखेकी थिई र दिनूले पनि उसलाई देखेको थियो । उ सधैं त्यसैगरी भ्यालमा हेर्दथ्यो जुनबेला पनि र कोठामा ताल्चा खोल्दथ्यो, अनि ढोका उघार्थ्यो ।

अनुसाले तल जाने बहाना गर्नै सकिन । उ घबडाए झैं स्याँ गर्दै एकदम ओछ्यानमा बसी । एकछिन बित्यो, केही बेर भइसक्यो । अब पनि उसले भन्याङ ओर्लिन भने दिनूले ठान्ने छ कि उ बडी धोकेबाज रहिछ । उसले सोचेको बेला उ के जवाफ देली ? त्यसबेला जवाफ पनि उसले झुट्टा मान्ने छ र एकपल्ट हराएको विश्वास सधैंको लागि हराउने छ । दिनू चाँडै संदेहशील हुन्छ, त्यो अति भावुक छ । उसलाई अहिले नै निधो गर्नुथियो तल जाने र नजाने कुरामा । कोही पनि नभएको बेला, उता एउटी बहिनी मात्र अर्को कोठामा पढ्न लागेकी थिई । मौका छोपेर 'पाप' गर्नु र परिणामप्रति अचेत रहनु अति दुस्साहसको काम थियो । अलिकति केही कमी भयो भने यस्तो अनुचित सम्बन्ध एउटा घटनाको रूपमा स्पष्ट हुनजाने छ, जुन उसले अपनाएको स्वभाव र आचारको सर्वथा प्रतिकुल थियो । यस्तो अवस्थामा उ बढ्ता चेतनशील हुन्छे । यो अत्मीक र नैतिक प्रतिबन्धलाई तोडेर सबैका सामुन्ने स्पष्ट देखिन उसलाई व्यग्रता हुन्छ । यसको लागि उसलाई पर्याप्त साहस छैन । उसलाई आत्मजनित आडम्बर युक्त स्वभावको भण्डाफोर गर्ने प्रवृत्ति हुन्छ, तर यति छिटै तयार हुन उ सक्तिन थी । उसलाई प्रतीक्षा गर्नुपरेको छ -वास्तवमा उसका बाबुआमाले उसलाई कतिसम्म झूठ मानेका छन् ! उसलाई कतिसम्म वहानायुक्त दोषपूर्ण मानेका छन् । उसलाई जहानले स्वच्छ, निष्कलङ्क रूपमा ग्रहण गरेको मन पर्छ र तिनको अज्ञानतामा आफ्नो दोषयुक्त चरित्रको पृष्ट बढ्ता खुलेको लाग्छ । अनि ती पृष्टमा उ आफै एक्लै पढिरहेकी पाउँछे । उसलाई भने यो छलपूर्ण लाग्दछ र आफ्नो बानीमा

खेद लाग्दछ । उसको बिहेको कुरा चलिरहेको छ । उ दुनियाँमा छे, उ आमाबाबुप्रति इमान्दार देखिन चाहन्छे । दिनूको स्नेहमा पनि उसलाई सन्देह नै छ । उसलाई जाँच गर्ने प्रशस्त मौका अनुसाले पाएकी पनि छैन । डेरामा आएको पनि धेरै दिन भएको छैन । यसैबीच उसको बिहेको चर्चा चल्यो । यो नै उसको निम्ति शङ्काको विषय छ । उ दिनूसित लागेकी छ भनेर नै बाबु-आमाले झटपट कुरा चलाएका त होइनन् ? उसलाई आफूभन्दा बढ्ता सोच्न सक्ने बाबु-आमाको डर लाग्छ । कसरी हुन सक्ला ? उनीहरूले कसरी थाहा पाए होलान् ? के दिनूबाट केही संकेत त पाएनन् ? अथवा उनीहरूले अनुसाबाट नै केही थाहा पाए । बाबुले भनेका थिए –उसको १८ वर्ष नभई बिहे गर्दिन । त्यतिञ्जेल उ पढिरहोस् । अहिले उ १६ वर्ष लागी । अझै दुई वर्ष छ । अब दुई वर्षमा उ बी.ए हुन्छे । तल भन्याङमा आमा बिस्तारै आइरहेकी थिइन् । भन्याङ, चढिसकेपछि उनी दिनूको कोठामा रोकिइन्- "दिनेश बाबु आउनु भो ?" भनेर । दिनेशले के भन्यो -उसले सुनिन । उ पनि अकस्मात् भन्याङ ओर्लेर गई 'दिनेश बाबु आउनु भो ?' भन्दै ! उ कति बनावटी छे -दिनूले मात्र जानेको छ । उ आफ्नो कुरा कसैले, आमाले पनि थाहा नपाओस् भन्ने दिनूलाई थाहा दिन नै त्यसरी गई । दिनूले बसेको ठाउँबाट हेऱ्यो र भन्यो –'आज कलेज चाँडै छुट्टी भएछ । प्रोफेसरहरूले पढाउनै छोडे अनुसा बैनी ?" "प्रोफेसरहरू" "आज कता हो भोज खान मरे रे "। अनुसाले तुरुन्त एउटा उत्तर आजमाएर भनी -"हड्ताल त गरेनन् तलब बढाउन ?" -उ हाँस्यो र चलाँखीसित आँखा झम्क्यायो । आमा माथि भन्याङ उक्लदै थिइन् । अनुसाले आमालाई यसैगरी छल्थी ।

दिनूले बिस्तारै भन्यो -"आऊ !"

"अहँ"- उसले भनी ।

"भरे पर्खिरहन्छु बत्ती बालेर"- उसले भन्यो ।

"ल"- भनेर उसले टाउको हल्लाई र मुस्कुराई अनि ढोकाबाट फर्की । "आमा ! आमा !" कराउँदै भन्याङ चढ्न लागी । दिनू उसित यसरी खुशी भएको उसलाई मनपर्दैन । मानौं अनुसा सम्पूर्णतया उसको हातमा छे । उसलाई दिनूको आफ्नै स्वार्थले हेर्ने बानी मन पर्दैन । मानौं स्वास्नीमान्छेसित आफ्नो कुनै स्वार्थ छैन । उ आमाकहाँ गई -आफ्नो शङ्का समाधान गर्न । उसले आमाको कुरा र भाव बुझ्न खोजी -फेरि दिनूसित लागेकी उनले थाहा पाएकी त छैनन् ? तर आमाले सधैं झैं राम्ररी कुरा गरिन् - "अनु, तँलाई हेर्न मान्छे आउँछन् भन्ये, किन आएनन् ?"

"को मान्छे" उसले डराए झैं भनी ।

'केटो नै तँलाई हेर्न आउने भएको थियो-तैले पनि हेर्ने थिइस्" -आमाले भेदभावशून्य स्नेहपूर्ण स्वरमा भनिन् । आमाको यो निश्छल भावले उसलाई डर लाग्छ -आमा मनमनै कथाको 'लट, लुकाएर बाहिर निर्विकार अनभिज्ञ रहे झैं लाग्यो । तर उसले आमाको मुखमा हेरेर बुझी -अहँ यिनीलाई थाहा छैन । यिनीहरू सोझा हुन् । "त्यसैले त चाँडै आएकी" -उसले भनी ।

राती बाबु र आमा कुरा गरिरहेका थिए–"म त हैरान भइसके । कति केटो खोजूँ । उनीहरूले पनि टोलमा बुझेर गएछन् । कतिबटा बच्चा फालिसकी । अब अनुसालाई कसैले लैजादैन । मेरो विचार त उ पढ्दै जाओस् । एक दिन आफ्नो बाटो आफै बनाउने छ ।"

धरती, वर्ष १ खण्ड २ पूर्णाङ्क ७

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मगलमय शुभकामना व्यक्त गर्दछौं ।

निक्षेपमा	हाम्रो सहुलियत	कर्जामा
६% देखि १०% सम्म	व्याजदर	१३% देखि १६% सम्म

जनरल फाइनान्स लिमिटेड परिवार

चावहिल,काठमाडौं फोन नं.: ४-४८४७५३, ४-४८४७५४

क्रान्ति

विमलनाथलाई लाग्यो- उ पेट्रोलको धूवाँ झैं अनन्तमा बिलाउँदै छ चेतना लुप्त भएर कानमा पर्वते झरनाको अटूट संगीत बग्दै गइरहेको छ ।

आत्तुरीमा उसले कोटको खल्ती छाम्यो चुरोट आफसे आफ सल्किरहेछ र आगो उसको पछाडि कोटमा सल्किन लागेको छ । अब त उ सिगरेटजस्तै आफै सल्किन सक्छ। उ आँखा चिम्लिर हेको थियो । तर उ सफासित देख्न सक्छ- उसको अगाडि लामो सिँढी भएको कंक्रिटको ढोका छ । वरिपरि चाइनिज फूलको महक धूलोजस्तो नाकसम्म उडेर संघर्ष गरिरहेको छ । उ आफै ढोकाभित्र पस्न संघर्ष गरिरहेको छ । नयाँ ढोकाले सज्जिएको पुरानो घर, उ जहाँ आफ्नो घर ठहऱ्याउँछ ।

अनौठो मालहरू झैं घटना ओसार्दै र लैजाँदै त्यस घरबाट मानिसहरू ओलेंका छिटोछिटो तर उसलाई सबै ढीलो लाग्दछ । सँगसँगै निस्केका र हाँस्दै कुरा गर्दै मुखबाट चुरोटको धूवाँ पन्छाएर धुलोसित मिसिएको धूवाँ र खलबल ! उसले सम्झयो उ सँबै यस्तै सपना देखिरहन सक्तथ्यो ।

उसलाई हेरिरहने च्यूँडोमा दाढी भएको प्रौढ मानिस उसको अघिल्तिर अघिदेखि भनिरहेको झै लाग्यो -विमलनाथ ! विमलनाथ ! उसको कानले पनि त्यही सुन्न चाहन्थ्यो । उसको साथै कान्तिको स्वर मिसिएको । उसले ठान्यो -कान्ति मरेकी छैन ।

बरण्डामा मानिसहरू भन्दछन् -१८ जनामा १० जना बाँचेका र अरू घाइते । मानौं विमलनाथ मूर्छाबाट बिम्झ्यो । सिराननिर बसेकी नर्सले अखवार पलङमा राखी, र चश्मा ठीकठाक पार्दै चिच्याई- विमलनाथ !

डाक्टरहरू सधैं आशाको शब्द बताउँछन् – विमलनाथको अवस्थामा सुधार हुँदैछ र उसको घाउ पुरिँदै छ ।

त्यसपछि विमलनाथले सुन्न पाएन -उ कसरी घाइते भयो । उसको घाउ कहाँ छ ? उसलाई किन बचाउने प्रयत्न गरिँदै छ र बचाउने कृपा पाउँदैछ । अत्यन्त चर्को उज्यालो अँध्यारो पिउँदै लट्ठिएर बलिरहेको बत्तीले उनको छाला पोलिरहेको छ ।

पलङमा दुइ्गाका गिर्खाहरूमा पल्टेको झैं कहिलेदेखि उसको आँखा अघिल्तिर निर्जन भिजेको पहरो छ । उसको कपडा सुकेको रगतमा कटकटिएर टाँसिरहेको छ । उ उठ्न चाहन्थ्यो उठ्न सक्तैनथ्यो । त्यसै अचेतावस्थामा सहसा उसको विमान दुर्घटनामा मरेको कान्तिसित भेट भयो र उसँगै हिँडिरहेको छ, तर खुइ्ला नभए झैं । डढेको तातेको चउरमाथि उसको अलि पर कान्ति उभिएकी छ, र अरू उभिने मानिसहरू विश्वास गर्दैनन् कि उनीहरू बाँचेका छन् ।

उ एकदम उठ्यो । उसलाई यस्तरी विकृत सपनालाई पर्खेर सुतिरहन मन लाग्दैन ओछ्यानमा पनि । उ दुइ्गाहरूबाट उठ्न चाहन्थ्यो । उसले सम्झ्यो–उसको बायाँ हातलाई कसैले गहुँगोसित बाँधिको छ कुहिनादेखि कुमसम्म र उसलाई असहनीय पीडा भइरहेको छ । सिरानमा हिउँको तकिया हिमाल झैं दबिरहेछ पग्लिरहेछ । कतै परतिर धाराको पाइप कहिलेदेखि खुलै छ झर्ना झैं । यो अवश्य एउटा अस्पताल थियो- उसले सम्झने बल गऱ्यो । नर्स आएर उसको टाउकोनिर पंखा लिएर बसी ।

उसको टाउकोमा पंखा हल्लिरहेको छ । सिराननिर पंखा लिएर बस्ने स्वास्नीमान्छेले उसलाई हाँसेर भनी -महाशय, यो हात खोल्ने बेला होइन । फेरि विमलनाथले निश्चिन्त झैं आँखा चिम्ल्यो । उसको पलङमा पँखेटा गाँसिन लागेको छ र घर आकाशमा कोल्टे खँदैछ । पंखाको हलुका फटफटसित उसलाई उडाएर लगिँदैछ । तर उ कान्तिसित उड्न चाहन्छ, जुन अँध्यारोमा कान्तिको पत्ता छैन ।

उसलाई याद भयो, कम्पार्टमेन्टबाट मानिसहरू भागिरहेका थिए। कान्ति भनिरहेकी छ – यस्तो बेला हामी स्टुअर्डहरूको कुरा सुनिरहन सक्तैनौं, तिनीहरू त्यस्तै भन्दछन्।

उ जान्न चाहन्थ्यो कि प्लेन कहाँ खसेको थियो, औ अब उ कुन सहरको खैराती अस्पतालमा भर्ना भएको छ र मानिसहरू त्यो युवतीतिर फर्केर उच्च स्वरले माधुरीको नामलाई बोलाइरहेका छन्। अनि त्यो युवती उसको सपना विपनाको दोसाँधमा बिलाउँदै गइरहेकी छ। कान्तिको प्रेतात्मा झैं भूईंमा चप्पलको कडाकडा फटकारसित।

यसैबेला दाढीले खसिएको उसको दुब्लो गालामा कसैले स्पर्श गऱ्यो। प्लेनले धेरै तलसम्म बेग हान्यो, डाँडाको चुचुरो अग्लेर छुन छुन आँट्यो। हरिया मैदानहरू डाँडा झैं कोल्टे कोल्टे परे। उसले कान्तिको अनुहार ठहऱ्याउन सकेन। विमलनाथ चिप्लो ढुङ्गामा उभिन पुग्यो र झस्क्यो।

पाइलटले प्यासेन्जरलाई सेफ्टीबेल्ट बाँध्ने अर्डर दिएको थियो। अगाडि सिटकी युवती घबर हटले कराउन पुगी। उसले नारी घडी हेर्ने समय पाएन, काठमाण्डू पुग्न अझ कति मिनेट बाँकी छ। च्यूँडोमा दाढी भएको मान्छे सिटबाट उठ्यो, सुटकेश च्यापेर उसलाई कान्तिले नारीमा बलियोसित समातिराखेकी थिई, जो धूवाँ भित्र आफूलाई बचाउने जोड गरिरहेको थियो। त्यसै भ्रमपूर्ण कोलाहल, खलबल संघर्षको बीच उसको टाउकोमा ठक्कर लाग्यो। उ बेहोश सीटमा झुण्डिन पुग्यो। उसको शरीर बल्यो र कान्तिको पिठ्यूँमा खस्न आयो।

यसै उत्तेजनामा उसको घाइते हात काम्मिर हेको छ। औं वेदनाले उसको मुखबाट निरन्तर क्रन्दन निस्किरहेछ। उसले बडो चड्ख भएर आँखा खोल्यो।

उसको आफ्नै अनुहारमाथि त्यस ज्ञान स्वास्नीमान्छेले सुस्तरी गुप्त सास फेरिरहेकी थिई। उसको हँसिलो चेहरामा चिन्ताको अन्धकार र आँखा नशाले भरिए झैं आँसुले पग्लेका बान्किला र डल्ला लाग्दथे। तर त्यो कान्ति हो र ? जब उ कान्ति भन्दथ्यो उनीरूको मुख, जो उसलाई उभिएर हेरिर हेका छन्, विषादग्रस्त देखिन्थ्यो। उनीहरू अझै प्रष्ट भन्न सक्दैनथे-स्वयं कान्ति को थिई र कसरी जीवन मृत्युको बीच संघर्ष गरिरहेकी थिई ! त्यस आगोको ज्वालामा, जो उसँग कलकत्ताबाट आएकी थिई। उसको कानमा अखबारका शब्दहरू झिंगा झैं भन्किरहेछन्। उसका साथी यात्रुहरू ज्यादै नोक्सान भए। त्यस कठोरता र साहसपूर्ण बेला पाइलटले कस्तो बुद्धिमत्तापूर्वक प्लेन खेतमा ओराल्यो। तर इन्जिनमा पहिले नै आगो लागिसकेको थियो- भाग्नेहरूलाई प्रशस्तै मौका दिंदै। किन्तु तिनीहरू नै परे जो पहिलेदेखि विमलनाथ झैं होश हवाश हराएर किंकर्तव्यविमूढ भएका थिए।

माधुरीले उसको ओठ चम्चाले खोली। विमलनाथले आँखा उघाऱ्यो। नर्सले रातो ओठभित्र दाँत चपाएर मुस्कुराई। अनारको रस उसको ओठमा चुह्यो, जुन रस उसको घाँटीमा गएर जमिरहन्थ्यो। उ सित त्यसलाई निल्ने शक्ति थिएन।

'म तपाईंकी सेविका' - माधुरीको त्यो मुस्कानयुक्त नम्र, मधुरो स्वर उसको कानमा गुँजिरह्यो, औ तन्द्रिल अवस्थामा उसलाई अस्पष्ट लागिरह्यो।

उसले फलको रस कुनबेला पिएको थियो, सम्झन सकेन। तर अब उसले अनुभव गऱ्यो- कोठाको सेतो भित्तानिर स्कूलमा आँचलले आँखा छोपेर कोही युवती बसेकी थिई- अकथित परिश्रमले थकित झैं।

अहिले दिउँसोको समय थियो, तर कहिलेको दिन थियो। उ भने अझै पल्टिरहेको छ, पराजय पाए झैं। र, दिनमा बलेको पहेलो बत्ती झैं उज्यालोले कोठा प्रकाशित हुन्छ र ढोकामा लम्किरहेको हुन्छ।

माधुरीले पंखा उठाई। केही सन्तोषको भावमा उसलाई मुखमा हेरी। मानौं विमलनाथ १-२ घण्टा भित्र तयार भएर विदा हुन लागिरहेको छ। प्लेटफार्म अथवा परदेशको बासबाट निर्निमेष उसलाई बिदाइको रूमाल हल्लाउन पखिंरहेको छ।

त्यसबेला उसलाई लाग्दथ्यो-घाउको पीडा कम हुँदै गइरहेको छ। फेरि कान्तिको सम्झनाले घाउलाई गन्हुँगोसित टन्काइरहेको छ।

धरती, वर्ष १ खण्ड २ पूर्णाङ्क १०

एउटा बहाना

नन्दीको हातमा एउटा पुलिन्दाको सूचना थियो । उसले कोठामा आउने बित्तिकै भनी-यति पुलिन्दा हुलाकबाट ल्याइदेऊ किशोर ।

नन्दीको लोग्ने विनोद धनकुटामा थियो । यसैले किशोरलाई उसँग अनुचित कुरा गर्न संकोच लागेन । मलाई थाहा छ तिम्रो लोग्नेले पठायो । तैपनि तिम्रो मुखबाट आफ्नो लोग्नेको नाम सुन्न मलाई इच्छा छ ।

नन्दीले भनी-विनोदले !.... तिमी मलाई यस्तो अपठ्यारोमा नपार किशोर । म आफ्नो लोग्नेसँग पनि यस्तै छाँटले कुरा गर्छु । आजसम्म उसले चिट्ठी नपठाएको कारण पनि यही हो -तिमीले गर्दा । उ मलाई शंकाले हेर्छ ।

किशोरका फुलेका आँखाले भनिरहेका थिए– तर पुलिन्दा नि ? उसका आँखामा चम्केको क्रूरता बडो डरलाग्दो थियो । उ चुरोटको धूँवाबीच मुस्कुराइरहेको थियो –क्रूर मुस्कान । म तिम्रो लोग्नेले पठाएको पुलिन्दा लिन जाऊँ ? तिम्रो इमान्दारीलाई तिम्रो लोग्नेले होइन मैले पनि शंका गरेको छु । तिमीलाई सम्झेर विनोदले आफ्नो लोग्नेपनको मर्यादा राख्यो । तर उसले तिमीलाई छोडिसकेको छ । अझ पनि तिमी उसलाई चिट्ठी लेखेर छोड्न सक्छ्यौ ।

नन्दीले पुलिन्दाको सूचना छोडेर जाँदै भनी –"तिमी मसँग यस्तो कुरा नगर"- उसको स्वर दुःखपूर्ण थियो ।

किशोर गह्रुँगो भएर बस्यो । असह्य एकाकीपनमा उसको हातको सानो कागत पनि गह्रुँगो भइरह्यो । नन्दीकी छोरी प्रभा आई, उठनोस् किशोर दाइ !- उसले भनी । कुचो लगाउँदा उडेको कसिंगर कोठाभरी भरियो । उ सोच्दै थियो -उसले नन्दीलाई अरू के भन्नुपर्थ्यो ? उसले प्रभाको तरूण वक्ष देखेर नन्दीको उमेरलाई जोड्यो-जो ४० वर्षभन्दा कम थिएन । उसको उमेरले पनि ४० नाघेको थियो । उसको ध्यान बदलियो । प्रभाले कसिंगर उठाइसकेकी थिई । झ्यालबाट फालिसकेकी थिई । तरूणाइले उसलाई बेढङ् बनाएको थियो । उ कसिंगर फालेपछि पनि झ्यालमा हात टकटक्याएर उभिरही । प्रभा कोठाबाट दगुर्दै गएजस्तो केही हतारिएकी थिई । तर उसको हतार कोठामा सीमित थियो । कोठा बाहिर फेरि उ एक्ली भई । उसले मनमनै भन्यो– मैले नन्दीलाई अरू के भन्नुपर्थ्यो ?

"प्रभा" -उसले बोलायो । फेरि जोरले बोलाएन ।

प्रभा कोठामा आइन । किशोरले पुलिन्दा-पत्र पढ्यो । -'आगे' -देखि उसले अरू अक्षर बुझेन । हुलाकको छाप मात्र प्रस्ट थियो । उ ४० वर्ष भइसक्यो । यसैले उ आँखा देख्तैन वा उसको धारणा शक्ति क्षीण भइसक्यो ।

उ उठ्यो र डेरामा गयो । चियालाई पानी उमाल्यो र एक कप चिया बनायो ।

चिया आफै मात्र पिउँछौ किशोर -भन्दै उसको मित्र हरिप्रसाद कोठामा दाखिल भयो ।

म तिमीलाई सम्झँदै थिएँ -किशोरले आफूलाई बनाइसकेको चिया अगाडि दियो र आफूलाई आर्को बनाउन लाग्यो ।

अब चिया पिएर कहाँ जान्छौ ? -हरिप्रसादले चिया पिउँदै भन्यो ।

-कतै जान्न । आज ओछ्यानमा पल्टेर दिनभर यही सोचिरहनेछु कि ठिटीहरूसँग म किन हेलमेल गर्न सक्तिनँ, किशोरले केही झोक्किएर भन्यो । हरि प्रसादले किशोरको मुखमा हेऱ्यो र उसको पिठ्यूँमा धाप दिएझैं हात राखेर उठ्यो -थाहा पाएँ, नन्दी मात्र होइन तिमी प्रभाको बारेमा पनि सोच्दछौ ।

अँ, प्रभाले पनि । त्यो मनमा आइहाल्छे – किशोरले भन्यो । उसको स्वर सहसा टाढा पुगेको

र अति कोमल थियो । उ मुस्कुरायो । चिया पियो र ओछ्यानमा चढ्यो । हरिप्रसाद एउटा 'हूँ' -को आवाज गरेर हिँड्यो, जसमा न विश्वासको गन्ध थियो न अविश्वासको । किशोरले तुरून्त बुझ्यो कि उसलाई नन्दीको विषयमा सोच्न छोडेर हरिप्रसाद हिँडेको थियो । उसले किन सोचेन कि किशोर आफ्नो कामधन्धाको बारेमा पनि सोच्न सक्थ्यो, जसको लागि उ काठमाडौंमा थियो ।

अब उसले त्यसै सोच्यो-नन्दी उसको स्वास्नी हुन सक्तिन । एक दिनलाई पनि हुन सक्तिन । उसले कोशिस गरेको हो । नन्दीलाई उसले भनेको हो चिट्ठी लेखेर विनोदलाई छोडी देऊ । तर नन्दी झट्ट मान्न सक्दिन यो उसको स्वभाव हो । उसलाई पर्खने जरूरत थियो । पर्खन भने उसले सकेन ।

उसले हरिप्रसादलाई भनेझैं ओछ्यानमा पल्टेर सोच्यो-नन्दीले पुलिन्दा-पत्र दिएकी थिई । उसको लोग्नेले धनकुटाबाट के पठायो, स्वास्नीको निम्ति उत्सुकताको कुरा थियो ।

किशोर उठ्यो । छाता लियो । एक बजेभित्र नपुगे हुलाकले पुलिन्दा-पत्र बुझ्दैन । तर अहिले एघार पनि बजेको थिएन ।

बदली दिन हुनाले धमिलो दिन थियो । उ सडकमा निस्क्यो । प्रभालाई उसले सडकमा किताप च्यापेर आइरहेकी देख्यो । उ मुस्कुराई । उ साथीहरूसँग थिई, यसैले कुरा गर्न पाइन । एक्लै हुँदी हो त अवश्य केही सोध्ने थिई, कहाँ जाने, किशोर दाइ ?

उसले भन्ने थियो -नन्दीले-होइन-तिम्री आमाले मलाई काम अन्हाएकी छिन् । तर अहिले प्रभाले काँधको ओढ्ने आफ्नो छातीमा तानी मात्र ।

किशोर हिलेसडकमा गाडिँदै हिँडिरहेको थियो कि पछाडिबाट एउटा लडकाले हाँसेर भन्यो-त्यो लडकीले तपाईंलाई संकेत गरी ।

-संकेत गरी ? -किशोरले अचम्मझैं सोध्यो – मैले थाहा पाइनँ ।

-त्यो संकेत हो -त्यस लडकाले भन्यो -त्यो संकेत हो । म मैलो लुगा लाउँछु यही कारणले । म दाढी पालेर अनुहारलाई दुव्लो बनाउँछु यही कारणले । म यस्तो संकेतको कायल छु । यसैले उनीहरू मलाई सडकमा हेर्दैनन् -उ हाँस्दै हिँड्यो ।

किशोरले एउटा अज्ञात प्रवृत्तिमा आफ्नो पाखुरा समायो । उसलाई हिड्न मन लागेन । त्यस लडकाले साँचिकै मैलोझैं लुगा लगाएको थियो । त्यो दुव्लो देखिन्थ्यो । त्यसले भनेको कुरा बिलकुल ठीक थियो । फेरि उसलाई हिड्न मन लागेन - हुलाकसम्म, हुलाकबाट पुलिन्दा खोल्न भन्सारसम्म । यो एउटा झमेला नै थियो । अरू कसैलाई पठाउन सक्थ्यो । खुब सुपारी चपाएर, खुब चुरोट सल्काएर डेरामा नै बस्न र सम्झन मन लाग्यो ।

जहिले नन्दीलाई उसले चिनेको थियो, त्यसबेला नन्दी एउटी खेल्दी -कुद्दी पुतली थिई । उसँग गरेका कुराहरू महत्वका थिएनन् । तर पछि तिनै कुरा सम्झना बने । नन्दीको मुख सम्झनामा घुम्न लाग्यो । नन्दीलाई विवाहित भएर काठमाडौं जानु अगाडि उसले धेरैपल्ट भेट गऱ्यो ।

उ आफ्नी सहेली चम्पाकहाँ आउँथी । किशोर चम्पाको घरमा जान्थ्यो । चम्पा उसको टाढाको नाताबाट बहिनी थिई । उ कोठामा गयो । उसलाई नन्दीसँग भेट्नु थियो । तर त्यसबेला उसले चम्पालाई भेट्नु पऱ्यो । कुरा गर्नु थियो नन्दीसँग, तर चम्पासँग कुरा गर्नुपऱ्यो । जहिले जाँदा पनि नन्दी चम्पाको घरैमा हुन्थी । किशोर भएको बेला उ प्रायः कोठामा चम्पालाई भेट्न आउँदिनथी । यस व्यवहारले किशोर को मनमा नन्दी झन् बलियो चीज हुँदै गई ।

किशोरको छातामा पानी दर्किरहेको थियो । उ बुझ्दै थियो-यसरी बोल्न मन लाग्दालाग्दै उसको मनमा रोकिएका धेरै कुराहरू अचेल नन्दीको सामु अबरूद्ध रूपमा निस्कन्छन् । उसको काठमाडौंको बास पनि नन्दीलाई भेट्ने बहाना पो भइरहेको छ ।

किशोर सडकमा हिँडिरहेको थियो ।

– धरती, वर्ष १ अङ्क ४ ज्येष्ठ २०१४

जसले आफूलाई जित्न सक्छ, उसलाई कसैले पनि जित्न सक्दैन । - धम्मपद
शरीर परोपकारले सुशोभित हुन्छ, चन्दनले होइन । - भर्तृहरि

सरूवा बढुवा

उमेशप्रसाद तराईका धनी प्रतिष्ठित मानिएका जागिरदार व्यक्ति थिए। उनले कैयौं वर्षको जागिरबाट अपार धन कमाएका थिए र अब सरकारले भ्रष्टाचार निर्मूल गर्ने नीति अपनाएको हुनाले उनलाई आत्मग्लानि र संतापले धरमराइदिएको थियो।

कल्याण उनको जेठो छोरो थियो। अरू दुइटा काठमाडौंमा पढ्न बसेका थिए। कल्याणलाई धाहा भएको बेलादेखि नै उनी सरकारी जागिरे थिए। उसले देख्तादेख्तै उनले यति ठूलो महल बनाइसकेका थिए कि जागिरको तलबले मात्र उनी सक्ने थिएनन्।

आज सरकारका मानिसहरू जिल्ला जिल्ला गाउँ गाउँ ठूलठूला ठालुहरू कुन किसिमले धन कमाएका छन् जाँच्न खटिएका छन्। मेरो कति मर्का पर्ने कुराहरू बढाई चढाई लगाएका होलान्, उनले कल्याणलाई भन "निरीक्षक मण्डल काठमाण्डूबाट हिडिसक्यो भन्दछन्।"

बेलुकीपख कल्याण घरबाट निस्क्यो। सडकको निर्माण कार्य भइरहेको थियो। उ खोलाको पुलमा पुग्यो-त्यहाँ नयाँ पुल बन्न लागेको थियो। उसले उमेशप्रसादको कुरामा कुनै मतलब बुझ्न सकेको थिएन। जहाँ पनि नवनिर्माणको काम भइरहेको थियो। यस नवनिर्माणको वहमले उसलाई उत्ताउलो बनाइ दियो। के उमेशप्रसादको आशङ्का सच्चा थियो–सरकारले जनताको पीर बुझ्न थालिसकेको छ ? उसलाई बस्तीको निकारामा उभिए पनि सबभन्दा ठूलो आफ्नै घरले भनिरहेको झैं लाग्यो म पाप र अपराधको पीप-रगतले बनेको घर हुँ। यसमा बस्ने कसैको हक छैन।

के अहिले पनि सुधारको नाउमा भ्रष्टाचार गर्ने कर्मचारीहरू सरकारभित्र छैतन्, जो जनतालाई धोकैमा राखेर स्वार्थपूर्ति गर्ने गर्दछन् ? यो सुधार को कुरा कहिले भएको छैन र अहिले नयाँ सुधार हुनलागेको उमेशप्रसादले भन्ठानेका हुन् ? जनताले जहिले पनि झुट्ठै कुरामा विश्वास गर्दै आएको छ र अहिले पनि झुट्ठै निर्माणको नारा लगाउँदैछ।

यही पुल कति महीना अघिदेखि बन्न थालेको थियो, तर अझसम्म बन्न सकेन ? ठेकेदारले सारा ठेक्काको रूपियाँ हडप गरेर आफ्नो निजी व्यवसायमा लाएको कुरा कसैलाई थाहा छैन ? सरकारलाई आलटाल गरेर राखिछोडेकै छ। सरकारले खोजिपस्न जानेको भए यही जिल्लामा कति जनतालाई कति किसिमको अन्याय भएको छ घर घरै, के बितिरहेछ अन्यायको निवारण भइसक्नु पर्थ्यो।

अझ उसलाई त यस्तो लाग्दथ्यो-आज देशमा निर्माणको नाउँले नयाँ सङ्ट पैदा गर्ने यही नयाँ सरकार ठहरिन लागेको छ ? ती परिवारविहीन भएर जङ्गलको छेउमा बस्न आएका कुटो कोदालो गरी खाने सैयौं मानिसलाई सरकार जङ्गल मासियो भन्ने बहानामा एक एक गरी किन लघार्दै छ ? सरकार सबैको कुरा सुन्छ भन्छन्, तर जङ्गल फाँडेर खेती गर्ने अधिकार दिंदैन। अर्कातिर स्वयं वन-धनको अवर्णनीय क्षति गरिरहेको छ। वन खाली पार्न लागेको छ। सरकारको जनतामा सहानुभूति हुँदो हो ता आफ्नै जनतालाई बसाउन जङ्गल फाँडी आवादलायक जग्गा दिलाउन सहायता दिने थियो। आज ती जनता सरकारको विरोध नगरी तन मन धनले देशलाई अगाडि बढाउन भनी आफ्नो दुःख पीरको कुरा बोल्न नसक्ने अवस्थामा परदेश लाग्दैछन्। उठिबास लाग्दैछन्। यस्तो देखेर नै बडाहाकिमले सबै सुकुम्बासीहरूलाई जम्मा गरेर भनेको थियो–तिमीहरूले उठेर जानु पर्दैन। कसैले उठाउन आयो भने म कहाँ आउनू। तर यो दिलासा दिएको सात दिनमा वन अड्डाका डि.एफ.ओ. ले

सिपाही खटाएर ती सुकुम्बासी रैतीहरूलाई हटाउन लाग्यो । दिनभर यही नयाँ निर्माणको सडकमा तिनीहरू आफ्ना बाल बच्चासहित दिशा विदिशा लागिरहेका देखिन्छन् ।

यी सब कुराबाट थाहा हुन्छ -जिल्लामा जनता तर्फबाट कतै पनि भ्रष्टाचार भएको छैन । भएको छ भने सरकार भित्र भइरहेको छ । किनभने जिल्लामा भ्रष्टाचार छैन सर्वत्र शान्ति छ भन्ने प्रचार सरकारी पत्रबाटै भइरहेको छ । यस्तो कहिले भएको थिएन र ?

उमेशप्रसाद पनि त्यस्तै कर्मचारी हुन् । आफूभन्दा ठूला अधिकारी हाकिमहरूको आँखामा धुलो छ्यापेर आफ्नो स्वार्थसिद्धि गराउने अनैतिक कार्यहरू उनीबाट पनि नभएको होइन ।

कल्याणले बन्न बाँकी पुलको डिलमा अडेस लगाउँदै देख्यो-खोला पारी भर्खर डढेंलो लागेको वनको उज्यालो खोलाको लहरमा फैलिरहेको थियो ।

यसैबेला सनसनाएर हुरी आयो–आगोका फिलिङ्गाहरू खोलामा खस्न लागे । जतातते आगो बगाएर पर परसम्म पुगेको देखिन्थ्यो । फुसको छाना भएको एक डेढ सय घरहरूमा पनि पुगेर आगोले आफ्नो काम गर्न लाग्यो । घर घरबाट निस्केर मानिसहरू "आगो" चिच्याउन लागे । उमेशप्रसादको घरमा पुग्न केही बेर मात्र बाँकी थियो ।

कल्याण सम्झिरहेको थियो-उसको घरमा पुगेपछि उ शायद आफ्नो घरको बचाउको लागि दगुर्ला ।

उ आफूलाई दगुर्न समर्थ पाइरहेको थियो । शायद उ भित्र यस्तै हाहाकार हैर्ने, आकांक्षा वर्षैदेखि दबिरहेको थियो । उ बस्तीका घरहरू सखाप भएको हेर्न सक्थ्यो । आफ्नै पनि चाहेकै झैं ।

घरहरू बलेको उज्यालोमा ज्यान जोगाउन हतारिएर भागेका मानिसहरू मानौं नृत्य गरिरहेका थिए । उमेशप्रसादको पक्की छाना भएको घर फायर –प्रुफ सेफजस्तो अडिग र सुरक्षित रह्यो । केही भएन ।

दुःखले कमाएका, दुःख दिएर कमाएका एउटा बस्तीको धन सर्वस्व स्वाहा भए पनि मानिस मरे पनि जनताको पीर बुझ्ने नेपाल सरकारको यसमा हात थिएन । तर उमेशप्रसादलाई प्राकृतिक प्रकोपले केही क्षति गरेन । उसलाई सरकारी प्रकोपले मात्र पीडित हुनुपरेको थियो ।

आगो लागेको खबर पाएर जिल्लाका बडाहाकिम भोलिपल्ट जिप कारमा चढेर आए । जिपकार उमेशप्रसादको घर अगाडि रोकिए । बडाहाकिमसित आएका अफिसर सिपाही कारिन्दाहरू खेतबारीका रूख मनि बसेर रात काट्ने अग्निपीडितहरूकहाँ गएर उनीहरूको नोक्सानी आदिको रिपोर्ट टिप्न लागे । उमेशप्रसादले बडाहाकिम र उनका सहयोगीहरूको स्वागतमा पार्टीको आयोजना गरे । पार्टीबाट बिदा भएर गएको बेला बडाहाकिम सन्तुष्ट र परितृप्त देखिन्थे । उनले सबै अग्निपीडितहरूलाई सरकारबाट सहायता दिने आश्वासन दिए । यसले गर्दा गाउँलेहरूमा खुशीको लहर फैलियो ।

यता उमेशप्रसादले बडाहाकिमलाई खुशी परेकोमा आफ्नो खारिजीको डर निकै सन्चो भएको अनुभव गरे । उनले सम्झे-गाउँमा आगो लागेकोले नै बडाहाकिम आएका थिए र उनको स्वागत गर्ने औसर उनले पाए । उनी बेला बखत यस्तो मौका हातबाट खुस्किन दिदैनथे । यसैले टिकेका थिए । तर अहिलेको सरकार ? यो सम्झेर उनको शिरमा रक्तसंचार बढ्दथ्यो ।

उनी दिनहुँ रेडियोमा आफ्नो गाउँ पनि प्रमोशन वा डिमोसनमा प्रसारित भयो कि भनेर सुन्ने गर्थे । तर आजसम्म उनको नाम उल्लेख भएको थिएन । यसैले चिन्तागस्त अवस्थामा कल्याणसित भन्न लाग्दथे –"जुन सरकार आए पनि सरकारले विश्वास गर्ने कर्मचारीहरू त हामी नै हौ नि ?"

तर कल्याण उनको चिन्तामा साथ दिन सक्दैनथ्यो । उसलाई उमेशप्रसाद उत्तिकै दुर्भेद्य लाग्दथ्यो, जति उनको घर । किनभने उनी खारिज होलान् भन्ने शङ्कासम्म उसलाई थिएन ।

केही दिन अघि मात्र डाँकाहरूले उनलाई धम्की दिएका थिए -"हामी तिम्रो घरमा डाँका मार्न आउँदैछौं ।"

त्यसै रातदेखि उमेशप्रसाद डाँकाहरूले कुन रात धावा गर्नेछन् भन्ने सतर्कताले निश्चिन्त सुत्न पाउँदैनथे । यस्तैगरी आफ्नो जागिरबाट कुन दिन खोसिने हुँ भन्ने डर डाँकुको धम्की जत्तिकै लाग्दथ्यो । डाँकाहरू राती छापा मार्छन् । यो सर कार दिउँसै पनि कहाँ कति धनमाल कमाएर थुपारेको छ, भनेर आफ्नै कर्मचारी माथि सशस्त्र धावा गर्छ ।

उमेशप्रसाद यस्ता व्यक्ति थिए जो जीवनमा कहिल्यै निराश भएका थिएनन् । उनी आफ्नो गाउँमा कुवा पुल आदि बनाउन चाहन्थे तर उनी आजकल चाँडै निराशाको अनुभव गर्दथे । किनकि उनले छोराहरूबाट कुनै कुराको पनि सन्तोष प्राप्ति गर्न सकेनन् ।

सरकारले लरी र ट्रकहरूमा अन्न वस्त्र मिलाएर अग्निपीडितहरूमा बाड्न खटाइ पठायो । गाउँलेहरू खाली चउरमा जम्मा भए ।

अग्निपीडितहरूले केही दिनको लागि खानेकुरा र लाउने वस्त्र भेट्टाए । सरकारको यस जागरूकता र सहानुभूतिमा मुठीभर जनताले श्री ५ को सरकारको जय मनाए । खुशी देखाए । तर एकातिर जनता आफू बसेको घरबार छोडेर उठिबास लागिरहेका थिए । उनीहरूको घर र धनको नोक्सानको अगाडि यो के थियो र ? तैपनि जनता खुशी थिए ।

सरकारको यस किसिमको नीति कुशलताका भेद नपाएर अलमलिएका उमेशप्रसादले एक बिहान रेडियोबाट प्रसारित कर्मचारीहरूको पुनर्गठनमा उनको नाउँ पनि सरूवा बढुवामा परेको घोषणा सुने ।

तर बुढेसकाल लागेको अनुभव गरेका उमेशप्रसाद आफ्नो घर गाउँ छाड्न मन्जूर भएनन् । उनले छोराहरूको जिम्मामा घर सुम्पेर आर्को जिल्लामा सरूवा भएर जान चाहेनन् । उनले आफ्ना छोराहरूलाई घर छोड्नुमानै डाँकाहरूलाई लुट्न दिनुजस्तै आफ्नै नालायकी ठाने र आफ्नो जीवन भरको मिहेनत कुशलताले कमाएको घरको सुरक्षाको लागि पनि सरकारी जागिरबाट राजिनामा दिने विचार गरे ।

"मैले यसैले राजिनामा दिएको छु कि तिमीहरू यस नयाँ सरकारको पक्षमा छैनौ" -उनले कल्याणलाई भने ।

शारदा, २०१८ वर्ष २६ अङ्क ३

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल खानेपानी संस्थान
त्रिपुरेश्वर, काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रो सेवामा रहेका सम्पूर्ण महानुभाव तथा शुभचिन्तकहरूप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरूको पुनःस्थापना केन्द्र)
नयाँपाटी, सुन्दरीजल, काठमाडौं

शान्तिको अन्तस्तल

सहरमा धुमधामको विवाहोत्सव थियो ! श्री ५ महाराजधिराजकी राजकुमारीको विवाहोत्सव । हेर्न जाने मानिसहरू असंख्य थिए । शान्तिका बाबुले शान्ति र आमालाई सुरक्षित ठाउँमा राखेका थिए, जहाँबाट सडकमा जन्तीहरू गइरहेको राम्रोसित देखिन सकियो । रातो बर्दीमा सिपाहीहरूको अगिल्लो लस्कर पास भएपछि ठूलो ध्वनिले आकाश मण्डल भर्दै आएका बाजा बजाउनेहरूको पछि मन्द गतिमा नव वर-वधु बग्गीमा बढ्दै आए । जसको निम्तिमा जन-समूह व्यग्र र उत्सुक प्रतीक्षा गरिरहेका थिए । दुलहीको लामो घुम्टो र दुलाहाको मोटो नबाबी आकृति सम्मुख पऱ्यो । त्यसपछि दुलहीका दाइजोका मूल्यवान सामानहरू बोकेका हुलहरू आए । सिँगारिएका हात्तीमा जन्तीका रूपमा श्री ३ महाराजको पनि आगमन भयो । अब चाखलाग्दा दृश्यहरू-केही रहेनन् ।

शान्तिकी आमाले केही आहट पाएर त्यस हूलमा फर्केर हेरिन् । हूलमा जम्मै स्वास्नी मानिस थिए । शान्तिका बाबु भुखमा मसिनो हाँसो भर्दै केही भन्न आए । शान्तिले थाहा पाइन् उनी के-कुरा गरिरहेका थिए । उसका बाबु गएपछि पनि शान्तिकी आमा कुनै वस्तुले आकृष्ट भैं अगाडि उतातिर हेर्न लागिन् । शान्तिले देखी-कोही मानिसलाई आमाले हेरिरहेकी थिइन् । शान्तिले एकछिन अनुमान गरी - त्यही व्यक्ति हुनुपर्छ, जो त्यो बेला सडकको पेटीमा बाइसकल डोऱ्याउँदै स्वास्नीमानिसको हूलमा ध्यानदिँदै आइरहेको थियो । उसले शान्तिलाई पनि देख्यो, क्षणभर आमालाई हेऱ्यो ।

शान्ति र आमा हुल पातलो नहुञ्जेल पर्खिरहेका थिए । उनीहरू पनि बिस्तारै घरतिरको बाटोमा बढे । शन्तिले आमासित सोध्न खोजिरहेकी थिई । आमा त्यसवेलासम्म पनि ध्यानस्थ देखिन्थिन्, केही अंशमा हाँसे हाँसे जस्ता ।

"आमा किन हाँसेको ?" शान्तिले झट्ट सोधी ।

"तँ पनि हाँस्न ! आज तैले पनि आफ्नो दुलाहालाई देख्न पाइस् ?" आमाले हाँस्तै अझ खुशीमा भनिन् -"आज राजकुमारीले दुलाहा पाएको तैले पनि देखिस् ?"

शान्तिलाई न हाँस्नु, न लाज मान्नु भयो ।

"मलाई जिस्काउनु हुन्छ तपाई !"उसले विरोध गरी ।

तर केही अघि देखेको त्यस युवकको अग्लो कद र प्रशान्त चेहरा उसको नानीमा छाँया पर्दै आयो । शान्तिले सम्झन सकिन, यो सबै संयोग सत्य हो । उ त्यस युवकलाई चिन्न कतै पनि भूल गर्दिन, उसले स्पष्ट संझिरही -उसले जुँगा, दाह्री सफा खौरेको थियो । पानले रातो भएको ओठ र नयाँ कालो कोट, अनि उसको खाए लाएको आकर्षणकारी अनुहार, आँखाबाट हटाउन सकिन ।

"आमा ! चाँडै जाउँ !" शान्तिले एकछिनपछि भनी ।

"जाडो भयो ?" आमाले हेर्दै सोधिन्- "किन तेरो स्वर काम्यो"

शान्ति सहसा चुप लागी ।

"जाडो भयो ?" आमाले टक्क अडेर पुलुक्क हेरिन् ।

घाम अहिले पनि चर्किरहेको थियो । बेसरी हुरी आयो । धूलोले सडक भरियो । मोटरकारहरू हल्ला मचाउँदै पास भए । हूलहरू हल्लागर्दै बढिरहे । दुनियाँले यत्रो ठूलो बिहा कहाँ देख्न पाएका थिए ? महाराजाधिराजकी छोरी पनि अर्काको घर जानुपर्दो रहेछ । यस्तो समालोचना गर्नेहरू पनि हूलमा कोही थिए । शान्ति र आमा थकाइले हो वा सोचाइले हो घरसम्म चुप थिए ।

शान्ति आफ्नै कोठामा गई । घरमा उसका बाबु आएका थिएनन् । आमादेखि पनि बाबुदेखि

पनि उसलाई झोक चल्यो । अब उ कसैसित पनि नबोलेर एक्लै कोठामा बसिरहन्छे ।

भ्यालबाट चिसो जाडो पस्यो । भ्यालखापालाई जोडले धकेलिदिई र ओछ्यानमा पल्टी ।

भित्तामा टाँसिएको ठूलो ऐनामा रातो घाम छाँया पऱ्यो, तर उसको मनले आज रातो घामलाई सन्हाएन । रातो घाम सधैं उसको मनमा नयाँ स्मृति जगाएर बिलाउथ्यो, जसले गर्दा नयाँ भावनाको झरना उसको मुटुमा बहन्थ्यो । आज छातीमा चीसो बहन लाग्यो । उ एकदम निसास्सिन लागी ।

किनभने त्यो बेला एउटा लडका भ्यालको तल अगाडि एउटी बुढीले राखेको सानो पसलको यताउति सडकमा डुलिरहन्छ । अथवा पसलको पेटीमा बस्तछ । त्योसित उ यता एक महिनादेखि गुप्तरूपले प्रेममा फँसेकी थिई । जससित बोल्ने राम्रो अवसर उसले अहिलेसम्म पाएकी थिइन ।

शान्तिले भ्याल तल हेरी-त्यो लडका आइपुगेछ । उसलाई देखेर शान्तिको मुख कठोरतर हुँदै गयो । करीब १९ बर्षको त्यो सुन्दर लडका शान्तिको प्रतीक्षालाई पसलको पेटीमा बसेर चुरोट सल्काइरहेको थियो । चुरोट सल्काएर एकपल्ट भ्यालतिर आँखा उठायो ।

कोही मानिसले देख्ला भनेर शान्तिले यताउति – अनि झर्केर हो वा झोक्किएर हातले इशारा गरी –"जाऊ ! जाऊ अब, अब आउनु पर्दैन ! त्यहाँ पसलमा बसेर मलाई पर्खनु पर्दैन ! जाऊ !" उसले जोडसित हातलाई झड्कारेर फेरि जाऊ भनी । शिरले पनि जाऊ भन्दा कपाल छारएर उसको गोरो निधारमा लकिर परिरह्यो । इशारा गरूञ्जेल कोही गैरव्यक्तिको उपस्थिति पनि उसले अरू शंका र होस गरिन ।

भ्याल बेसरी ढप्काएर उ फेरि ओछ्यानमा आउँदै सोच्न लागी । त्यस लडकाको अवस्था कस्तो भयो, के असर पऱ्यो, कसरी जुरूक्क हिड्यो होला, एकक्षण पनि उसले होस गरेकी थिइन ।

राति उठेर शान्तिले त्यो भ्याल खोली । कोठा अँध्यारो थियो ।

एउटा जुनकिरी पिलपिल गर्दै आयो, मानौं त्यो लडका मुखमा सल्केको चुरोट च्यापेर भ्यालबाट पसिरहेको थियो । उसलाई डर लाग्यो । स्वीच दबाएर बत्ती बाली । कोठा उज्यालोले भरियो । दोलाइँले गुटुमुटु भएर भ्यालमा आएर बाहिर हेरी ।

× × ×

फागुन महीनैमा उसको विवाह सम्पन्न भयो । उसको विवाहमा ठूलो भडक र असंख्य जन्तीहरू थिएनन् । उसका बाबु एक साधारण व्यापारी थिए ।

शान्ति दोलाइँको सप्का हालेर भित्र पसी - त्यो नयाँ कोठा थियो । जहाँ उ कहिल्यै आएकी थिइन । अब उ सधैं यहीं, यही घरमा बसिरहन्छे ।

उसको पति उसले देखे अनुसारै पाई । उही अग्लो, र प्रशान्त चेहरा, जुन उसले चिन्नलाई भूल गरिन । बाहिरबाट आउँदा उनको ओठ पानले रातो हुन्थ्यो । शान्ति राजकुमारीको उही विवाहोत्सव सम्झन्थी, जुन दिन उसले यो भावी पतिलाई देख्ने संयोग अथवा सौभाग्य पाएकी थिई ।

उनी कोठामा पसे । उनले हाँस्दै शान्तिलाई सोधे -"म त्यस दिनको मान्छे होइन कि, सम्झ त ! "फेरि नजिकै उभिदै भने -"साँच्चि मैले पनि थाहा पाएको भए त्यो दिन म देखै पर्दैन थिएँ । अनि बिहेको दिन तिम्रो मनमा को को मान्छेको अनुहार आउँथ्यो !"

"त्यो दिन मैले तिमीलाई कसरी हेरें ?" पतिले सम्झनालाई शान्तिको चेहरामा केन्द्रित गरेर एकछिनमा भने -"यसरी हेर्दा तिमीले कस्तो गुण्डो रहेछ भन्ठान्यौ ?"

शान्तिले भनी -"मैले त्यस्तो कहिल्यै सम्झिनँ ।"

पतिदेव बेसरी हाँसे ।

टेबुलबाट एक दुइटा कविता लेखिएका कागतका टुक्राहरू उडेर भूइँमा खसे । शान्तिले टिपेर राखी दी । शान्तिलाई उनी फुर्सत पाएको बेला मीठो स्वरले कविता सुनाउँथे । उसलाई आफ्ना भावनाहरू सम्झाउन चाहन्थे । तर शान्ति चुपचाप सुनिरहन्थी मानौं उ सबथोक जानेर पनि चुप लाग्यो । झन् उत्साहित भएर उनी नयाँ कविता सुनाउँथे । शान्ति चुप लाग्थी । मानौं उसको विषय नै कविता

सुन्ने होइन ।

उसले सोधी -"चिया तयार गरूँ ?"

"जाऊ, तयार गर ।" उनले भने । अनि लेख्न थाले । फेरि उतिर मुण्टो उठाएर पनि हेरेनन् । शान्ति बाहिर गई ।

उच्चाट लागेर उ बाहिर बरन्डामा आई । त्यहाँ साना दुई नन्दहरू, गुज्जा गुडाएर दगुरिरहेका थिए । उ सासूको दुखेको कपाल मिचेर फेरि वरण्डामा आई । कोठामा पनि साहेब कविता लेख्ता लेख्तै ओछ्यानमा उत्तानो परेर निदाइसकेका थिए । दुई नन्दहरूसित उ क्यारेमबोर्ड खेलिरही ।

उ बेलुकीपख बगैंचामा डुल्न गई । नन्दहरूले उसित बगैंचामा पनि खेले । राती हुँदै गइरहेको घामले उसलाई आफ्नो माइतमा भएको एउटा प्रेमीसितको सम्झना आयो । तर त्यो जीवन र बेला आकैं थियो । अब त उसको विवाह भइसकेको थियो । सम्झनाले अफसोस मान्ने बेला थिएन ।

शान्ति कोठामा आई । पतिदेवले बाहिर निस्कनलाई कोट लगाए । बाहिर जुनेली उज्यालो हुँदै आयो । उनी भन्याङ्ग ओर्लंदै थिए । उनी गइरहेको हेर्नलाई शान्ति झ्यालमा आई ।

–एउटा मान्छे गीत गाउँदै घर तलको बाटोबाट आयो । उसले चश्मा लाएको थियो । शान्तिलाई देखेर गीत गाउन रोक्यो । त्यस मानिसलाई उ प्रायः देख्थी। –त्यो पुड्को र कालो थियो । सुकिलो लुगा लाउँथ्यो । त्यसको ठूलठूला बुट्टाको हरियो टोपी टाढैबाट चिनिन्थ्यो । शान्तिको पतिसित उसको भेट भयो । दुवैजना कुरा गर्दै गए ।

बिहान उ झट्टपट्ट उठी । पतिदेवले थाहा पाएनन् । उनी मस्त निद्रामा थिए । सात आठ नबजी उठ्तैनन् । आधा खोलिएको पूर्वपट्टिको झ्यालबाट पूर्वाकाशको उज्यालो छाँया जमिरहेको थियो ।

फूल टिप्नलाई शान्ति बगैंचामा गई । फूलदानीमा उ सधैं फूलहरू राख्थी, पतिदेव उठ्ने बित्तिकै खुशी हुन्थे ।

एकछिन मै आकाश पहेलो रँगियो । बादल रँगियो । झ्यालबाट किरण पस्यो । फूलदानीमा शान्ति फूलहरू सज्दै थिई ।

पतिदेव उठेका थिएनन् । बिहानको शीतल हावाले झन् उनलाई गाढा निद्रा पार्थ्यो । शान्ति आर्को झ्याल खोल्न गई । एक क्षणको निम्ति झ्यालबाट हेरिरही । घरको तल सानो बाटो थियो । उसले देखी –हरियो टोपी र चश्मा लगाउने पुड्को मानिस परबाट आइरहेको थियो । उसले शान्तिलाई झ्यालमा हेर्दा चश्मा घाममा चम्कियो । उसले शान्तिलाई चिनेको जस्तो गऱ्यो । शान्तिले त्यही बेला एउटा गहकिलो गुलाफ-जुन उसको हातमा थियो, उसलाई तल हानी । त्यो गुलाफको फूल उसको काँधमा लाग्यो । शान्ति हातमा मुख लुकाएर बेसरी हाँसी । त्यसले त्यो फूल टिप्यो ।

शान्तिले भित्रबाट च्याई –त्यो मान्छे त्यस ठाउँबाट गएको थिएन ।

त्यो देखेर उसको मुखमा हाँसो हरायो –त्यो मान्छेले अझै झ्यालतिर एकोरो हेरिरह्यो ।

शान्तिले घबराहटमा सुतिरहेको पतिलाई उठाउन ओछ्यानतिर बढी ।

शारदा, पौष २०११ वर्ष २० अङ्क १

विजयादशमी तथा शुभ-दीपावली २०६० को उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्गहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



पानीको धारा परिपरि सधैं सफा गरौं ।
खेर जाने पानी करेसाबारीमा लगाऔं ।

खानेपानी तथा ढल निकास विभाग
(वातावरणीय सर–सफाइ शाखा
पानीपोखरी, काठमाडौं)

सफा रहौं, स्वस्थ बनौं

रातमा चोर

बेलुकाको खानपिन सिध्याएपछि झिल्के खाटमा पल्टेको मात्र थियो, तमाखु 'कुडकुड' पार्दै पूर्नी भित्र आई र एउटा पराले चकटी तानेर बस्दै झिल्केलाई हुक्का दिएर भनी -"ल सल्क्या पनि छैन ।"

"सल्का तैं, खान पनि मन छैन ।" उत्साहहीन स्वरमा सुतीसुती झिल्केले भन्यो । पूर्नी चिलिममा आगो फुक्न लागी । आफ्नो विचारमा लीन झिल्के पनि उठेर धुँडोमा च्यूँडो अड्याई बस्यो । लोग्नेको विचारमग्न दशा देखेर पूर्नीलाई बोल्ने साहस आएन, तर सोधिहाली -"गएको हैन र आज ? "

"हो हुनत ।" सुस्त स्वरमा झिल्केले भन्यो – "किन-किन खै आज मेरो मन बिग्रिरहेछ ।"

"के कुरा भो र ? किन ?" दबेको उत्सुक स्वरमा पूर्नीले सोधी -"त्यसै पनि किन हरेस खानु ?" झिल्केले विचार बटुलेर जवाफमा भन्यो -"उही रे क्या-" फेरि चुप लाग्यो ।

"ठीकै त भएछ नि -"पूर्नीले भनी -"मलाई त नअसल लागेन ।"

"तँलाई त लागेन, तर .... ।"

"तर के ?.. अस्तिन पनि तीं गएको हैन ?" पूर्नीको स्वरमा साहस थियो । झिल्केले उस्तै स्वर मा भन्यो -"त्यसैले त डर भो ..... !" केही बेरको लागि दुबै चुप लागे, बाहिरबाट आएको चिसो स्याँठको झोक्का भ्यालमा ठकर खाएर चुप लाग्दथ्यो । बत्ती धिप धिप गरेर निभ्न खोज्दथ्यो । पूर्नीले आफ्नो विचार अगाडि सारी -"के डर हुन्छ र - अस्ति शङ्का गर्ने त्यो बुहारी चलाक भनौदी ती माइतमै छन् । त्यै कोठा हैन तिनीहरूको ? -त्यो ठूले, अरूको ....?"

पूर्नीको कुराले झिल्केले साहसको साँस फेऱ्यो र हुक्का लिएर कुडकुडाउन लाग्यो । आज तिनीहरूमा धेरै कुरा भएन । झिल्केको आँखा लोलाउन लाग्यो, लड्दै भन्यो -"लौ, जे हुन्छ ।" पूर्नीले पनि भ्याल ढोका राम्रोसँग बन्द गरी र टुकीको पिल्पिले बत्ती झिपिक्क निभाई ।

खट, खट, खट ! कसैले ढोका घच्चच्याउन लाग्यो । 'को ?' 'हामी ' बाहिरबाट शब्द आयो । पूर्नीले ढोका खोलिदी । ५।६ जना बाहिर उभिएका देखिए । हत्तपत्त झिल्के पनि सिह्रानमा राखेको खुकुरीको दाप कम्मरमा घुसारेर लट्ठी टेक्दै बाहिर निस्क्यो ।

ढाकिएका जूनको मैलो उज्यालोमा तिनीहरू बिस्तार-बिस्तार व्याँसोको झुण्डजस्तै बिलाउँदै गए । –त्यो घर निश्चल पहाड झैं उभिएको थियो । त्यसको छाँयामा उभिएका ती मानिसहरू आपसमा खस्याक–खुसुक कुरा गर्न लागे । झिल्केले सोध्यो - "ए, कताबाट त ?" पिञ्चेको बाबुले भन्यो – "देख्तैनस् ? यही भ्यालबाट ।"

"को चढ्ने ? झट्टै भन् ।" सबैको प्रश्न थियो ।

"तिमीनै जौन ।" वीरबलेले झिल्केलाई नै धकेल्दै भन्यो -"तिमी पैले जौ ।"

"त्यसो भए ....।" झिल्केले इन्कार गर्न सकेन -"लौ आओ त ।"

"हेर है, राम्रोसँग .... ।" दुई तीनजना अरूले ती तीनजनालाई मास्तिर धकेल्दै भने -पहिले झिल्के माउसुली जस्तै घिसेर भ्यालमा पुग्यो । एक हातले डण्डीमा समातेर अर्कोले कम्मरको खुकुरी झिकेर भ्यालको खापा फट्काउन लाग्यो । धेरैबेर लागेन, भ्याल खुल्यो । यताउति सचेत दृष्टिले तिनीहरू बिस्तारै भित्र पसे । भित्र मलीन बत्ती बलिरहेको थियो । त्यही मलीन उज्यालोमा ओछ्यानमाथि ओढ्ने फ्याँकिएको उत्तानो परेर मस्तसँग सपनामा डुलिरहेको बाहुनको छोरालाई देखेर पछि-पछि आएका वीरबले र पिञ्चेको बाबुले बिस्तारै सोधे -

"के अब ? पैले के ?" वीरबलेले झट्ट भन्यो -"के त खुकुरी नै ?"

"ऐले पख ।" तिनीहरूको अनुहार धमिलो उज्यालोमा चम्किरहेको थियो। चारैतिर चतुर दृष्टिले आँखा घुमाउँदै एकातिर भित्तामा झुण्ड्याएको कमीज सुरूवाल पिञ्चेको बाबुले झट्पट झिकेर लाउन लाग्यो । वीरबलेले अर्कोतिर लुगाहरू देख्यो, लाउन गयो । झिल्केको पनि अर्को भित्तामा एउटा नयाँ इस्टकोट माथि आँखा पऱ्यो र आफ्नो थोत्रो इस्टकोट फुकालेर लगाइ पनि हाल्यो-एक छिनपछि सबैले आफूलाई स्पष्ट अर्कै रूपमा देखे । हाँसिलो मुखले चाँडचाँडो सिङ्गान निर गएर वीरबलेले बिस्तारै – "ए, अस्तिनको पनि यही होइन ?" भन्दै साँचो मिलाउन लाग्यो । आँफूसँग भएको सबै साँचाको झुत्ता झिक्दै ताल्वामा मिलाउन लाग्यो । झिल्के र पिञ्चेको बाबु मिलेर अन्त अन्त खोज्न लागे । सबैले झन् झन् फूर्तिकासाथ काम सिध्याउन लागेका थिए कि 'खत्र्याक खुत्रुक" को आवाज आयो । झिल्केको मुटुमा डर पस्यो। हत्तपत्त त्यो भयालसम्म दौडेर गयो, तर चाल सुस्त थियो । झिल्के त्यसरी जाँदा ती दुई पनि केही डराए । झिल्केको मनमा विचार उब्ज्यो –"हरे ! मान्छेको जनम । यस्तो राम्रो जनम पाएर पनि यो खराब कर्म गर्नु परिहेछ। त्यस्ता तोपको मोहडामा नडराउने आज म काँतर साहस लिएर यो कममा किन अघि सरिरहेछु ! हे ईश्वर ! जुन मुटुमा साहस र वल मात्र भरिदिएको थियो, त्यो किन खालि गरायौ ? जुन अहिले मूसाको खटखटमा यहाँ तर्सन्छ! "त्यो उज्यालोमा तिनीहरूले देखे-झिल्के मुसुक्क हाँस्यो । तिनीहरू चुपचाप चाँडचाँडो बाकसको कब्जा खुकुरीको चुच्चोले उप्काउन लागे । अकस्मात् घऱ्याक्क आवाज आयो -कब्जा खुलेको थियो। बाहुन जुरूक्क उठ्दा नउठ्दा खुकुरी चम्क्यो। एक ठूलो शब्द निस्क्यो। बत्ती निभ्यो। दुवैजना भ्यालबाट हाम फालिहाले । झिल्के पनि हाम फाल्यो । आँगनमा बज्यो । दौडन खोज्यो, तर उठ्नै सकेन । घिस्रो । त्यहीँ लड्यो । केही लागेन । हिजो अस्तिको जस्तो पखाल कान्ला नाघ्ने सामर्थ्य अहिले उसमा थिएन । एक हात चल्न चट्पटाउन नसक्ता झिल्केलाई हताश पऱ्यो र आफ्ना भागेका साथीहरूलाई सम्झन लाग्यो । तर घरमा खल्बली मच्चिसकेका थियो । सबै घरका मानिस कराउँदै चिच्याउँदै निक्लन लागे । दुईजना धम्मरधुस काला काला मान्छे आएर त्यसैबेला झिल्केलाई पक्डे, ठटाए। झिल्केको केही जोड चलेन। सालिक जत्तिकै निश्चल थियो । ८/१० जनाको बललाई नटेर्ने झिल्केको बल आज कता हरायो। -ती दुईले उसलाई पक्डेर लान लागे । कहिले तुर्लुङ्ग झुण्ड्याएर कहिले घिसारेर लछार्दै पछार्दै लामा-लामा बाटाहरू हिंडिसिध्याएपछि एउटाले भन्यो –"अब त आइपुग्यो ।" केही टाढा क्याम्पभित्र एउटा गगनचुम्बी अट्टालिका हाँसिरहेको थियो । ती दुईजनाले धकाइको लामो सास फेरे झैं टुपी समातेर भित्र पसे । सरासर कयाम्पभित्रको खालि ठाउँ पनि सिध्याउँदै लग्दै थिए –झिल्केले देख्यो, -डराउँदै विचार गऱ्यो –"यो दरबार मलाई खान पो हाँसिरहेको हो कि ।"

ती दुईले भित्र ठूलो कोठामा लगेर दाखिल गरिदिए । एउटा बुढो लामा-लामा जुँगा मुसार्दै सेतो दाढ्ढी हल्लाएर बसिरहेको थियो। झिल्के एकाएक डराउँदै चिच्यायो -"हे इश्वर, के हुन लाग्यो ?" ढोकामा बसेको पालेले लट्ठी उज्याएर 'चुप' भन्ने इशारा गऱ्यो । झिल्केलाई त्यहीँ बुझाएर ती यहाँ ल्याउने काला-मोटा मानिस त्यो बूढोलाई अदवसाथ सलाम गरेर बाहिर निस्के । सेतो दाढ्ढीले आँखा सन्काय़ो । भित्रबाट केही मान्छे आएर झिल्केलाई थाममा बाँधे । अनि कोर्राले ठोक्न लागे । तर तिनीहरूले उसलाई निर्दयता पूर्वक ठटाउन छाडेनन् । बुढोले फेरि सङ्केत गऱ्यो । एकैपल्ट झिल्केले आफुलाई एउटा कालो कोठरीमा थुनिएको पायो ।

केही समय बित्यो । झिल्के त्यो अँध्यारो ठाउँमा छटपटी गर्दै भोक प्यासले पानी नपाएर मुख च्याप–च्याप गर्न लाग्यो। कोही दिनलाई आएन, आफ्नो घरमा पूर्नीले ल्याएको त्यो चीसो पानी हरेकबार सम्झिरहन्थ्यो । त्यो बेला एक थोपा पनि त्यो पानी भए.... ?

मुद्दा चल्यो ? ती सबै झिल्केका साथी पक्डिए । ल्याइए । झिल्केलाई पनि अड्डामा लगे ।

डोरी झुण्डिएको थियो । झिल्केलाई नजिकै लगे । एउटाले डोरी समायो । झिल्के अझ नजिक घच्याडियो । घाँटीमा सुर्कने पऱ्यो । करायो । चिच्यायो केही लागेन । हातखुट्टा फडक-फडक गर्न लाग्यो ।

"ए, के गऱ्यो यो ?" पूर्नि घच्घच्याएर उठी । झसङ्ग भएर झिल्के पनि उठ्यो । यताउति डर एको आँखाले हेरेर साँस मिक्लिक गर्दै झिल्केको घाँटीबाट शब्द निस्क्यो–अँ-अँ-अँ-

पूर्नी डराई । उसको यस्तो अनौठो चाला हेरेर बसिरहन सकिन, अचम्मले हटी । झिल्के बोलेन । पूर्नी बढी र फेरी घच्घच्याई बेस्करी र भनी – 'के भो हँ ?' झिल्केले उत्तर दिएन । अँध्यारो कोठामा आफ्नै ओछ्यानमाथि यताउति बाटो खोजे झैं गरेर निद्रैमा जऱ्याकजुरुक उठ्यो र एकातिर बाहिर निस्कन खोज्दा भित्तामा ठक्कर खाएर करायो । 'ऐया' भन्दै टाउको सुम्सुम्याउँदै खाटभित्र पस्न लाग्यो । स्वास्नीको पालो डरले ढोका खोलेर बाहिर निस्की होली । झिल्के पनि उसकै पछि पछि फुत्त निस्क्यो र भागाभाग गऱ्यो । डराएकी पूर्नी झन् डराउँदै एक विभत्स आश्चर्यमा कराउन पुगी -"ए ! काँ' जान लाग्यो ? लौन नि के गर्ने ?" झिल्के परै पुगिसकेको थियो । चुपचाप नबोली अध्यारोमा हराउँदै गयो ।

केही दिनसम्म त गाउँभरी यसको हल्ला चलिनै रह्यो–कुनै गाउँले भन्थे–"ऊ डुबेर मऱ्यो ।" कुनै चाहिँ– "बहुलाएर हिड्यो ।" इत्यादि ।

कुनै दिन धोत्रो झुत्रो कालो 'इस्टकोट' लाएको एक दुब्लो मान्छे वनको साँगुरो अध्यारो बाटोमा बिस्तारै गइरहेको थियो । पिञ्चेकी आमाले केही बेर निहारेर हेरिरही । अनि चिने झैं दौडेर सोधी "ओहो ! तिमी पो ? कहाँ जान लाग्यौ ?" त्यस मान्छेले परिचित दृष्टिले एकपल्ट हेऱ्यो, फेरि जाँदै भन्यो –"सपनामा !" आखिर ऊ कता गयो ?

शारदा, २००६ वर्ष २५ अङ्क १२ चैत्र

विजयादशमी तथा
शुभ-दीपावली २०६० को
उपलक्ष्यमा हाम्रा समस्त
ग्राहकवर्गहरूमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

हिमालयन बैंक लि.
Himalayan Bank Limited
हेड अफिस तथा मुख्य शाखा
त्रिदेवी मार्ग, ठमेल, पोष्ट बक्स ३८१०, काठमाडौं
फोन नं. ४२२७७४९, ४२५०२०१, फ्याक्स: ४२२२८००

विजयादशमी तथा
शुभ-दीपावली २०६० को
उपलक्ष्यमा हाम्रा समस्त
ग्राहकवर्गहरूमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

नबिल बैंक लिमिटेड
NabilBank
Nabil Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O. Box : 3729, Kathmandu Nepal
Tel: 4429546/47,
Fax: 0097-1-44295448, Telex: 2431 NABIL HNF
e-mail: nabil@nbil.com.np
Web page://www.travel.nepal.com/nabilbank

नयाँ बुहारी

आमा जति छिटो बत्ती कात्नुहुन्छ, उत्ति छिटो कुरा गर्नुहुन्छ । वहाँले मलाई अघिल्तिर डाक्नु भो र बसाल्नु भो, अनि भन्नु भो – "तँलाई म आज नयाँ बुहारीको कुरा सुनाउँछु ।"

एउटा तीन-सुते बत्ती कातेर ढक्कीमा राखिसकेपछि आमाले मलाई भन्नु भो -"राधालाई चिनेको छैनस् ? हो, डिट्ठिनी बज्यैकी छोरी । उनी घरबाट आएकी रैछन् । आज भन्थिन् –उनको घरमा अस्ति सहरबाट मामा ससुरा-सासू दुवैजना आएका थिए रे । राधाकी सासूसँग कुरा गर्थे रे- भर्खरै कान्छो छोरोको बिहे गरेका रहेछन् । दिनभरि राधा नयाँ बुहारीको कुरा सुनेर बसिछन् ।" आमाले बीचैमा मेरो हातबाट किताब तानेर आफ्नो बगलमा राख्नुभयो - "टाउको उठाएर सुन । अहिले किताब हेर्नु पर्दैन ।" मलाई पत्ता थिएन आमालाई छिमेकीहरूका नातासम्बन्धी विषयमा पनि अनेक कुरा थाहा थियो ।

"राधा भन्थिन्-नयाँ बुहारी पढ्न जान्ने, लेख्न जान्ने भनेर सासू दुई-चार दिन चुप लागेर बसिछन् । सुनिस्, दुई-चार दिन भएपछि थाहा पाइन् –नयाँ बुहारीको नयाँ चाला पो रहेछ । के अराउनु, के सिकाउनु ? तँ भन्दो होलास् मनमनै नयाँ बुहारी असल रैछन् । कुलच्छिनी, सासू-ससूरा कसैलाई पो नटेर्ने कहाँकी ठाडी रैछ । राती सासूको गोडा मिचेर सुत्नुपर्छ, ससूरालाई दर्शन गर्नुपर्छ भन्ने पनि उसलाई थाहा रैनछ । नगरेपछि थाहा भएर पनि के ? आफूले जानेको पढेको कुरा काममा लगाए पो राम्रो देखिन्छ । भन्न चाहीँ कुलिन बुहारी, त्यसले जानेर के काम लाग्यो ? पढेको के काम ? सासूले काम गरेको हेरिरहन सक्ने । अरू दुइटी बुहारी भने सासूको माया गर्ने । भात पकाउन नदिने, घर लिप्ने कान्छी बुहारी भर्खर चुल्ठो जोरेकी सँधै बुहारी नानी ।"

आमाले बत्ती बटार्दै ढक्कीमा राख्नु भो र खरानीमा औँला दल्दै भन्नुभयो -"कुलकी छोरी– मलाई चाहिन्न, यस्ती कुलकी छोरी । असल शील-स्वभाव भए मलाई पुग्छ । धनीकी छोरी सब कुरा देखेका, सुनेका -जानेका भन्ने कुरा मात्रै । त्यस्ताले पनि मान्यजनलाई मान्छन् ? ढोग्छन् ? उनीहरू नमस्कार गरे पुग्छ भन्छन्, सासूको गोडामा ढोग्ने चलन कहाँ हरायो ?"

अहिले मैले टाउको उठाएर सुनें-आमाले भन्नु भो -"राधा भन्थिन् महीनाको चार -दिन पर सरेको बेलामा पनि कान्छी बुहारीलाई लोग्नेसँगै कुरा गर्नु पर्ने रे । सासू-ससूरा, जेठाजू-जेठानीको मान मर्यादा हुनुपर्छ । सधैं कोठामा पुग्ने हतपत, लोग्नेलाई भेट्ने हतार । दुई तीन महिनापछि त पर सरेको पनि देखिएन रे । सासूले सबैसँग कहिन्- छोरीलाई माइत आएको बेला सुनाइन्-नयाँ बुहारीको यस्तो चरित्र, पर नसर्ने, कसैलाई नटेर्ने, धर्म-कर्म, पूजाआजा कुनै कुरा छैन । यस्तो अघोर पाप पनि संसारमा अरू हुन्छ ? पर सरेको बेला पुस्तक छुनु पनि अधर्म भनेको छ शास्त्रले ।"

आमाले अगाडि जे भन्नुभयो, मैले बडो संकुचित भएर निहुरेर सुनिरहें-"अनि घरमा अनुमान गरेछन् -कान्छी बुहारीले पेट बोकेकी हो । अरू बुहारी दुई-तीन वर्षमा गर्भवती नभएका, कान्छी बुहारी दुइ-तीन महीनामै गर्भवती भई । सासू मनमनै औधि हर्ष मान्न लागिन् । त्यसपछि, कान्छी बुहारीलाई बोलाउन पनि आफै जाने , आफ्नो अगाडि राख्ने नयाँ कान्छी बुहारी उनलाई मन पर्न लाग्यो । नयाँ–नयाँ साडी, हातमा झुण्ड्याउने पर्स किन्नलाई रूपियाँ दिने गर्न थालिन् । माहिली बुहारीले यस्तो चाल पाएर माइत गएकी दुई दिनलाई भनेर छ महिना भो आएकी छैन रे, आठ -नौ महीना भइसक्यो रे कान्छी बुहारीले पेट बोकेकी होइन रहेछ । उसको पर नसर्ने नयाँ चलन पो रहेछ ।" यति भनेर आमाले मतिर मुख फर्काउनु भो र आफ्नो बगलमा राखेको किताब मलाई दिँदै भन्नु भो -"तँलाई यही कुरा सुनाउँ भनेर डाकेको । जा अब पढ् । मसित अब पढे-लेखेकी दुलही बिहे गर्ने कुरा नगर, कान उखेलिमाग्लास् ।"

प्रगति द्वैमासिक, वर्ष २ अङ्क ४ पूर्णाङ्क १०

उस्तै साथी

आकों घरमा गाइने सारङ्गीमा गीत गाइरहेको थियो । रेटेको बाजाको राइँ राइँ आवाज वल्लो घरमा ओछ्यानमा भर्खर लडेको सोमेको कानमा मीठोसित परिरहेकोले उल्ले थाहा पाएन खूब राम्रो सपना देख्न लाग्यो । सपनैमा मस्त भइरहेको थियो ।

ऊ सुतेको भ्यालैतल आँगन । आँगनबाट माथि उसको कालो टाउको देखिन्थ्यो । उसको धुलो लागेको कपाल-फ्वाँ फ्वाँको सुनसान आवाज ।

अकस्मात् बिम्फेर आँगनतिर आँखा खोल्दा सोमेले गाइनेलाई देख्यो-उभिएर हातमा सारङ्गी लिएर एक हातले -'हजूर !' सलाम गरिरहेको । कतिपल्ट 'हजूर' भन्दा उसले यो मालिकलाई ब्यूँझाउन सफल भएको होला र कति अरू शब्द कराउँदा !

राता राता आँखा पल्टाएर सोमेले गाइनेलाई हेरिरह्यो !

"गीत गा न, के हेरिरहन्छस् ?"

'म गीत गाइरहेको ।' जाने बेलाको आश लिएर गाइनेले बिन्ति चढायो ।

'फेरि गा !' बेफिक्री सोमेले अर्डर दियो ।

बाहिर चर्केको घाम केहीछिनको निम्ति बादलले ढाकियो ।

आँगनमा बसेको गाइनेले फेरि शुरू गर्न लाग्यो । गीतभन्दा रेटेको ध्वनि आनन्ददायक थियो ।

मैलो कालो लुगा ओढ्ने । एउटा चामलको पोको भुइँमा राखेको । घाम लाग्दा पसिना उसको निधारमा टल्कन्थ्यो । गाइने गीतमा कराउँदा घाँटीका नशा फुल्दथे ।

उसले फेरि बोलाउँदा पनि सोमे सुतिरहेको थियो । ब्यूँझेर हेर्दा उही गाइने बिदालाई उभिरहेको ।

'खै तँ गीत गाउँदैनस् ?' सोमेले फेरि भाषको आग्रह गऱ्यो -'गा न गा ल अब त सुत्दिनँ ।' किया कुहिनाले टेकेर गाइनेले बजाएको सुन्न लाग्यो । एकछिनमै सुन्दासुन्दै उँघ्न थाल्यो । झल्याँस्स उठेर लाइराखेको कोटबाट पैसा बजाएर झिक्ता हातमा पाँच आना आयो । सम्झीकन आँगनमा बज्ने गरेर फालिदियो । गाइनेले हाँसोमा भरिएर टिप्यो । सलाम गऱ्यो । फेरि अर्को कोठामा सानो भ्यालतिर मुख फर्काएर हाँस्दै सलाम गऱ्यो ।

सोमे जिल्लियो । गाइनेलाई अचम्मले हेरिरह्यो ।

एक्लो ढलमलिँदै बाहिरबाट सोमे एक-दुई घण्टा अगाडि घरमा पसेको थियो ।

घरमा कोही थिएन । आफू एक्लो बाहेक कोही थिएन । कसैको आउने बेला भएको थिएन ।

को आए छ माथि ? आमा ? बहिनी ? होइन, उनीहरू साँझ नपरी किन आउँथे, २२ धारा नुहाउन गएका ?

'को, त्यहाँ को छ ?' सोमेले विश्वास नगरी सोध्यो ।

जवाफ नदिएर हाँस्दै गाइने अल्मलियो ।

'को ?' फेरि सोमेले सोध्यो ।

'ए ! हाँस्दै भित्र सवारी भो !' भ्यालतिर हेरेर हाँस्दै गाइने उभिरह्यो ।

'आइमाई?' सोमेले भन्यो । अनि ओछ्यानमा पल्टेर अह्रायो-' फेरि गीत गा ।'

'फेरि गाऊँ हजूर ?' गाइनेले सोध्यो ।

तल भऱ्याङको अन्तिम खुड्किलो टेकेर छोडेको पाइलाको आवाज सहसा सुनियो । गाइनेले सारङ्गी रेट्न थालिसकेको थिएन । सोमे जुरूक्क उठ्यो । गाइनेलाई भन्यो -'पख्, पख् ' अर्को भ्यालमा पुगेर बाहिर हेऱ्यो -'त्यताबाट हेर् त कहाँ जाँदी रैछ ?'

केहीछिन दुबैले एक एकतिर हेरिरहे ।

'भैगो' सोमे भित्र ओछ्यानमा बसेर भन्यो–' त्यो कहिले देखेको तैले ?'

'अहिले हो ? म आउँदैखेरि । यी तल कोठामा थिइन् । अनि माथि गइन् । त्यै भ्यालबाट मलाई गीत गाउन अराएकी । नत्र म अघिनै –हजूर सुकलामा ।' अनि राइँ-राइँ रेट्न लाग्यो । रेट्दै गीत गायो -'चन्द्र शमशेर महाराज -।' एकछिनपछि फेरि अर्कै गीतलाई भाका पायो । रसिलो गीत दिलै रसाउने शीतल ।

'हा हा हा !' हाँसेर सोमे तैयारीमा पलेटी कसेर ध्यानमा एकोहोरियो । गीत सिद्धिँदा -'फेरि त्यै गीत !'

'दिन गयो हजूर, अब म बिदा पाऊँ !' गाइने उठ्ने तर्खरमा लाग्यो । सोमेले सोध्यो-

'तेरो स्वास्नी कति छ ?' '

कति ? हि हि हजूर, थियो-'

उ हाँसेकोले सोमे पनि हाँस्यो ।

"भन्न, को छ तेरो, मरी ?"

"अब एउटी छोरी छ । मर्न नसकेकी छोरी ।"

"अबेर भएको छैन, पख् ।"

सोमे उठ्यो । कोट राम्रोसित लायो । जातीय गीतमा गुन्गुनाउँदै जुत्ता लाएर तल आयो । बाहिर निस्कियो । -'खुब दुःख दिन्छे तेरी छोरी ?, उसले भन्यो ।

'औधि । म मोरि सकें ।' गाइनेले पनि आफ्नो भित्री हैरानी पोख्यो ।

देख्ता लाहुरे-कदको छोटो, जुँगा पनि छोटो-छोटो । सोमबहादुर, गाइने पछि पछि गफमा हाँस्दै हँसाउँदै सोमेलाई हिँडेको पत्ता भएन । रात निक्कै गइसक्यो ।

पर सडकको छेउ, एउटा घरमा तल मधुरो बत्ती बलिरहेको-त्यही बाटो गरेर तिनीहरूलाई जान पर्थ्यो । -माने गाइनेलाई ।

गाइनेले आग्रहपूर्वक सोमेसित भन्यो- 'हजूर -ह ।'

'के ? अँ ।' सोमेले पर पसेको मनलाई रोकेर भन्यो ।

त्यति बेरसम्म ती दुवै बत्ती ढाकिने गरेर बाहिरै उभिरहे । अनि सोमे भित्र पस्यो । गाइने बाहिरै दलानमा बस्यो ।

डेढ घण्टापछि खाई पिई पैसा सबै सकेर गाइनेको पैसा पनि तिरिदिएर सोमे बाहिर आयो । गाइने साथमा लाग्यो ।

'सधैं त त्यहीँ हुन्थी । आज कता गइछ । गाइनेले दुःखको लर्बरिँदो स्वरमा भन्दै गयो सोमबहादुरलाई पनि नमज्जा लागेको थियो ।

'आज मरें साहिँला दाइ -'सोमेलाई पनि गाइनेको गाना खुब मनपर्थ्यो ।

टाढा, निकै मान्छे पनि घटिसकेको अन्धकार वनजस्तोमा पुगिसकेपछि सोमे झस्कियो ।

'देखिनस् ?' सोमेले सोध्यो ।

'हैन । हैन ।' गाइनेले भन्यो ।

'हो । हो । मोरा -ल एउटा गीत गा ।' सोमेले गाइनेलाई कसेर अँगालेको थियो । झन् झुण्डिदै सोमे लड्न लाग्यो । गाइनेसमेत, दुबै लड्दै गए । लडेपछि पनि सोमे भन्दै थियो -'गा भन्या मोरा गाउँदैनस् ?' सोमेले गाइनेको पिठ्यूँमा एक लात बुट जुत्ताले हान्यो । गाइने खेतको कान्लोमा पल्टियो । पैसा खसेको पनि आवाज आयो ।

गाइनेले अलि अलि मात्र करायो, गीतको अस्पष्ट ध्वनिजस्तो ।

* * *

सोमे लम्कदै घरभन्दा अलि वरै लड्यो ।

फेरि उठेर घरतिर फर्कंदा दगुर्‍यो । उल्ले अगाडि केही देखेको थियो लम्केर समात्यो । हातमा चुरा बजे ।

'दिउँसो तिमी आ'की थियौ ?' सोमेले सोध्यो । दुवैको कालो छाँया उभिरहेको थियो मौन ।

'म भोकै छु । मलाई पैसा देऊ ।' करूण आवाज घाँटीमा बजेको सुनियो । हर्र हुरी आएझैं सोमेलाई हल्लायो । उसले स्वास्नी मान्छेको हात बलियोसित समातेको थियो ।

'मलाई पैसा देऊ ।' फेरि भनेको सुन्यो ।

'केको पैसा ? छैन । छैन पैसा । जा नकरा ।' तर हात झन् जोडले समातेको थियो । नाडीको हाड भाँचिएजस्तो दुइटा चुरा फुटेको आवाजसित फेरि -'नरिसाउन ।'

शारदा, २००६ वर्ष १५ अङ्क २ ज्येष्ठ

झगडाको रूप

आज मलाई फेरि नयाँ उत्साह सञ्चार भइरहेछ । यो उत्साहप्रति म सशङ्कित पनि छु, किनकि यसले मलाई फेरि पहिलेकै स्थितिमा पुऱ्याउने त होइन । यो त्यस्तो उत्साह पनि होइन कुनै रोगी तङ्ग्रिएपछि अनुभव गर्छ । न त यो कुनै राजनीतिक विजयोल्लासले हरुवामाथि परिहास गर्ने उत्साहजस्तो भनौं ।

मलाई त यो उत्साह मेरी श्रीमतीले वार दिनपछि मसित बोलिदिएकीमा छ । चार दिनअघि उनी मेरो बाउँठे स्वभावले आजित भएर कामधन्दा गर्नै छोडेर कोठामा चुपचाप लम्पसार परेकी थिइन्- न त उनले भात पकाइन् न भाँडा माझिन् । घरका कसैसित पनि बोल्न छोडिदिएकी थिइन् । कान्छो छोरोले भात पकाएर भाँडासमेत माझी स्कूल जानुपरेको थियो । मलाई ठीक समयमा अफिस जान भ्याउनु परेको थियो ।

जे हुनु चार दिनभित्र सबैले भोगे अनुभव गरेका थिए । तर घरमा यस्तो अशान्ति खडा गर्ने मुख्य नायक मै थिएँ । यस्तो लोग्ने-स्वास्नीको झगडा ३०।३५ वर्षको दौरान कतिपल्ट भयो होला । कति उग्र रूप लियोहोला ! ती सब बिर्सिंदै गए पनि बेलाबखत यस्तो झगडा परिरहन्थ्यो र टर्दै जान्थ्यो । तर आज मलाई विशेष रूपले सोच्न बाध्य गराइरहेछ -के हो त्यो कारण जसले हामीलाई रोगले झैं कहिले पिछा छोडेको छैन । त्यो मूल कारणको खोजीमा म चिन्तामग्न हुन लाग्दछु र आफैंसित सोध्छु -के हो त्यो कारण ? जवाफ म आफै दिन तत्पर हुन्छु -मेरो आफ्नै स्वभाव ?

उनी पनि मलाई नै दोष दिन्छिन् भने मेरो स्वभाव नै दोषी छ ।

तर म उनको अगाडि कहिल्यै झुक्तिनँ । म आफ्नो दोष स्वीकार गर्न चाहन्नँ । यो मेरो अहम्ले दिंदैन । म आफ्नो अहम्लाई कमजोर गराउन चाहन्नँ । मलाई लाग्छ-म त्यस्तो घमण्डी व्यक्ति पनि होइन । मलाई चिन्नेहरू जो पनि इष्टमित्र हुन् वा नातेदार कस्तो फितलो र दुर्वल भनी मलाई हँसीको पात्र बनाउने गर्छन् । यो दुर्वलता म आफै अनुभव गर्छु, किनभने घमण्डी व्यक्ति भए म आफ्नो पढाइको घमण्ड गर्थें । म सरकारी जागिरे हुँ भनी आफ्ना छरछिमेकी गाउँलेहरूलाई फुर्ती धाक देखाई हिंड्थें । उनीहरूलाई यो पनि थाहा छैन -म कुनै खर्दार मुखिया हुँ वा सीनियर सेक्शनल हेड । एउटा साधारण झुप्रोजस्तो तीन-चार दशकअघिको एउटा झिँगटीको छाना भएको दुई तले कच्ची घरको आजको बढ्दो फेशनेवल छरछिमेकको बीच कुन मान्यता हुन्छ यसभन्दा राम्रो घर मेरो थिएन । शरीर ढाक्नेसम्म मतलब राख्ने मेरो पोशाक अर्थात् दौरा सुरूवाल कोट भादगाउँले टोपी र खुट्टामा नेपालमेड जुत्ता । जहानको पनि कुनै खास सारी चोलो थिएन । छोराछोरीको पनि त्यस्तै पहिरन । मेरो आर्थिक क्षमता नै कति थियो र घरका प्रत्येक सदस्यको आवश्यकता पुगोस् ! यसको मतलब सीधासाधा जीवन र उच्च विचारको पक्षपाती म छु भन्ने पनि होइन । यो त विवशता थियो । फेरि यो पनि होइन कि म 'सन्तोषं परमं सुखम्' भनी सन्तुष्ट छु । सन्तुष्ट त म कहिल्यै छैन । हो, म घर बाहिर अरूका दृष्टिमा त संतोषी ज्ञानी छु । कसैसित ठूलो स्वरमा कुरा गर्न जान्दिनँ । विनम्र छु । यसैले हो कि विवशताले मानिसलाई विनीत र इमान्दार बनाउँदो रहेछ । म अफिसमा कति इमान्दार छु भन्ने कुरो मैले तीन चार दशक देखिको मेरो घर-आफिसको जिन्दगीले नै बताउँछ ।

यो भयो मेरो आफ्नो तर्फको स्पष्टीकरण कि म कति निर्दोष छु । तर मेरी श्रीमती

उमादेवीको दोषारोप ममाथि बिल्कुल उल्टो छ। उनी मलाई नै दोषी ठान्छिन्। मेरो यस्तो स्वभाव हुनु नै उनको लागि दुर्गुण भएको छ। म भन्छु-म आफ्नो स्वभाव कसरी छोड्न सक्छु ? मेरो इच्छाले हुन्छ र ? मलाई पनि आफ्नो स्वभावदेखि संतोष छैन।

"तपाई आफ्नै स्वभावमा सन्तुष्ट हुनुहुन्छ। उनी मलाई सर्पले फँडा उठाएझैं एकदम डस्न तयार भइहाल्छिन् -"तपाईले चाहेको भए घरबार जोड्न सक्नुहुन्थ्यो। नयाँ घर बनाउनु हुन्थ्यो अरूले जागिर खाएर के के गरिसके।"....

आदि।

म आफ्नो स्वभाव बानी बेहोरको बारेमा कुरा गरिरहेछु। घरबार नयाँ थप्ने जोड्ने कुरा होइन मैले यति के भनेको हुन्छु उनको दिल दिमागमा चोट पुगिहाल्छ। उनी तत्कालै जवाफ दिन छोडेर काम गर्दागर्दै त्यसै छोडेर कोठामा ओछ्यानको शरण लिन पुग्छिन्।

चार दिनअघि पनि यही घटना दोहोरिएको थियो, जसले झगडाको रूप लियो र फेरि आज सम्झौता भएको छ।

पारिजात, वर्ष ३ अङ्क ५ पूर्णाङ्क १५ २०३९

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा

शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं।

अनमोल फुटवेयर

मुर्ली वीरगञ्ज

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा

शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं।

महासेठ इन्टरप्राइजेज

नयाँसडक, भैरहवा, नेपाल

फोन नं. (०७१) २३८५१, २३५५३

Specialist:- H.T.L.T. Line Materials & Transformer, Conducter, Insulator, Braker Spare Part Order Supplires

बास

स्याँ-स्याँ गर्दै परदेशी लामो उकालो काटेर सम्म बाटोमा आइपुग्यो । आँखा तानेर पर-परसम्म साँझको धमिलो उज्यालोमा हेर्दथ्यो । तर अझै त्यो घर देखिएन । पिठ्यूँको गह्रौ कुम्लो, निधारको पसीना पुछ्दै आतुरतासाथ थाकेको गोडामा नयाँ ताकत निकाल्दै आफूले उछिनेका पाटीमा बास बसेका साथीहरू सम्झँदै, निकै पर पुगेपछि बल्ल त्यो घर देखापऱ्यो । ठूलो घर, तल पसल । मलिन उज्यालोले भरिएको, एक खापा मात्र खोलिएको पसल । उ त्यहींबाट निस्केको उज्यालोमा स्पष्ट देखिएर टक्क अडियो । घुम्लुङ्ग ओढेको ओढ्नेबाट एक हातले हुक्का समातेको चिनेको पसले, ट्वार ट्वार निस्केको आवाज, झलक्क मनमा उबेलाको चित्र खिचियो-काला-काला जुँगे मूठे उही साहू बसिरहेको । एक लामो निश्वास लिएर थकित परदेशीले अधिकारपूर्ण स्वरमा बोल्यो -"बल्ल-बल्ल cDkl1of].nft ca ;fphL!"

केही बेरपछि -साहूले भन्यो -"भित्रै आउनुस् । भित्रै छ ठाउँ । बाहिर चिसोमा किन ।" अनि घरको जहानलाई बोलाएर भित्रै सुकुल हाल्न लाइदियो ।

साहूको उदार -सेवामाथि खुशी हुँदै पर देशी भित्र पस्यो । कुम्लोमा अडेस लागे र वरिपरि हेऱ्यो -न्यानो फराकिलो ठाउँ, आजै मात्र लिपपोत गरेको । थकाइ मरेपछि परदेशी खानपिनका तरखर मा लाग्यो । साहूले चामल-दाउरा सबथोक ठीकठाक गरेर चूल्होमा आगोसम्म जोर्न लगाइदियो, भात बसाल्न मात्र बाँकी भयो । परदेशी चाहिएको चीज मगाउँथ्यो । यसै बीचमा साहूका र उसका कति किसिमका कुराहरू भए । साहू पनि आफ्नो गाउँतिर को दीन-हीन अवस्था तथा उहिले र अहिलेमा बदलिएको परिस्थिति उपर आफूले जानेका-देखेका अनुभवी कुराहरू झिक्दै गर्थ्यो, परदेशीले भात पकाएर खाउञ्जेलसम्म पनि त्यही कुरो दुईमा लम्बिदै थियो ।

साहूले पसल बन्द गरिसकेको थियो । पसलको भित्रपट्टिका खुला ढोकामा बसेर पसले कुराको प्रतीक्षामा जाँगरिलो देखिन्थ्यो परदेशी पनि काम-धन्दा सिध्याएर ओछ्यानमा आयो । पसलेले भन्यो -"खै अब धर्म गो भनुँ कि त्यसकाल गो भनुँ-धर्म गो भनुँ आफ्नो व्यवहार उस्तै रीतले चलाउन पर्दो रहेछ । नचलाई हुँदो रैनछ । फागुनमा छोरीको बिहे छ । कति थोक, - अलि अलि गरे पनि कति लाग्छ । यस्तो ठाउँ छ । मान्छे र यिनै हुन् - सबै लुच्चा र फटाहा । -कसैलाई पत्याउन नहुने भइसक्यो । अस्ति यही गाउँमा एउटाको घर फोरियो"

"जे गरेर पनि जहान-बच्चा बचाउनु पऱ्यो । अनि नगरे पनि कसरी" परदेशीले सहिथाप्दै भन्यो -"मान्छे छप्काउन बाँकी नराख्ने -यस्तो काल छ ।"

झट्ट साहूले भन्यो -"पोहर यी हेर्नुस् न ..... " कुराको सिलसिला बढ्दै गइरहेको थियो । निक्कै रात गइसकेकोले बिदा लिँदै साहूले भन्यो – लौ त सुत्नुस् । थाक्नु भो । मलाई त कहिले निद्रै पनि लाग्दैन । यस्तै पीर लाग्छ उठेर धुम्धुम्ती पनि बस्छु "

त्यस अँध्यारो कोठरीमा परदेशी निदाउने कोशिश गरिरहेको थियो । साहूले एउटा राडीसमेत ओछ्याउन दिएकोले न्यानो लागेर साहूको साधुता र निर्मल हृदय देखर निक्कैबेर यही कुरा सोच्न लाग्यो । उसले यत्तिको पाउने आशै राखेको थिएन । साहू त उबेला निकै खरो थियो ।

पाटीमा बसेका साथीहरू सम्झँदै उ अहिलेको जीवनसँग दाँज्दथ्यो-"पाटीको त्यो चीसो सिरेटो ।" अर्को कोल्टे परेर अर्को विचार गऱ्यो । 'आज कत्तिको हिँडिएछ ।' बाटोका चित्र अंकित भयो । "नौ कोश पुगेछ ... अझ हिँडिने ... । भट्टीमा अल्मल भो अलिक बेर । यति हिँड्नु पनि धन्न !"

'सहरमा बसेपछि मान्छे बिग्रने ! बस्न त गाउँ मै हो ।' उसले मालिकहरू सम्झ्यो -'देख्ता त

जे पनि सक्लान् जस्ता, लौ त हाम्रा गाउँका ?' परदेशीको अगाडि घर आयो -'के गरी खेतीपाती चलाउँछन् ! त्यो सानो भाइ छ ! स्वास्नी त्यस्ती बिरामी छ। आमा बुढी गाई- भैंसीलाई पानी ख्वाउन खोला कल्ले लग्दो हो ! साँच्चै बिचल्ली पो भो कि !' एकछिन पछुतो भइरह्यो । उसलाई घर छोडेको व्यर्थै लाग्यो उबेला पछिको विचार गरेको थिएन । 'म जागिर नखाइ छोड्दिन' भनेको थियो ।

त्यो भागेको रात कस्तो मन थियो ! रातभरी निद्रा लागेन । दिउँसो खोपी खेल्दा-खेल्दै भाग्ने कुरा गरेको ! दुईजना मात्रै ।

फेरि खोपी खेल्ने साथीहरू -त्यो झेल, छिन-छिनमा बदलिने मुख, एकछिन शान्त, एकछिनमै झगडा' उसले अघि गरेको कुरा सम्झनपुग्यो – 'त्यस्तै भएर बिग्रेका । तिनै आखिर चोर हुन्छन् ।'

यतिका समय बिते पनि उसलाई निद्रा लागेन । आउँदै आएन । मुख छोपेर स्वाँ-स्वाँ गर्दै सुते पनि किन निद्रा लाग्दैन । अँध्यारो भए पनि आँखा उघाऱ्यो । केही देखिएन, सुनसान । माथिल्लो तलामा साहू, ओर्केको फर्केको, कऱ्याक-कऱ्याक । के के आवाज जस्तो मात्र ।

साहू पनि निदायो । थाकेका परदेशीलाई त चाँडै निद्रा लाग्नु पर्ने । 'खट-खट' आवाज आयो, -अनि किराले काठ काटेको । 'चूँ-चूँ' मूसाको शब्द । वरिपरि थर्कियो । उसले कुम्लोलाई नगीचै तान्यो, थिच्यो । 'काट्दियो भने सर्वनाश कोट, दौरा सुरूवाल खतम हुन्छ ...

'मूसा नपुगेको कतै पनि होइन होला । घर-घरमा हैरान पार्ने, धान काटेर -मकैका कुन्यूँ खोसेर- जहाँ तहीँ प्वाल पारेर .... जात्रा ! खोर थापे पनि नपर्ने' फेरि आवज आयो । केही स्वरजस्तो पनि -मूसाको नाच नाइँ ! आँखा-पनि देख्ने .....

'... यो मुलुकमा सप्पै मतलबी, सप्पै फटाहा परदेशीले, तर साहू सम्झ्यो । 'उसको दया सेवा । सबै पनि कहाँ हुन्छन् र यो साहूको गुन त !' स्वाँ स्वाँ सास फेरेको जस्तो लाग्यो । सुन्यो बाहिर रूखको सी-सी रहेछ । 'भूत पनि हुनसक्छ -हाँस्ने भूत । अहिलेसम्म उल्लाई तर्साएको थाहा थिएन । अहिले भूत ?

भूतले मुटु हल्लायो । उसलाई कहिले-कहिलेका कुराहरू-कहिले कहिलेका संझनाहरू ताजा हुनलाग्यो । परदेशीले फेरि संझ्यो -उसँग सलाई थियो । 'भव सल्काएपछि .... 'रोकिएर निद्रा बोलाउन थाल्यो ।' के भएको ! आज ननिदाई रात छर्लङ्ग हुने भो !' उसलाई गर्मी भयो । ओढ्ने अलिकति खोल्यो । केही बेर आवाज आइरह्यो । उसले सुन्यो तर अस्पष्ट थियो । केही बुझिएन । भूतको जस्तै बोली – एकछिन सबै विचारलाई पन्छाउन खोज्यो, झन् बढ्न थाल्यो ।

एकछिनपछि उसले फेरि उही आवाज सुन्यो-केही ठूलो । 'साहू पो ?' उसले थाहा पायो । 'बिचरा निद्रा आएन होला । ऊ जस्तै ! चोरहरू पनि साँच्चिकै मुटु नभएका हुन्छन् । आफू जस्तै मान्छेलाई देखादेखी चोर्नु बिताउनु भन्या ... ।'

विचार बाढीजस्तै उर्लन लाग्यो । एक लामो सास फेर्दै कोल्टे परेर उसले त्यो बेलाको दृश्य सम्झ्यो -'छट्पटिएको... मुछिएको ' डर आँखामा टाँसिन आयो । त्यो बिर्सन खोज्यो भएन, बिर्सिएन । त्यस्तै अहिले पनि ।-'के बेर चोर न हो । यही घरमा अनि कुम्लो सम्झ्यो -'के छ र यहाँ ! केही छैन ।' अझै त्यो अवस्था आफूमा आइलाग्यो । 'काटी त हाल्दैन, मुटु चल्नथाल्यो । चारतिर सुनसान शून्य चर्किरहेको ।'

'.... यस्तै बेला हो खुकुरी चाहिने ।' आफ्नो घरको खुकुरी सम्झ्यो । भाग्ने हातार सम्झी खुकुरीसम्म बिर्सियो । यस्तो बलियो घरमा पनि ? ढोकाहरू बन्द थिए । आँखी झ्यालसम्म बन्द । 'कसरी खोल्छ ढोका ! गारो प्वाल पर्छ ? मूसाजस्तो ? 'जति कठिन प्रश्न मनमा उठ्तथ्यो, त्यसको विपरीत उत्तर मिल्नथाल्यो । ऊ अड्न सकेन छट्पटी भयो ।

'व्यर्थै घर आएको । स्वास्नी सिकिस्तै भएर के भो ! भरखर तीन महिना भइरहेछ । किन आएको व्यर्थै-व्यर्थै ! स्वास्नी मरेर के भो ! फेरि ल्याइन्छ ।' साथीहरू अगाडि आए । 'उहीँ बसेको भए पनि हुन्थ्यो यहीँ बस्ने भनेको त हो नि ! बेइमानहरूले मानिदिएनन्... आफै उस्तो ! पाटीभरि हुने थियो । निद्रा त लाग्ने थियो । उनीहरू निदाएका सम्झेर रिस उठ्यो । 'उहीँ गए पनि हुने' एकछिन रोकिएर भन्यो -'पसलै फोऱ्यो भने ? पसलबाट त

सोझै आउने बाटो छ ! त्यहाँ फोऱ्यो ! भित्र लुट पारेर ..... !

'त्यहींबाट आउँछ ।' अब परदेशीको धैर्य टुट्न लाग्यो । ऊ आफ्नो आत्मबललाई जति बलियो पार्न खोज्थ्यो, उति निर्बल भएर गल्दथ्यो । मुटु जोडले 'ढुक-ढुक' गरिरहेको थियो । 'घर पुग्न नपाउँदै उ मर्ने भो । स्वास्नी पनि मर्ने, आफू पनि मर्ने – 'परदेशी एकाएक उठेर बस्यो -' ठूलो घर पनि असल होइन ।' उसलाई याद भयो -ती कुरा, उसले पसलमा आइपुगेको बेला दुईजनालाई देखेको थियो । फेरि सम्झ्यो साहूका छोरीको बिहा ।

'अब के बेर ?, परदेशीले ओढ्ने घुम्नुङ्ग ओढ्यो । टाउकोसम्म निकालेन, भित्तामा अडेस लाग्यो । भित्तैमा घोप्टियो, फेरि कुचुक्क पऱ्यो । कीराले काठ 'कुरकुर' गरेको आवाज ! अनि झसङ्ग भयो । माथिबाट आवाज आयो क्षीण, एकछिन स्तब्ध रह्यो । विचार गर्न सकेन । आवाज बढ्दै गयो - 'गुन गुन, कऱ्याक-कऱ्याक' ऊ फेरि अड्यो ।

'साहू !-' मनमा साहूको तस्वीर डरलाग्दो भएर देखापऱ्यो -ओढ्ने ओढेर पसलमा बसेको, आफू आइपुगेको-सजिलै बास दिएको, त्यो पनि भित्र -राढी पनि ।' उसले बुझ्न खोज्यो -'के त-हैन, यो सबै दिएको मतलब ?' अस्तिनै आउँदा यस्तो गरेको थिएन, बाहिर त्यो चिसो दलानमा सुतेथ्यो । कस्तो कडा स्वभावको थियो ? के त के चोर -? अघि पनि भित्र बास दिने बेलामा साहूले उल्लाई एकोहोरो मुखमा हेरेको किन ?' परदेशीले सम्झ्दै गयो । उ काम्न लाग्यो " के त यी सबै ? ... मसँग के छ र ?'

उसले साहूको मनोभावनालाई समातेर पूरासँग जाँच्न चाह्यो -'मसँग त्यतिका बेर कुरा गर्नुको माने ? -मलाई अँध्यारो पारेर बत्ती लग्नुको माने ? यो सेवामा भित्र थुन्नुको माने ? बुझ्नु त पर्ने । बरु बाहिर भए पनि " आवाजको भान बढ्दै गएको थियो ।

"लाहुरे काटेको पनि यहीं हो" उसले अन्त-अन्त पनि सुनेको थियो -"पसले पनि यस्तै हुन्छन् । नत्र यत्रो घर कसरी बन्छ ?" बिस्तारै बोले. बिस्तारै खोकेको आवाज आयो । परदेशी जुरुक्क उठ्यो । तकिया बनाएको 'इस्टकोट'मा सलाई खोज्यो -खोइ, पाइएन- । त्यहाँबाट उ ढोकातिर पुग्यो । छामछुम गर्दै आग्लो खिरिक्क साऱ्यो । शान्त वातावरण खल्बलियो । ढोका खोल्न अझै नमिलेर यताउति तान्न लाग्यो । मुटुको बेग असाध्य भयो । जोडले ढोका खिँच्यो । अचानक खुल्यो । बाहिर आधारातको कालो बेला ।

टक्क संघारमा अडियो । बाहिर निस्कन सकेन । ढोका लाउनसम्म सकेन । त्यस स्तम्भित दशामा पनि उसले सम्झ्यो -आफूले लाएको कमिजमा चक्कु छ । हात खल्तीमा पुग्यो । हातले सलाई छोएजस्तो लाग्यो । सलाई झिकेर उसले झट्ट कोऱ्यो-भवार्रमा आँखाको कालो हट्यो । एकछिन बल्यो । बाहिर पनि बिस्तारै हेर्ने साहस गऱ्यो -पर कुनातिर ओछ्यान । सलाई कोर्दै गयो ।

सहसा आवाज आयो । भऱ्याङ् ओर्लेको लर्बरिएको आवाज । परदेशीले उज्यालोमा देख्यो - टल्केको नाङ्गो खुकुरी हातमा लिएर सेतो भोटो - सुरुवालमा भयानक मूर्ति सलाई सल्कँदै थियो । आत्तिएको चिच्याएको शब्द निक्ल्यो "चोर !" बल्दो सलाई खस्यो । दुवै त्यहीं उभिए । त्यो अँध्यारो कालोमा दुवैको चल्मलाहट केही क्षण बन्द भो ।

तत्क्षण बलेको ज्वालामा कोठा प्रकाशित पार्दै कोही दगुर्दै आइपुग्यो । अगाडि साहूले चम्कँदो खुकुरी उचाइरहेको थियो । परदेशी भित्तामा टाँसिन पुग्यो । एकछिन निहार्दै साहू स्पष्ट उज्यालोमा कराउँदै झस्केर पछि सऱ्यो -"तपाई ?"

परदेशीको मुखबाट स्वर निस्कन सकेन । टुल्ल साहूतिर हेरिरहेको थियो । साहूले खुकुरी उतिपर मिल्काएको 'टिङरिङ्ङ' आवाज आयो ।

साहू परदेशीको हात समात्न पुग्यो । दुवै थर्र कामे ।

"म त कस्तरी डराएँ भने " साहूले डर को आवेगमा जोडको स्याँ-स्याँ गर्दै बोल्यो "आउनुस् । आउनुहोस्, मैले त चोरै पो भन्ठानेको ।"

आश्चर्य र पश्चात्तापमा दुवैका मुखबाट खित्का निस्क्यो ।

शारदा, २००६ वर्ष १५ अङ्क ६ आश्विन

जुद्धनाथ

जुद्धनाथ ढोका, भ्याल जम्मै बन्द गरेर सुत्छ । स्वास्थ्य विज्ञानमा यस्तो नलेखिए पनि आफ्नो विद्यार्थीहरूलाई पढाउँदा त्यो सब्जेक्टमा उसले 'लेक्चर' गर्छ, इत्यादि भनेर -"राती भ्यालबाट पसिरहेको हावा अथवा बतास शरीरमा लागेर ठन्डा गराउँछ । यसले गर्दा बिहान शरीर गन्हौं लाग्छ मुख फुल्छ । पेट गडबढाउँछ ।"

पढ्न आउने दुइटा विद्यार्थीहरू १५।१६ वर्षका नेपाली मध्यम परीक्षा दिने भएका छन् । एउटा चाहिँ खर्दार साहेबको छोरा, जो महिनाको चार रू. तलबको रूपमा दिन्छ । अर्को , जो दुई रूपैयाँमात्र दिन्छ । हाँडीगाउँमा परै छ उसको घर । उसलाई जुद्धनाथले खर्दारको छोरालाई दुई रूपियाँ होइन चार रू. नै भनिराख्नु भनेर उपदेश गरेको थियो ।

जुद्धनाथ यिनीहरूलाई पढाउँदा आफ्नो तीव्र बुद्धिको उपयोग लगाउँछ, जुन धेरैजसो उसको अनुभव र अध्ययनको भरले राम्रो पढाइ देखिन्छ । कहिलेकाहीँ पढाउँदापढाउदै उसले नेपालीहरूको वाक्क लाग्दो र निरूपाय जीवनको झलक दिँदा सहसा विद्यार्थीहरूलाई पनि यो नेपाली जाँच नदिउँ भन्ने लागि हाल्छ जुद्धनाथ भन्छ -"के गर्ने ? विचार गरी हेर मैले, चार पास गरेको ४ वर्ष भो" अरू कुनै व्याख्या नगरिकन एकैपल्ट उ झर्किन लाग्छ - "के मैले सर्टिफिकेट खाने ? च्यात्ले कि पूजा गर्ने ? राखेर के गर्ने ? मैले पढेको जम्मै बेकार भइरहेछ । त्यसै जीवन गइरहेछ । मैले एउटा जागिरसम्म पाएको छु ?"

"नपढुँ पनि कसरी भनूँ ?" भन्दै फेरि लाचारीसाथ पढाउन लाग्छ । तर साथीभाइसँग गफ गर्ने तवरले उ पढाउँछ ।

"जस्तोसुकै गरिबी होस् घरमा , आफ्नो स्वास्थ्यको भरसक ध्यान राख्नुपर्छ । किनभने बाँचियो भने हामी जे काम पनि गर्न पाउँछौं, सक्छौं । भयङ्कर परिस्थितिमा पनि मानिसमा उत्साह र साहस भरिन्छ । यही उत्साह र साहसको भरमा मानिसले ठूलोठूलो ध्येय पूरा गर्छन् । -तर यो नेपाली किताबमा यस्तो लेखिएको छैन भन्दै किताबका कुराहरू बुझाउँछ ।

"तपाई त मोटो हुनुहुन्छ ।" विद्यार्थी भन्दछ, हाँस्तै -"हामी त शरीरको पर्वाहै गर्दैनौं । जे पनि खायो, जे पनि गऱ्यो ।"

"म मोटाएँ र ?" जुद्धनाथ दुइटै गालामा हातले छाम्छ -भन्दछ "हो तिमीहरूभन्दा म धेरै शरीरको ख्याल राख्छु । ज्यूमा बल भए आत्मबल हुन्छ । आत्मबल भयो भने मानिस जे पनि गर्न सक्छ । एउटा जड्याहाले तिमीलाई धक्का दियो भने तिमी लड्छौ । यदि तिमी बलियो छौ भने उसैलाई थला बसाल्छौ । भनी रहन पर्दैन ।"

विद्यार्थीहरूलाई अनि कुनै प्रश्न सुझ्दैन ।

जुद्धनाथको उमेर बाइस वर्षको थियो । मुख-मण्डल गहुँगोरो । सरदर कद । जुँगा छोइरहने बानीले जुँगाको छेउ गाढा कालो र लामो थियो । बोलाइ चाँडोचाँडो हुँदाखेरी कहिले जिब्रो यस्तरी चिप्लेर जान्थ्यो कि सहसा बुझिन्थ्यो । किताब पढेको सुन्दा पनि त्यस्तै । उसलाई हिन्दी किताबमा बिशेष रुचि थियो । सुभाषचन्द्र बोस, प्रेमचन्द्रहरू को हुन्, उसले उनीहरूको जीवनी र उपन्यास एक दुइटा पढेर जानेको थियो ।

उसले 'म्याट्रिकुलेसन' पास गर्ने विचार गरेको थियो तर उसको बाबुले अङ्ग्रेजी पढ्न दिएनन् । उसको बाबु अहिले यताउति भित्रबाहिर दौडधूप, खुशामद र चाकरीद्वारा डिट्ठासम्म भएर बुटवल माल-अडामा जागिर पाएर गएका छन् । उनले जुद्धनाथलाई श्रेस्ता पासतिर लगाइदिए । उसले श्रेस्ता-स्कुलमा पढेर ४ पास गरी छोड्यो । पास गरेपछि चाँडै नै कुनै जागिरको आशा राखेको थियो । बाबुले ठूलाबडासित बिन्ति चढाए, अहिलेसम्म केही निधो भएन । फेरि नौसिन्दाजस्तो ११।१२ रू को तलबमा जुद्धनाथ मुख बिगार्छ । भैगो निराश हुनु हुँदैन । जे भए पनि ठूलाबडासित चाकरी, बिन्ति त

देखा परिरहेकै छ । एक दिन होला भन्ने आशा छँदैछ । बाबुले त भर्खर जागिर पाए ।

अचेल २।४ दिन भयो, जुद्धनाथ सम्झन लागिर हेको थियो । यदि उसले यो 'नेपाली जागिरे 'पास' नदिएर अङ्ग्रेजी नै पढिराखेको भए 'म्याट्रिक' त पास भइसक्ने थियो । उसका सहपाठीहरू 'कलेज'मा पढ्छन् । उनीहरू उसलाई चिन्न नै छोडिसके अथवा नबोलेका हुन् ! तर एउटा साथी भने उसित बोल्छ । ठट्टा, कुराकानी पनि छ । एउटा हिन्दी 'उपन्यास अस्तिमात्र उसकहाँबाट ल्याएको हेर्दैछ । पढिरहेको भए, जुद्धनाथ अहिले म्याट्रिक पास भइसक्ने । सबै बाबुले गर्दा छोरालाई जागिर खुवाउने विचार गरे । जागिर भने कतै छैन । तर अङ्ग्रेजी पढ्नेहरू पनि जागिरै खान्छन् । विद्यार्थीहरूलाई पढाउँदा उसले जागिरको परिभाषा बनाएको थियो 'जागिर' भन्ने एउटा बोट छ । यसको टुप्पामा फल्छ-सुन्तला जत्रो हलुवाबेद जत्रो, दारिम जत्रो अनि यत्रो गुलियो भोगटे जत्रो भन्दै ठूलो भोगटेको अडकल गरेर हातले देखाएको थियो । विद्यार्थीहरू हाँसेका थिए जब उसले भन्दा -"यत्रो भोगटे कल्ले खान्छ त ?" उसले सोध्यो । अनि आफैंले जवाफ दियो -"सर्दार काजीहरूले ।"

जुद्धनाथकी पत्नी माइतमै थिइन् । अलिअलि ज्वर आएको छ भन्ने खबर आएको थियो । 'बसोस्, नआएकै बेस ।" जुद्धनाथले मनमनै भन्यो ।

घरमा भात पकाउनु भाँडा पनि माझ्नु आमाले सँधैसँधै कसरी गरिरहन सक्नु । बुहारी थिइन, केही गरिरहनु पर्दैनथ्यो । बुढियाले बुहारीलाई बेसरी सम्झन थालिन् । बुहारी छँदा "यो पनि गरि नँ । आफ्नै कोठामा त कुचो लाउँदिन, हाम्रो कोठामा किन लाउँथी " यस्तै घरेलु पीर गनगन गरिरहन पाउँथिन् ।

"तपाई यस्तोयस्तो गाली गरिहनु छँदा चाहिँ ।" जुद्धनाथले हाँस्तै भन्यो ।

आमाले चाहिँ सासूको पदमा सर्वाधिकारिता जाहेर गरिन् "बुहारीलाई भुत्ल्याउँछन् पनि ! तेरो स्वास्नीलाई ढोग्छन् त ! तैं ढोग ! महारानी बनाई राख ! माइतमा बसिरहेकी मै बुढीलाई यै दुःख दिनलाई, मलाई थाहा छैन ? म अभागिनीलाई बुहारी भए पनि दुःखैदुःख भैगो, यो घरको काम गर्दै एक दिन मरिदिन्छु । आनन्द हुन्छ तिमीहरूलाई ।"

एउटा फुच्चो नोकर थियो ७८ दिन भयो, भाग्यो । जुद्धनाथले स्वास्नीलाई बिदा दिदै भनेको थियो "मैले रिसाइकन भनेको होइन, तँ जति मन लाग्छ -जा तँ पनि दुब्लाइस् । यहाँ नोकर छँदैछ । कहिले म भात पकाउँला, कहिले आमाले पकाउनु हुन्छ ।"

स्वास्नी चाहैं नै फर्किन्थी क्यारे, ज्वरो आयो भन्ने समाचार आइपुग्यो । ज्वरो आएपछि धेरै दिन बस्ने भई । जुद्धनाथले -"जति पनि बस् ।" भनेको, बस्न पाई । माइत चाँगुनारायणमा थियो २।३ कोस पूर्व ।

भाद्र महिनामा धानले हरियो फाँट लामोसम्म टाढा देखिन्थ्यो । बारी सुकेको मकैका बोटहरूले पहेंला देखिन्थे । जुद्धनाथ भ्यालबाट हेरिरहन्थ्यो । त्यहाँ दुई चार धान-खेतका पाटाहरू उसका पनि थिए ।

घरमा एउटा सिङ ठुटो, अर्को चुच्चो भएको कालो गाई थियो । धानको खेतमा पस्न पाएपछि पेट नभरी जत्ति ठटाए पनि खान नछोड्ने । त्यसैले धान खेतमा पस्ला भन्ने डरले आफू कहिलेकाहीं बाटोको छेउछाउ घाँसमा चराइरहन्थ्यो ।

अब एउटी नोकरनी आइरहिछ । यही गाईको पीरले र भाँडा माझ्नुको दुःखले राखेको । नत्र कुन अरू काम थियो र राख्नु । एउटा छिमेकीकहाँ कताबाट आपुगेकी रहिछ । छिमेकीले खबर दिए । नोकरी लाग्ने स्वास्नीमानिसले पनि खान र लाउन दिनोस् । तलबको कुरा पछि गरूँला ।" भनी ।

सिधीसाधीजस्ती देखेर जुद्धनाथलाई पनि विश्वास लाग्यो । उसले भन्यो -"मुख्य खानु र लाउनु त होनी । खान पाएको तलब लिन्छ ?"

२०।२१ वर्षकी नै होली । भाँडा माज्दा पनि गीत गाइरहने । पसल पठाए पनि गीत (असारे, भ्याउरे) गाउँदै जाने । काली, पुड्की, चिल्लो मुख । नाक मोटो र भद्दा । आँखा चिम्सिक्क परेकी दिउँसो धन्दा काम सकेर छिँडीको एक मैलो कुनामा बसेर, कपाल कोरेर पाउडरको पोको पनि साथमा रहेछ, दलेर, पारो उप्केको सानो ऐनामा मिसिक्क हाँस्थी । जातकी घर्तिनी थिई ।

आएको भोलिपल्ट नै गाईलाई त्यहाँबाट केही

पर चौरमा चराउन लगेकी । आफू घाँस काट्न लागी । एकदुईजना आइमाई लोग्ने मानिसलाई पनि चिनेर ठट्टा पनि गर्न सिपालु थिई । कालीसित पनि उसको मित्रता भइसकेको थियो । काली १५ वर्षकी अग्ली, काली थिई । छातीमा पछ्यौरा थिएन । छिटको फरिया लाएकी, कालो चोलो छाती कस्ने, स्तन अलिकति पनि उक्सेको देखिन्नथ्यो । सुकुटे जीउ । लामालामा परेला, आँखा सानो बिहान शहर मा दूध बेच्न जान्थी । एउटा भैंसी थियो । दिउँसो भैंसीलाई सफा गर्न बागमती लग्यो । जुद्धनाथसित जिस्कन्थी । अरू कतिसित । कति गाउँले ठिटा त्योसित अशिष्ट ठट्टा गर्थे । अश्लील विषय जम्मै त्यसलाई थाहा थियो । जुद्धनाथले ठट्टा गर्न एक दिन सोध्यो -"तँ कहिले पोइकहाँ जान्छेस !"

"जान्छौं त आफ्नो मन लागेको बेला ।" उसले कृत्रिम झोकाउले भनी । फेरि छोटैमा भनी -"तिमी नै छौ नि ?" बेसरी हाँसी ।

खरिदार साहेब कहाँको पठ्ठो, नसुहाउँदो पुड्को सिंगे भन्ने नोकरले मखमलीलाई अएकै दिन पसलमा चिनिसकेको थियो । -कालीले घाँस काटेर डोकोतिर ल्याउँदै थिई । यत्तिकैमा कराई - "ए मखमली ! तेरो गाई धानमा पस्यो । जा जा !"

गाईले मजासित खेतमा पसेर खाइरहेको रहेछ खत्रीको खेत । खत्री मोरो लट्ठी लिएर कर उँदै खेतमा पस्यो । ठटायो गाईलाई ।

"आज खत्रीले गाईलाई मार्छ ।" उतातिर हेर्दै काली कराईरहेकी थिई ।

गाई खेतबाहिर दगुर्दै आयो । खत्री करायो - "यो गाईलाई आज ठानामा नलगी छोड्दिन । एकदिन होइन । दुईदिन होइन ।"

मखमली पुगी-खत्रीले गाईलाई समातिराखेको थियो । छोरालाई दाम्लो लिन घर पठायो । लग्ने सुर गरिसक्यो मखमली विन्तिभाव गर्न लागी । गाईलाई बाँधेर काली उभिएकै बाटोबाट खत्रीले लग्न लाग्यो । मखमली पछिपछि थिई निरूपाय । घरमा जुद्धनाथ पनि थिएन । उसलाई थाहा थियो ठानामा गाई लगेपछि लिलाम हुन्छ । यसरी ठानातिर देखी देखी कसरी लग्न दिनु ? सबै दोष उसैमाथि थियो । मखमली पछिपछि कराउँदै गई ।

"हेर्नुहोस् आजै मात्रै हो । अबदेखि हुँदैन अबदेखि घरैमा बाँधिराख्छु । अबदेखि हुँदैन " आँसु पनि आयो ।

"छोडिदेऊ खत्री दाइ । मखमली आजै मात्र आएकी ।" कालीले अगिदेखि उभिरहेकै थलोबाट बेसरी कराई ।

"भैगो एक चोटीलाई छोड्दिएँ नि । फेरि यस्तो नहोस् । भन्दै चेतावनी दिएर गाईलाई छोडिदियो । मखमलीले सरासर घरमा लगेर बाँधिदिई । जम्मै हालखबर जुद्धनाथकी आमालाई थाहा भइसकेको थियो । मखमलीदेखि खुब खुशी भइन् । भनिन् -गाई पनि त्यस्तै छ । आज तँ नभएकी भए लग्ने थियो ।"

यो इतिवृत्त मखमलीले फेरि जुद्धनाथलाई सुनाई ।

जुद्धनाथको घर नगिचै अग्लोअग्लो पर्खालले घेरिएको एउटा सानोसानो दर्बार थियो । जहाँ रेडियो बजाएको बिलाउन लागेको आवाज उसको घरसम्म आउँथ्यो । जहाँ अग्ला हरिया भ्यालमा सुन्दरीहरू झकमक झल्याकझुलुक गरिरहेको उ देख्तथ्यो । आफ्नो भ्यालमा बसेर उ अनुमान गरिरहन्थ्यो -"ती मैयाँ साहेब, ती सुसारे ती केटीहरू होलान् । जम्मै कति राम्रा-राम्रा, राता लुगाहरूमा कति राम्रा !"

एकदिन त्यहाँ विवाहोत्सव थियो । ढोका ध्वजा पताकादिले सुशोभित थियो । उसकी स्वास्नीले भनेकी थिई -"हामी तिनीहरूको छिमेकी होइनौ र ? बिहामा हामी जस्तोसुकै भए पनि आफ्ना छिमेकीलाई निम्तो त गर्छौं नगरे पनि चलनअनुसार बिहाभाग त पठाउँछौं ।"

"खै त मेरो बिहामा पनि भैले उनीहरूलाई निम्तो गरिनँ नत्र पठाउँथे कि ?" जुद्धनाथले हाँस्तै भन्यो ।

"हामीले पनि त्यत्तिकालाई निम्तो गर्न सक्छौं ?" स्वास्नीले आश्चर्यसित भनी ।

"अनि उनीहरूलाई पनि हामीजस्ता कति छन् । कति धेरै छन् । उनीहरूको जम्मै सर्वस्व खुवाए पनि हाम्रो पेट भरिँदैन ।" जुद्धनाथले विचार गरिकन भन्यो । उसलाई यो जवाफ खुब राम्रो लागिरह्यो औ पछिसम्म हाँसिरह्यो । जुद्धनाथले दरबारको ढोकामा बस्ने पालेहरूलाई धेरैचोटि देख्ता खुबै

चिनेको थियो तर उनीहरू चिन्दैनथे कि यो पनि एउटा छिमेकी हो । आपद-विपदको समयमा छिमेकीहरू कति काम लाग्छन् । जब सहर टोलहरूका गाईजात्रा नाचहरू ढोकामा ल्याउँछन्- उसको मनमा हलचल हुन्थ्यो । यस्ता ठूलाहरूलाई मालिक मानिरहेका हामी गरीबहरू छिमेकी भएर कति गौरव मानिरहेका थियौं । एउटा गाईजात्रे नाचसम्म छिमेकीलाई देखाउने विचार आउँदैन ।

अस्ति नक्सालको नाच देखाउन ल्याएको थियो । ढोकामा नाचका 'स्टेज' र सामानहरू बोकेर लरी खडा थियो । एक्टर हुने पनि 'ऐक्ट्रेस' हुने युवकहरू पनि लरीमा भित्र उभिएर बसिरहेका थिए । भित्रबाट मालिकको आज्ञालाई पर्खिरहेका । बेलुकाको ५ बजेतिर लरीभित्र गयो । ढोकामा बाहिर मानिसहरूको भीड गयो । ढोकामा बाहिर मानिसहरूको भीड जुद्धनाथ पालेहरूले बन्द गरेका ढोकामा सबैको अगाडि, थियो । खोसियो भने पहिलो उ पस्थ्यो । ढोका अलिकति मात्र खुकुलो भयो भने सबै हार हुल गर्दथे । ती भीडमा उसका विद्यार्थीहरू पनि थिए । टाढाटाढाका ठिटाहरू पनि नाच हेर्न पाइने आशाले आएका थिए । कारणवश ढोका अलिकति खुल्न गयो । जम्मैको बल एकैचोटि लाग्दा धेरैजना भित्र पस्न पाए । पाले एकातिर थिचिन पुग्यो । भित्र सडकमा जम्मैजना दगुर्न लागे । ढोकाबाहिर आउन नपाउनेहरू पनि धेरै थिए । तर अझ भित्रको ढोका पनि पास गरेर जानु पर्थ्यो । ढोका बन्द भयो । यस्तैमा सिपाहीहरू आएर सबैलाई बाहिर लखेटे । जुद्धनाथ गाली र प्रहारलाई बचाउँदै पहिले नै दगुरेर बाहिर-बाहिर आयो । एकछिनपछि जम्मै बाहिर थिए ।

यताउति गफ गर्दा ४ बजेदेखि त्यहाँ बेकार बसेको घर फर्किंदा आठ बज्यो । उसले पसलको घडी हेर्दा सवा आठ बज्यो । घरमा "भात चाँडै हुन्छ ।" आमाले भनी राखेकी थिइन् । आमाले बेकार भात कुरेर बसिरहेकी होलिन् । बाहुनहरूको चलन, एउटाले भान्छामै बसेर कुरिराख्नु पर्छ । 'नत्र खानु हुँदैन' भन्छन् । तर जुद्धनाथले सँधैसधैं जसो ढीला आउने गरेकाले यो चलन घरमा हटिसक्यो । भात खाएर कोठामा सुतिरहेकी हुन्थिन् । जुद्धनाथकी पत्नी छँदा त भात कुरिराख्ने चलन जारी नै हुन्थ्यो । किनकि पत्नीको घर्म पतिले खाइसकेपछि, त्यस थालमा खानु पर्थ्यो । तर अचेल त उ माइतमा छ । जम्मै काम बूढी आमामाथि थियो ।

घरमा भात पाकेर, चुल्होमा आगो निभेर भाँडा पनि चिसो हुँदै गइरहेको थियो । धोती लगाएर जुद्धनाथ भान्छामा गयो । थालमा भात पस्क्यो । मखमली तल बसेर हेरिरहेकी थिई ।

जुद्धनाथले अलिकति तर्कारी आधा पार्‍यो अब मखमली मात्र थिई, भात खानेहरूमा आमा तल कोठामा निदाइसकेकी थिइन् । गन्हाउने उसिना-चामलको भात । बोडीको तर्कारी दाल पानीजस्तो ।

"तँ पनि खा ।' भात पस्केर उसलाई पनि ओह्राल्दियो । चुप लागेर खान लागी । जुद्धनाथले - "हिजो पनि अबेर भयो हगि ? अबेर आउँदा तँ रिसाउँछेस् । म आज आएको भए यतिबेर तँ काम सकेर सुतिसक्थिस् । भोलिदेखि चाँडै आउँला ।"

मखमली उत्तरमा मुसुक्क हाँसी, बोलिन ।

कोठामा आएर जुद्धनाथले सलाई कोर्‍यो । बत्ती बालेर एउटा अङ्ग्रेजीको थोर माने लाउन सक्ने किताबमन्दा बुझ्न कोसिस गर्‍यो यही चाल कहीं बढ्न पाएको थिएन सम्झियो भोलिपल्ट चाकरीमा सर्दार साहेबकहाँ जानु थियो । हप्ताको दुई तीन फेरा उ शहर पुग्दथ्यो । सर्दारसाहेब उसको बाबुको होइन, बाजेको पुरानो दोस्त रे । यसले कुनै जागिरको मेला पर्ने आशा थियो । बाबुले अस्तिमात्र रजिष्ट्रीमा लेखेर पठाएका थिए यिनै कुराहरू-'उहाँ देखापर्दै गर्नू । अहिले नै हामीले राजा महाराजको चाकरी गरेर सँधै सकिन्न । अलिअलि ढिलो हुन्छ त, न हड्बडाउनू । मानिसले २५।२६ वर्ष त चाकरी गरेका छन् । मैले पनि ।' इत्यादि ।

उसलाई चिट्ठीको जवाफमा लेख्न मन थियो "महाराजकहाँ अलिअलि चाकरी गर्नेहरू पनि बरु चाँडै जागिर पाउँछन् रे मलाईमात्र त्यस्तो भन्नु हुन्छ । मैगो म यस्तो चाकरी नै गर्दिनँ । म खेती गर्छु । धान बेच्छु । तर्कारीहरू बगैंचामा लगाउँछु । फलफूल खान्छु । बस्तु पाल्छु ।..." तर खेत भने थिएन । कोरा कल्पना गर्दथ्यो बाबुले जवाफ दिने कुरा पनि यही थियो ।

जुद्धनाथको आँखाको पलक गर्‍हौं भइसकेछन् ओछ्यान तातिसकेछ भ्याल सिरानको खुलैं थियो ।

बत्ती निभेको थिएन । उठेर तखतामा राखेको औषधिको शिशी निकाल्यो । 'सुत्ने वेलामा खानू' भन्ने लेखिएको थियो । यो औषधिको निकै बयानले उसले ५ मोहर हालेर किनेको २ दिन भयो । औषधिको नाम 'धातु पौष्टिक चूर्ण ।' हरेक धातुसम्वन्धी रोगको रामबाण अचूक महौषधि दूधको तरसित खानू । तर जुद्धनाथले जिब्रोमा बिना अनुमान छरिदियो । गाई अब पौष नभई व्याउँदैन ।

जुद्धनाथलाई आमाको माया झन् लाग्दै आयो । आमा झन् दुब्लाउँदै गइन् । बूढी आमाको गालामा चाउरी बढ्दै आयो ।

"आमा ! मासु खानुस् । तागत लाग्छ ।" जुद्धनाथले आमालाई भन्यो ।

"खान्न । एक छाक खाएर कति तागत लाग्छ र । तँ बरु दुब्लाइस् । तैं खा " आमा ओछ्यानमा मुटु चल्यो भन्दै पल्टी । 'हर्ट फेल' यस्तो बेलामा हुनु के बेर हुन्छ, जुद्धनाथलाई लागिरहेको बेला आमा भन्थिन् -'अब जुद्धु म बसपालिदेखि बाच्तिनँ । म यस्तो कमजोर हुँदै गएँ ।'

'आमा , तपाईं यस्तै मर्ने कुरा गर्नु हुन्छ । केही पनि हुँदैन । तपाईंले भन्दैमा म डराउँछु र ? बरु आज सुतिरहनुस् । बेलुका आज भात म पकाउँछु ।" जुद्धनाथले भन्यो । उसले त्यस बेलुका मासु पनि किनेर ल्यायो । भात पकायो । आमालाई भन्यो - "यस्तो बेला नखाए कुन बेला खानु ? घर पनि बेचेर खानु पर्छ । बा परदेश हुनुहुन्छ । तपाईं केही पनि मान्नु हुन्न । म लेखेर पठाउँला बाबै !" उसको हिस्सीले आमा मुसुक्क हाँसिन् ।

सधैं त जुद्धनाथ घरमा भात पकाउन सक्तैनथ्यो । आमाले पनि छोरालाई सधैं भात पकाउन लाग्नु नराम्रो लाग्थ्यो । आमाले भनिन् 'अब दुलही निको भइहोलिन् । म लिनलाई मान्छे पठाउँछु । काली जान्छे ।"

"पर्सि लिन पठाउनुस्न । पर्सि शुक्रबार ।" जुद्धनाथले आज्ञा मान्यो ।

आमा पचास वर्ष पुग्न आँटेकी । मुखमा मीठो हाँसो भएकी, विवश चिन्तासूचक आँखाको चमक । गाडिएको आँखाअगाडि फुस्रो फुलेको कपाल । शरीर देख्ता कुनै बेला मोटी थिइन् । आज जुद्धनाथले खरिदारको छोरासित, नपुऱ्याएर दिएको एक रूपियाँ लिनु थियो, घरैमा गएर मागेर ल्यायो ।

आज बिहान आमाले दुर्बल हृदयले पीर गरि रहेकी थिइन् -" खै, छोरा पाएर सुख गरूँला भन्ने थियो । सबै आशा मरिसके । म मरें भने तेरो बाको कुन दुर्गति होला भन्ने डर मात्रै छ ।" यो बडो बिझ्ने मर्म थियो जुद्धनाथलाई । दिउँसो उसले आमालाई खुशी गराउन १। रु.को मिठाइ किनेर ल्यायो । सधैं आमा घरमा अप्रसन्न । सधैंको अप्रसन्नता घरको अलक्षणता हुन आउँछ । आमा मर्नु होला भन्ने डर ।

एक रूपियाँको मिठाइ एक पोको कागत घरमा ल्यायो । कोठामा पुगेर आमालाई भन्यो - "मिठाइ ल्याएको तपाईं सधैं दिक्दार हुनुहुन्छ । खुशी गराउन ल्याएको ।"

"खुशी गराउन ? म सधैं खुशी छु नि जुद्धु किन ल्याउनु पर्थ्यो ?" छोराले पोको फुकाएर देखाएको आमाले उल्लसित हेरिरहिन् ।

"हेर्नुस् आमा, म तपाईंलाई कति माया गर्छु । तर मसित पैसा छैन । पैसा भएदेखि म तपाईंलाई कति मीठो खुवाउँथे ? मसित पैसा छैन । त्यसैले तपाईंलाई माया देखाउन सकिनँ ।" जुद्धनाथले आमालाई भन्यो -"खानुस्"

"उहिले भए १ रूपियाँको मिठाइ कति आउँथ्यो !" आमा त अहिले पहिलेको कुराहरू सम्झिरहेकी थिइन् । जुद्धनाथले फेरि भन्यो -"खानुस् भन्या, धेरै दिने बेलामा पनि त हाम्रो पैसा थिएन ।"

"आज यो सबै नखाने । भोलिलाई राख्ने । पर्सि दुलही पनि आउलिन् ।" आमाले भनिन् ।

"आ, भैगो भन्या नसम्झिनुस् । भोलि बासी हुन्छ । यो जिलेबी तातै " भन्दै जुद्धनाथले आमालाई मुखमा एउटा जिलेबी खुवायो ।

यत्तिकैमा जुद्धनाथले बोलायो -"ए मखमली ! यहाँ आइज । कहाँ गई ?"

"गुइँठा पार्दै होली । भ्यालबाट डाक्न ।" आमाले भनिन् ।

"भैगो, उहीं गएर दिन्छु ।" जुद्धनाथले जिलेबी र लड्डु दुई थोक लिएर गयो ।

"तपाईं खादै गर्नुस ।" उसले जाँदै भन्यो

घाम लागिरहेको थियो । मखमली पखालको भित्तामा गीत गुनगुनाउँदै गुइँठा पारिरहेकी थिई ।

मुख रातो थियो। टल्कने पसिना धमिलो थोपा बनेर माथिल्ला ओँठमा आवली बनेको थियो।

"ए हात धो ! नगिचै बसेर जुद्धनाथले भन्यो। पछाडि हातमा मिठाइ थियो हात धोएर उ आएपछि जुद्धनाथले भन्यो -"यो के ?"

"खा !" उसले हाँस्तै अडिरही। मखमलीले खुशी भएर लिएकी उसलाई खुशी लाग्यो उसले हत्तपत्त खान सकिन।

"अहिले खाउँला हजूर !"मखमलीले शिर निहुराइ रही।

"मीठो लाग्छ कि लाग्दैन ? खाई हेर !" जुद्धनाथले अह्रायो। उसले हाँस्तै फेरि भनी -"अहिले खाउँला हजूर।"

त्यसलाई एक पल्ट हेरेर यस मतलबले कि कहाँ राखी, पोल्टो कि खोकिलामा, जुद्धनाथ फर्कियो। उ आइपुगेको ठाउँ एउटा जाइको बोटद्वारा मखमली छेकिन सक्थी। उसले त्यो चीज खान लागेकी थिई। उ माथि आइपुग्यो। आमाकहाँ देखा परेर भन्यो - "म चाँडै आउँला। बालाई एउटा चिट्ठी पनि छ। एउटा किताब पनि पुऱ्याइ दिनु छ साथीकहाँ।"

"सधैंभरि किन हिँडिरहन्छस् बाबु बाहिरै बाहिरै" आमाले दिक्कलाग्दो भाव प्रकाशन गरिन्। मखमली त्यहाँ कुचो लाउन लागेकी थिई।

"हेर्नुस् यहाँ मलाई बस्न मन लाग्दैन। घरमा वस्यो भने घरकै पीर लागिरहन्छ। बाहिर गयो साथीभाइहरूको गफ सुन्यो, हाँस्यो। कहिलेकाहीँ मलाई त्यहाँ पनि चैन हुँदैन।" जुद्धनाथ एकछिन आफ्नै कुरामा सोचेर अलमलियो। कतै गएर केही फाइदा छैन। जीवनको हरेक क्षण मानिस पैसा कमाउँछ। उ आफूचाहिँ नाश गरिरहेछ।

"त्यो सिपाहीको छ रूपियाँ पनि तिर्नु थियो तेरो-बाले त्यति २० रूपियाँ पठाउनु भएछ। तिरो तारो गर्दा र आफूलाई किनमेल गर्दा सकियो।" आमाले पनि सोचिरहेकी थिइन् भनिन्।

उ भऱ्याङ ओर्लियो। जुत्तामा खुकुलो भएको फित्ता कस्नलाई अडियो। नेपथ्यमा मखमलीले उसकी आमासित भनी -"बाबु देउता जस्तो हुनुहुन्छ।"

"किन ?" उसकी आमाले सोधिन्। जुद्धनाथ अडियो सुन्नलाई।

"अस्ति त्यति भो" तर्कारी पनि आफूलाई र मलाई आधाआधा गर्नु भयो। आज पनि मिठाइ दिनु भो। देउताजस्तो।" मखमली कुचो लाउँदै भनिरहेकी।

यस्तो सम्झिदै नसम्झिएको कुराले जुद्धनाथलाई सहसा आफ्नो उदारता जँच्न आयो। जाँदै उसले सम्झियो -दुखीहरूलाई अलिकति कुरा पनि ठूलो हुन आउँछ।

उसको साथी भनेको यसपाली म्याट्रिक पास भएको थियो। चारवर्षपछि यसपाली पास गऱ्यो जुद्धनाथ खुप मन पराउँछ। भेट भयो भने छोड्न मन गर्दैन। घर भने टाढा थियो। त्यसैले आज अबेर गरिदियो। होटेलमा पनि चिया चप खुवायो। घर फर्किदा फेरि आठ। साथीले एउटा शृङ्गार र सपूर्ण उपन्यास दिएर पठायो।

घरमा फेरि चिसो भात। आमा तल कोठामा कमजोरीले सुतिरहेकी थिइन्। तलबाट कराइन् - "ए मखमली बाबु आयो !"

"आउनु भो" धुम्धुम्ती एक्लै भान्छाको तल बसिरहेकी मखमलीले जवाफ पठाई। जुद्धनाथ भान्छामा गयो। चिसो भात पस्किया तारेको आलु तरकारी थियो। जुद्धनाथले मखमलीलाई पनि भाग बाँड्दा सम्झियो 'जम्मै कुरा मखमली हरेक नोट गरिराख्छे त्यसैले आज झन् धेरै तरकारी राखिदियो।

भात खाएर आमा सुतेको कोठामा गयो। आमाले लेटी भनिन् -"आज चाँडै भात पकाएँ। किन आउँथ्यो ? दुई जना छौ सँगसँगै भात खाए मखमली भाँडा माझ्न अबेर हुँदैनथ्यो। यसरी मखमली बस्न सक्छे ?

यस्तालाई "देउता हुनुहुन्छ भन्छेनी।"

दिउँसो मखमलीले भनेको कुरा जुद्धनाथले सम्झियो।

"किन मलाई देउता भनेकी ?" भनेर सोधेन। तर यस्तो भन्यो -"हो मैले सुने यस्ता नोकर चाकरहरूलाई अलिकति पनि माया गऱ्यो भने खुशी हुन्छन्।"

"आज बाको चिट्ठीमा किन २० रूपियाँ मात्रै पठाएको, भन्ने कुरा थपिस् ? दिउँसो सोध्न बिर्सें।" आमाले सोधिन्।

"फेखे सिपाहीको ६ रूपियाँ पनि तिर्न सकेको छैन भनेर पनि लेखे।" भन्दै जुद्धनाथ आफ्नो

कोठामा आएर लुगा लाउन लाग्यो । बत्तीलाई ओछ्यानको नगिचै तानेर आज ल्याएको उपन्यास पढ्न थाल्यो । ल्याउँदै नराम्रो होला कि जस्तो लागेको थियो । उसको मनमा थियो -'गरीब मान्छेको लेखेको उपन्यास सबभन्दा राम्रो हुन्छ ।"

शुक्रबार बिहान कालीलाई मखमली बोलाउन गई । उसको घर डेढ पाउ उत्तरमा पर्थ्यो ।

कालीले रातो पातलो ओढ्ने ओढेकी थिई । कपाल कोरेकी सिंदूरको टीका लगाएकी । मखमलीसित आउनेबित्तिकै जुद्धनाथलाई सोधी - "के स्वास्नी चाहियो रे आज " हाँस्तैहाँस्तै अर्को कोठामा जहाँ आमा बसेकी थिइन् गई भनी जानिकन पनि "किन बोलाउनु भएको मलाई ?"

"जा न चाँगु । ऐले पनि विरामी छ कि के भएको छ खबर पनि थाहा भएन । विशेक भएको भए लिएर आइज । आजै रे ?" आमाले जम्मै कुरा कालीलाई बुझाइन् ।

"आजै त सक्तिनँ ।" कालीले लामो उच्चारण बनाई -"त्यति टाढा ?"

"तँ मोरीलाई उहाँ बसेर खानु पर्छ दुई दिनसम्म अनि आउने कुरा गर्छेस् । नत्र किन आउन सकिन्न ?" आमाले त्यस छल्याई गर्ने ठिटीसित निरर्थक कुरा गरिरहिन् । जुद्धनाथको कोठा नगिचै थियो उसले सुनिरह्यो ।

यत्तिकैमा एउटा पचहीले के खाजा खाने ?" भन्दै कालीले जुद्धनाथको कोठाबाहिर -भित्र चियाई ।

जुद्धनाथ चुपचाप जुँगाको छेउछेउ सम्याउदै, कुरा सन्दै ओछ्यानबाट भ्यालबाट हेरिरहेको थियो ढोकामा हेर्‍यो ।

काली पनि चुपचाप भित्र पसी आँखा र ओठमा अलिकता मुस्कान ल्याएर उसले बिस्तारै औंला ठाडो गराई " हँ ? भनी दिऊँ तिम्रो स्वास्नीलाई "

"के ? के भन्छेस् ।" जुद्धनाथ कालीको ढीठ स्वभावदेखि परिचित थियो । उसको बकबक खोक्रो कुरादेखि ।

"भनिदिउँ ?" कालीले बाहिरतिर हेरी, अनि भनिदिउँ मखमलीको कुरा ? मखमलीलाई कस्तो माया गर्‍या ? जिल्फी पेडा खुवाउने रे । अनि राति अबेर भात खान आउने रे ? अरू बेलामा उसित कुरा गर्न पाइन्न भनेर, हो ? कस्तो मान्छे । आज जम्मै कुरा म भनिदिन्छु तिम्रो बज्यैलाई ?" उसले यति चाँडै के के सोधिसकी । जुद्धनाथ ध्यानमा संलग्न जस्तो देखियो ।

उ बोलेको थिएन । कालीले सोध्दै गई - "माया गर्‍या हैन त ?"

मखमलीले मलाई जम्मै कुरा भन्छे । सिंगेलाई पनि भन्छे ।" उसले एकछिन जुद्धनाथको उत्तरमा पर्खी ।

म जम्मै कुरा आज भनिदिन्छु । अनि तिमीलाई स्वास्नीले-भुत्ल्याउँछे ।" भन्दै उ जोडसित हाँसी ।

"कस्तो नकच्चरोको ओठ सियाजस्तो ?" कालीले अझ हाँस्तै सोधी ।

"के हँ ? तँ अहिले के बोलिरहेकी ?" भर्खर जुद्धनाथले फर्केर सोध्यो ।

शारदा, २००७ वर्ष १६ सङ्ख्या ११ फागुन

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा

शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं ।

ओम खाद्य उद्योग

रामगढवा, वीरगञ्ज

चिलाउने रोग

केही कामकुरो मिलेन भने मुखबाट कट्टा निस्किहाल्छ -कस्तो बुद्धि नभएको ए ! आफूलाई अर्कालाई पनि भन्ने एउटै वाक्य कस्तो सजिलो बुद्धि नभएको मान्छे भन्नु । मैले पनि आफुलाई धेरै पटक होइन सधैभरि दिनहूँ वर्षैभरि घण्टा मिनेटपिच्छे भन्दै आइरहेको छु -बुद्धि न सुद्धिको मान्छे ।

म त भन्छु -म जन्मनु नै बुद्धि नपुगेर जन्मेको, मलाई जन्माउने आमाबाबुहरूले नै बुद्धि नपुऱ्याई जन्माएका थिए क्यारे ! नत्र बुद्धिमान् छोरो जन्माउने बुद्धिमानी गर्थे नि !

आजकाल यस बुद्धिपूर्ण समाजमा मूर्खलाई नरकटको फूलको कल्की लगाउन दिने को ? सबैलाई बुद्धिमान हुनु । म त आफ्नो स्वार्थ के अर्काको स्वार्थ के बराबर देख्छु । यो आफुलाई बुद्धिहीन र अरूलाई बुद्धिमान् देख्ने बुद्धि भएर नै मैले जीवनभर धोखा खाइरहेको कारण हो । नत्र म पनि किन ती बुद्धिमान् सरह हुन नसकेको हुँ ? म त आफू लडेर अर्कालाई हँसाउने, आफ्नो मुखमा कालो ध्वाँसो दलेर अरूलाई दंग पाने गाईजात्रे सुझबुझ भएको मान्छे -अरू खुट्टाले हिँड्छन् आफू टाउकोले टेकेर हिड्नुमा खुसी मान्ने मजस्तो व्यक्ति दुनियाँको नाटकघरमा कहाँ पाउने ?

मुकुन्डो नलाएर दुनियाँलाई ठग्नु के बुद्धिमानी । इमान्दारी र सच्चरित्रताको मकुण्डो लाएर ठग्नेहरू पो बुद्धिमान । तर यस्तो अप्रत्यक्ष मुकुण्डो देख्न सक्ने आँखा भएका दुनियाँ कमै भएकाले ठगिन्छन् पनि । म त मकुण्डो लाए पनि नलाए पनि दुनियाँलाई एक कानो कौडी ठग्न नसक्ने मूर्खबाहेक अरू को होला ? मैले जन्मेर वस आफ्नो आमा-बाबुलाई ठग्छु । उहाँहरूले मलाई यस्तो बुद्धिहीन देख्न नसकेर छोरो पाउनुमा नै ठूलो उपलब्धि ठान्नु भएछ । म बुद्धिमान हुं भनी घोषणा गर्नेहरू त धेरै छन् तर मजस्तो बुद्धिहीन हुँ भनी प्रचार गर्ने कमै होलान् । तसर्थ म एक क्षणको असाबधानीले गर्दा लाखौंको व्यापार गर्ने स्मगलर र कालाबजारियाहरूलाई कसरी बुद्धि नभएका भनूँ ? मलाई त तिनले जेलमा परेर पश्चात्ताप गरिहेका बेला ईश्वरलाई पुकारा गरेको सुन्दा रुन पो मन लाग्छ । ती बुद्धिहीन हुन् र ? लौ बुद्धिहीन मूर्ख भनूँ भने -के तपाईं बताउन सक्नुहुन्छ -ठगी चोरी स्मगलिङ्ग र त्यस्तै अनेक कर्तूतमा सफल भएर सत्य, न्याय र इमान्दारीको मकुन्डो र आडम्बरमा लुकेर बसेकाहरू चिनाइदिनुस् मलाई । अहँ मलाई विश्वास छैन तपाईंसित त्यस्तो योग्यता होला भन्ने । अनि किन कुर्लनुहुन्छ ती असफलहरूलाई बुद्धि नभएका ? यस्तो कहिले पनि नभन्नु होला यो न्याय र कानून देश नरेशको सदिच्छाको विपरीत बोल्ने अधिकार तपाईलाई छैन । यसरी तिनको विपक्षमा र विरूद्धमा बोल्नु भो भने तपाईंको सच्चाइमा पनि शङ्का लाग्न सक्छ । तपाईलाई घुस्याहा भनिनेछ । मुसुमुन्द्रे र चमेरो भनिनेछ ।

म त यसै मूर्ख उसै मूर्ख । मेरो के मूल्य भो र ? मलाई त सबैले यही देखेका छन् चश्मा लाउने हुन् वा नलाउने हुन् । आफ्नो आँखा र चश्माबाट फोकस मिलाई टाढैदेखि तौलिसकेका हुन्छन् छर्लङ्गसित । म कस्तो भिँगा टाउके छु कस्ता ठाडा आँखाले हेर्छु ती विशिष्ट ओहदामा पुगेकाहरूलाई र ती सेठ साहूकारहरूलाई । मेरा आँखामा तिनीहरूले चढ्ने र बस्ने विल्डिङ्भित्र छर्लङ्ग देख्ने अप्रत्यक्ष चश्मा चढेको छ भन्ने तिनीहरूलाई केही पत्तै छैन ।

म त्यो सान्चा च्यामेसित पोइल जाने बाहुनीलाई कसरी बुद्धि नभएकी भनूँ ? म त्यो घोडेमुखे बाहुनले च्यामिनी स्वास्नी ल्यायो भनेर बौलाहा भनूँ कि बुद्धि नभएको भनूँ ? हो, ती धनी नभए पनि हृदयका धनी त छन् ! के हृदयका

धनीलाई बाहिरी पहिरनबाट गरीब भन्नु बुद्धिमानी हो त ? जातमा जे छौं सबै हौं एक सन्तति देशको अनि मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन भनी अनेक कवि र महाकविहरूले के देखेर भनेका हुन् कुन्नि ! तर मलाई त आफ्नो घरकी कुकुर्नी पनि बुद्धिमानै लाग्छे । उसको बुद्धिमानीको बयान कति गरूँ शाखा सन्तान डाँडाकाँडा फैलाएर आफ्नो वंशको उद्धार गरिरहेकी छ, बर्सेनी व्याउँदै भने मानिसले परिवार नियोजन गरी एक दुई छोरा-छोरी जन्माएरै सन्तुष्ट हुनु के देश प्रेम हो ? जाति प्रेम हो ? राष्ट्रिय गानाको उद्देश्य नै छ प्रजा नफैलाउनु देश, नरेशको विशाल हृदयलाई नबुझ्ने होइन ? म त के बुद्धिमान् हुँ र यो कुरो साँचो होस् ? म के देशप्रेमी हुँ र देशको समस्याका कुरा गर्न सक्ने ? तर तपाई अनि भन्नुहोला -को छ त देशप्रेमी ?

लौ तपाईंले त मलाई ठाडै झम्टनु भो है । के म मात्रै देशाभिमानी राष्ट्रप्रेमी हुँ र ? न म कुनै नेता हुँ ? घरको न घाटको व्यक्ति कसरी नेता हुँला ? देशको त के कुरा अञ्चल वा जिल्ला गाउँ वा वडाको कुनै झुप्रोमा बस्ने म पनि देशवासी ? मलाई कसले नागरिकताको प्रमाणपत्र दिएको छ र ? म नागरिकताहीन देशको एउटा घाँसपात न हुँ ? यस देशको फूलबारीमा उम्रने घाँस सिवाय म के हुँ त ?

तपाई फेरि हाँस्नु हुन्छ किन ? के तपाई यस देशलाई वडामहाराज पृथ्वीनारायणको फूलबारी मान्नुहुन्न ? नमान्ने कुरा कल्ले गर्छ र जसलाई देशको विकासमा फूलका बिरुवाहरूको स्याहार गर्ने जिम्मा दिइएको छ-घाँसपात उखेल्ने कुरा पनि निपुण मालीहरूलाई बताइरहनु पर्ने कुरा हो र !

म बीच सडकमा हिँडिरहने ट्राफिकको नियम नमानी बाटो काट्ने बुद्धि नभएको भनी आफ्नो जीउ ज्यान सरकारको हातमा सुम्पी निर्धक्क हिँड्न पनि नपाउनु रे ?

मलाई घाँटी खसखसाउन थाल्छ । बोल्न खोज्छु शब्दै निस्कँदैन । मलाई शब्दले शब्दको अर्थले नै घाँटीभित्र जीउभित्र प्रत्येक चेतन अंगमा चिलचिलाउने रोग भरिदिएको छ । चिलाउने रोगको ओखती डाक्टरी ओखती पसलमा खोज्न जाँदा डाक्टर ले उल्टै आफ्नो टाउको कन्याएर आफ्नो लाचारी देखाउँदै भनेका थिए -'आजको महामारी हो यो ।' बुद्धि भएकाहरूले आफैलाई बुद्धि नभएको भन्ने यो रोगको मुख्य लक्षण हो ।

म अबाक् । उसले मलाई बुद्धिमान देख्न थालेको थियो । म आश्चर्य ! के अनर्थ यो ?

तर पछि थाहा पाएँ-डाक्टरको यो लाचारी होइन नम्रता मात्र थियो ।

आफ्नो त वरिपरि लाटा र गाँडा लुगा र लंगडा रोगी र महारोगीहरू मात्र होइन काना बहिराहरू पनि छन् तिनकै सङ्गतमा बस उठ । लाटाहरू मैले बोलेकामा आश्चर्य मानेका देख्छु भने लंगडाहरू मलाई हिँडेकामा । रोगीहरूले मलाई स्वस्थ देख्नै हुँदैन, डाहले छटपटाउन थाल्छन् । यसैले बोल्नु हिँड्नु पनि मेरालागि दुभर दुस्साहस भइरहेछ । मलाई त तिनको अगाडि उनीहरूजस्तै भई मित्रता राख्नु परिरहेछ । जस्तो देश उस्तै भेष । म कुन नीति अपनाऊँ ? यो कुन्नि लाटाको देश हो कि गाँडाको हो ? लंगडाको हो कि रोगी बहिराहरूको हो, छुट्याउनै गाह्रो परिरहेछ । तिनीहरूले मलाई बिरानो देख्न लागे भने अवश्य तिनलाई शङ्का पर्नेछ -यो लाटो हो कि गाँडो हो के हो भनेर यसैले काउछो र सिस्नाको झाङझैं आफ्ना संगातीहरूको बुझिनसक्नु रहस्यले नै मलाई चिलाउने रोग भइरहेछ ।

कहाँको कुरो कहाँ पुगिसकेछ म त बुद्धिमान् भन्ने प्रशंसा गरेपछि फुरुङ्ग पो भएछु । कस्तो बुद्धि नभएको म ?

सुन्दछु, मरुभूमिमा इनार खन्न भनी लागेका दुईजना मूर्खहरूलाई एकजना यात्रीले भनेथ्यो रे - मरुभूमिमा इनार खन्नु के बुद्धिमानी ? उसको प्रश्न सुनेर एउटा मूर्खले जवाफ दिएछ -समुद्रमा इनार खनेर मरुभूमि पत्ता लाउनु बुद्धिमानी त ?

आजको विकासतिर लम्केको देशमा म ती मरुभूमिमा इनार खन्नेहरूलाई धेरै बुद्धिमान् देख्दछु कमसेकम तिनले असम्भव कामलाई संभव पार्ने चेष्टा त गर्थे नेपोलियनको शब्दकोशमा असंभव शब्द थिएन । यो उनीहरूले अनुभव गरेका रहेछन् ।

हाम्रो अभावैअभावको देशमा हामीले अपार

भण्डार देख्नु र खोज्नु परेको छ । सुखा डाँडा पहरालाई हरियो बनाउनु पर्ने आजको मागलाई धेर मरुभूमिका मूर्खहरूले बुझिसकेका छन् भन्ने कुरा किन तपाईंलाई पत्यार नलागेको ? सायद तपाईंलाई पनि काउछोको हावा लाग्यो कि मलाई झैं ? किनकि यो देशमा बाठाभन्दा लाटा र गाँडाहरू नै धेरै छन् भन्ने शैक्षिक तथ्याङ्क पढ्नु भएको छैन क्यारे ?

मैले त लाटा र गाँडामात्र होइन रोगहरूको तथ्याङ्क पनि थाहा पाएको छु -विभिन्न किसिमका रोगमध्ये मेरो चिलाउने रोग पनि एउटा रहेछ। तपाई सोध्नु होला चिलाउने रोग कस्तो हुन्छ ? मलाई त नाक, कान, आँखा, कपाल र मुख चिलाउने रोग मात्र होइन अरू अंगहरू शब्द स्पर्श गन्धका सबै ज्ञानेन्द्रियहरू यसै रोगले ग्रस्त पारेको छ । कान त चिलाउँदाचिलाउँदै पाकिसक्यो, नाक त पिनासे भैसक्यो सुकेर सुकेनास भै सक्यो, आँखा त माड्दामाड्दै फुलो परिसके । कपाल कन्याउँदा खुइलेर खल्वाट हुन लागिसक्यो । कहिले हात चिलाउँछ र आस दिलाउँछ कताबाट पैसा हात पर्ने हो भनेर । अनि कहिले खुट्टा चिलाउँछ र सम्झाउँछ कहाँ परदेश भ्रमणमा जानु पर्ने हो भनेर ।

अब त मलाई यी सबै रोगबाट चाँडै छुटकारा पाउने भगवान् गुहार्न बाँकी छ । डाक्टरले अप्रत्यक्ष संकेत दिएको हो -मलाई क्यान्सर भएको कुरा प्रत्यक्ष नभनेर । मजस्तै मेरा संगातीहरू त एक एक थोकका रोगी छन् -मुख भए पनि बोल्नै नसक्ने, आँखा भएर पनि देख्न नसक्ने, हातखुट्टा भएर पनि चलहल गर्न नसक्ने -शोभाका लागि छन् । त्यसमाथि मेरा त सबै अंगहरू नचल्ने सुस्त शिथिल छन् । म त टाउको भएर पनि नभएजस्तो छु । न सोच्न सक्छु यसैले न विचार गर्न -त्यस्तो टाउकोको के काम ?

न त म कसैको पोई हुन सकें न कसैको बाबु -मलाई त पहिले नै नपुंसक गराइसकिएको थियो । परिवार बढाएर आफू जस्तै घाँसपात यस फूलबारीमा निर्धक्क फैलाएर बस्ने आनन्ददेखि बञ्चित गराइसकिएको छ । यसैले कति साचूँ, नपुंसक सोचाइ ? कति हात चलाउँ डुँडिएको हात कति हिँडूँ लङ्गडो हिँडाइ, अनि कति सुन्नु बहिरो सुनाइ, कति हेरूँ अन्धो हेराइ ?

लाटा र गाँडाहरूको मात्र होइन म आफूलाई अपाहिजहरूको देशमा देख्छु । यी को अपाहिज छन् -जसलाई हिँड्नु पर्दैन, मोटर हवाइजहाज हाजिर छन् । जसलाई सबैथोक सहुलियत प्राप्त छ, जो यान्त्रिक वाहनहरूको साधनले एकैछिनमा टाढा देश-विदेश पुग्न सक्छन् । तर हामी त लाटा गाँडा जहाँको तहीं छौं । हामी फूलबारीबाट उखेलिन ठीक परेका घाँसहरू मालीहरूको दृष्टिमा परिसकेका छौं । हामीले आफूलाई लुकाउन पनि सक्तैनौं -छाती फर्काइरहेछौं गोलीको बौछारमा या रछ्यानमा फ्याँकिनलाई पर्खेर । हामी जन्मनु नै विद्रोह जन्मनु हो, हाम्रो जन्म नै अपराध हो । हामी घाँटी काटिएका निमोठिएकाहरूलाई वाक् स्वतन्त्रता किन ? हामी डुँडाहरूलाई लेख्न स्वतन्त्रता किन ? हामी टाउको नभएकाहरूका लागि विचार पर्ने स्वतन्त्रता दिएर प्रकाशन अभिव्यक्ति गर्ने औसर किन चाहियो ? यसैले जसले यो चिलाउने रोगको स्वतन्त्रता हामीलाई दिएको हो -त्वदियं वस्तु गोविन्द तुभ्यमेव समर्पये-।

पारिजात, वर्ष ४ अङ्क ३, २०३९ पूर्णाङ्क १८

विजयादशमी तथा शुभ-दीपावली २०६० को सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टेलिफोनमा जथाभावी कुरा गर्नु सामाजिक अपराध गर्नु हो ।

नेपाल दूरसञ्चार संस्थान परिवार

बौलाहा

सबैरैदेखि आउन लागेका पनेर्नीहरू पनेर धारामा आएर गाग्रीहरू भर्दै फर्कन्थे । आज त भीड बढ्न लागेको थियो । आउने मात्रै धेरै थिए । फर्कनेका मुखबाट सुनेकाले होला अझ बढ्न लागेको थियो ।

कारण पनेरा अलि मास्तिर-गुराँसको बाङ्गेरूखको फेदमा आड लागेर उही बौलाहा सबको मुखमा हेर्दै हाँसिरहेको थियो । राम आउनेबित्तिकै हत्तपत्त गाग्राहरू त्यसै फ्याँकेर जम्मा हुन जान्थे, भन्दै 'के हँ? कैले आएछ ?' उनीहरूको मुख उत्सुकताले चम्किरहेको हुन्थ्यो ।

बौलाहा, शायद उसको नाम केही थिएन । त्यो त्यस गाउँको थिएन । उ कहाँको थियो, त्यो पनि थाहा थिएन । तर धेरैजसो त्यही गाउँमा हल्लिरहन्थ्यो । हराएपछि धेरै दिन थोरै दिन अनिश्चित टायममा उ गाउँमा देखा पर्थ्यो । तर आउँथ्यो निश्चय - आज पनि उ सधैं देखापर्ने ठाउँमा, त्यही रूखमा महिना दिनपछि फेरि आएको थियो । उसको हँसिलो अनुहार, हँसिलो भिजासमा कुनै परिवर्तन थिएन । उसँग सधैं रहने उसका झुत्रा, गाँठो परेका झुम्रा कपडा ठाउँठाउँ झुण्डिएकै थिए । -अनि उसको उही फुटेको बाँसुरी हातमा थियो । बजाउँदै फेरि मुखैले सुसेलेजस्तो गरिरहन्थ्यो । हिउँदे वर्षा घाम सहेको सुकेको जीउ, अहिले यो जाडोमा केके खोजेजस्तो यताउति हेर्थ्यो । कहिलेदेखि यहाँ थियो, शायद हिजै रात आधा रातदेखि यहीं बसेको हुँदो हो ।

जब पनेर्नीहरू पनि होसमा आएपछि रित्तिदै गए, उनीहरूको पछि डाँडामा घुम्दै नदीजस्तो सानोहुँदै गएको बाटामा उनीहरू बिलाएका उसले हेरिरह्यो । एउटी केटी पानी भरेर पछि जाँदै थिई, उसको पछि केही छिनपछि बौलाहा, जुरुक्क उठेर एकएक थोक कराउँदै, चिच्याउँदै दगुर्‍यो । उकालो लाग्यो, अनि त्यही उकालो फेरि ओर्ल्यो ।

मध्याह्नतिर बौलाहा एउटा रूख चढेर बस्थ्यो अथवा वरपरका सानासाना झ्याङका पातहरू चुँड्दै मुखमा हाल्दै कसैलाई पर्खेको, तर झ्याङमा लुकेको जस्तो देखिन्थ्यो ।

उ गाउँतिर लाग्थ्यो । त्यो बेलासम्म साँझ पर्न-पर्न आँटेको हुन्थ्यो । यो गाउँको मुखैमा एउटा चौतारीमा उभिएर हात हल्लाउँदै उभिरहन्थ्यो । बेसीबाट उकालो लागेका गाउँलेहरू- उनीहरूको किसानी जीवन-दिउँसभरिका थकित तथा मुखमा स्फूर्तिको छाप, -कुनै दिलाशा-सहानुभूति दिन कुनै दार्शनिक झैं ध्यान दिन्थ्यो-हेरिरहन्थ्यो । पिठ्यूँको भारी सँगसँगै धचक्क त्यहीं चौतारामा बसेपछि सिद्धिन लागेको ठुटो चुरोट, बिँडी बौलाहाको हातमा राखिदिन्थे । थकाइ नमरुञ्जेसम्म त्यहीं उसँग र उसको जवाफसँग गफ गरिरहन्थे। हाँस्थे, जान्थे । बौलाहा आफ्नै धुनमा फलाकिरहेको हुन्थ्यो ।

कहिले उ घरको पिँडिमा टुकुक्क गएर बस्थ्यो । आफ्नो अङ्ग सबै नढाकिने लुगाहरू ओड्थ्यो । काम्दै कामिरहेको आँखाले चुपचाप ढोकाभित्र चियाउँदै मुख मिठ्याइरहन्थ्यो । यस्तै बेला भित्रबाट नाभा, बोहतामा दाल-भात ल्याएर दिन्थे, उ मीठोसँग खाइदिन्थ्यो । गाउँघरमा घुम्दै यस्तै रीतले पिँडीमै सुतिदिन्थ्यो । बाटै छेकेर सुतेको उदेखि हैरान भएर जहानै लागेर हात-खुट्टा तान्दै घिच्याएर आँगनमा सार्थे । उ बेस्करी कराउँथ्यो । ओछ्याउन दिएको परालैसमेत बोकेर उ हिँड्थ्यो । केटाकेटीहरू उसको पछिपछि लागेर कराउँदै हल्ला मचाउँथे ।

बिहानै बौलाहा पानी भर्न आएकाहरूसँग लागेर आउँथ्यो । बिस्तारै आइरहेको एक्कासी दगुरेर एउटा लट्ठीजस्तो काठले गाईगोरू धपाएझैं गर्थ्यो । फेरि छचल्किँदो गाग्रो बोकेका पनेर्नी दिदी-बहिनीहरू फर्कंदा उ बाटैको किनारामा बाघचाल खेलेर जितिरहेजस्तो दङ्ग परिरहन्थ्यो । उनीहरूको

अनौठो चाल र अनुहारमा सधैं नयाँ झैं हेरेको हेरै उभिरहन्थे ।

बिहानको उस्तो जाडो नभए पनि भरखर लागेको घाम, पहार लाग्ने यस्तै ठाउँ छानेर फागुन, चैत्र महीनामा धेरैजसो, उ हुङ्गामाथि आफ्नो पोशाक फुकालेर कन्याउँदै बसिरहेको उसलाई गाउँले ठिटाहरू नै विशेष देख्तथे । माटो टिपेर हान्थे, जिस्क्याउँथे । बौलाहा बसेकै थलोबाट मनपरी गाली गर्थ्यो । बौलाहा सबैले भात खाने टायममा गाउँभित्र पस्थ्यो ।

यस्तै रीतले बौलाहा जीवन बिताउँथ्यो ।

X X X

एक बिहान ऊ केटाकेटी र कुकुरहरूको स्वागत सँगसँगै एउटा घरभित्र पस्यो । विवाह घर विशेष चहलपहल । वरिपरि मान्छेका घुइँचो । ओहोरो-दोहोरो । बौलाहा घरको पेटीमा बसेको थियो । जिस्क्याउने इच्छुक केटाकेटीहरू कुकुर लगाइदिन्थे । कुकुर पुच्छर हल्लाएर कृत्रिम मुकाइ गर्दथ्यो । बौलाहा वरिपरि हेरिरहेको थियो -'जग्गे' भित्र पण्डितको श्लोक र झिलिमिली मान्छेहरू उ पनि श्लोक जस्तो मुखैभित्र गुन गुन गर्दथ्यो । कहिले कुकुरको पुच्छर तानेर क्याइँ क्याइँ पार्थ्यो । अनि उसैलाई अँगालेर हल्लिरहन्थ्यो । बेलुकीपख च्यूरा र अचार ल्याएर दिए । चार पाँच फाँकैमा सिध्यायो, जग्गेमा मान्छेहरू थिएनन् । केटाकेटी पनि गइसकेका थिए । उ उठ्यो ।

राती बौलाहा घरको पिँडीमा मुख छोपेर मुर्दाजस्तो लडिरहेको थियो । बीचबीचमा कुकुर भुकेको -परपर मान्छे बोलेको फेरि शान्त , बौलाहाले सास फेरेको हावाको झोक्काजस्तो बिलाउँथ्यो । जग्गेको चँदुवा हल्लेको फिर फिर आवाज आउँथ्यो । ढोकाको प्वालबाट निस्केको सूक्ष्म किरण उसको आङमा परिरहेको थियो । घरमा खलबल बीचबीचमा सुनिन्थ्यो । तर गाउँ सारा निदाइसकेको थियो ।

घ्याक्क ढोका उघारेर बौलाहाले भित्र हेर्‍यो । भित्र एक कुनामा बत्ती बलिरहेको थियो । बिस्तारै पसेर उसले चारैतिर दृष्टि फिरायो । भर्‍याङ पनि उस्तै चालले एक दुई सिंढी चढ्यो । गौर गरेजस्तो चुप लागेर आधा भर्‍याङमा अड्यो । टाउको तन्काएर मास्तिर हेर्‍यो । भर्‍याङ उक्लेर भर्‍याङ र कोठाको बीचको ठाउँमा सास पनि रोकेझैं धम्म भुइँमा बस्यो । भित्रबाट अस्पष्ट स्वर आइरहेको थियो । बसेको बसै घिसिँदै ढोकामा पुग्यो । आधा खुलेको ढोकाबाट च्याइरह्यो । ढोका सबै खोलिदियो । अनि टाउको भित्र लगेर डिच्च दाँत देखाएर हाँस्यो । भित्र भएका स्वास्नीमान्छेहरू झस्केर हेरिरहे ।

सहसा बौलाहा भित्र पस्यो, के के सोधेजस्तो बर्बरायो । अनि हाँसेर अगाडिको झ्यालतिर बस्यो । उ खुशीजस्तो थियो । आफ्नोआफ्नो ठाउँ छोडेर सबै एकै ठाउँमा थुप्रिए । बिहा गरिने केटी पनि मुख छोपेर मुस्काइरहेकी थिइन्, बौलाहा हातले बाहिर देखाउँदै सबैसित केही भनिरहेको थियो । अनि चुप लागेर सबैको मुखमा हेरिरहन्थ्यो । अलि बेरपछि बौलाहाले आफ्नो झिटिमिटी जीउबाट झिकेर अगाडि राख्यो ।

सबै स्वास्नीमानिस, मान्छेहरू मुखमा डर लिएर-उतिर चुपचाप हेरिरहेका थिए । तीमध्ये एउटी उठेर निस्किन् । चाँडै नै हातमा केही लिएर ढोकाबाहिर उभिएर बौलाहलाई डाकिन् । बौलाहा चाहिँ ओढ्ने ओढेर सुत्ने प्रयत्न गरिरहेको थियो । ढोकामा अलि बढ्ता खानेकुरो लिएर तिनी फेरि आइन् । उसलाई देखाइन् । लिएर फेरि डाकिन् । अहिलेको पालो बौलाहा लिएर गयो । ती स्त्री भित्र पसेर हत्तपत्त ढोका ढ्याम्म लाइन् । यही बेला सबको मुखबाट हाँसो निस्क्यो ।

खान दिएको सेललाई उसले कयौं टुक्रा पार्‍यो र मुठीमा लियो, तल बस्यो । च्यूरा पनि पोख्तै पोख्तै उ बाहिर जग्गेमा उभियो । सब खानेकुरा पोखिसकेको थियो । त्यहीं डुलिरह्यो । जग्गेको परिक्रमा गर्‍यो । हँसिलो मुखले कोहीसित बोल्न खोजेजस्तो थियो । घुम्दाघुम्दै जग्गेको बाँसलाई अँगाल्यो । म्वाइँ खाएझैं गर्‍यो ।

पछिल्लो दिन बिहान र दिउँसभरि त्यता हुँदो कतै देखा परेन ।

बेलुकी पखतिर बौलाहा गाउँभन्दा निकै तल

कुलोको डिलमा बसेर घुँडा-घुँडासम्म पानीमा डुबाएर खेलिरहेको थियो । आङका लुगाहरू सब पर फ्याकेजस्तो राखेको थियो । कन्याएर फुस्रो देखिन्थ्यो । डाँडाबाट घाम बलिसकेको थियो । साँझको धमिलो डाँडाको टाकुरामा उडिरहेको कालो बादल, हावाले नगिचैको पिपलको बोट हल्लिरहेको थियो । पर माथिबाट बाजाको ध्वनि सुनियो । चारैतिर गुञ्जिदै आयो । घुम्दै-घुम्दै तल आइरहेको लस्कर नगिचैको बाटो भएर जान लाग्यो । बौलाहाले यी तमासा हेरिरहेको थियो । जन्ती पनि उसलाई हेर्दै ओझल भए । उसले पानीबाट खुट्टा झिक्यो । एक लामो सास फेरेर त्यहीं टुकुक्क बस्यो । विचार मग्नझैं बन्यो । नगिचैबाट गोरु अगि लाउँदै किसानहरू गाउँतिर उक्लन लागेका थिए । उनीहरूले बोलाए । तर नसुनेको जस्तै आँखा चिम्लेर बौलाहा ध्यान गरिरहेजस्तो देखिन्थ्यो ।

शारदा, २००५ वर्ष १४ संख्या ८४ मार्ग-पौष

NCC Bank

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.

Nepal Credit & commerce Bank Ltd.

NCC Savings Plus

(4.5 % Interest Rate on daily balance)

- **Unlimited withdrawls.**
- **Mininum balaince of Rs. 25,000.00**

For further details, please contact our :

Head Office: Siddhartha Nagar, Tel : (071) 521952, Fax (071) 521953.
Corporate Office: NB Building, Bagbazar, Kathmandu, Tel. 246991, Fax : (01) 244610

Kathmandu Branch : Tel 4246991, Fax (01) 4244610
Banepa Branch : Tel. (011) 662764, 66276, Fax (011) 662076
New Road Branch : Tel (01) 4231713, 4231721, Fax (01) 4227404
Birgunj Branch : Tel (051) 528553, Fax (051) 525713,
Narayangadh : Tel. (056) 526836-8 Fax: (056) 526795
Lumbini Branch : Tel /Fax (071) 580152
Thankot Branch : Tel. (01) 4311927, Fax 4311928
Barabise Branch : Tel (011) 662095
Mahendranagar Branch : Tel (099) 524885, Fax (099) 524900,
Biratnagar Branch : Tel. (021) 536278, Fax (021) 535260

Your Business Bank

विजयादशमी तथा
शुभ-दीपावली २०६० को
उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना !

प्रो. सञ्जात धिताल
सञ्जात इन्टरप्राइजेज
तुलसीपुर, दाङ । फोन: ५२००४८

विजयादशमी तथा
शुभ-दीपावली २०६० को
उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना !

प्रो. उदयराज शर्मा
अरुणोदय व्यापार सेवा
त्रि.न.पा.घोराही, दाङ । फोन: ५६१२०२

काम गर्ने जीउ

छोरा मदनबहादुर । व्यारेकमा सैनिक । सहर मा डेरा । आमा थिइन् बुढी -एक्लै बिनाकाम कहिल्यै बस्न नसक्ने । फतर फतर बोलिरहनु पर्ने उसलाई । चिनेका नचिनेका सबका हाल खबरको उनलाई खोजीनीति । घरपट्टिका जहान, छर-छिमेक सबैसित उनको हिमचिम । उनीसित बोल्न मन गर्ने कोही थिए भने कोही मन नपाराउने फतौरी भनेर । महिना दिन पनि भएको थिएन छोराले आमालाई घरबाट ल्याएर डेरामा राखेको ।

बिहान भात खाएपछि उनलाई एक्लै डेरा कोठामा बसिरहन वाक्क लाग्थ्यो, न सुत्न सक्थिन्, न कसैकहाँ जान नै ।

घरपट्टिनी तल माथि गर्दा उनी कुरा गर्न देखा पर्थिन् डेराबाट बाहिर निस्केर । घरपट्टि नौ साढे नौ बजे नै अड्डातिर लाग्थे । उनी गएपछि आफूले भोगेका देखेका सम्झनाका कुरा फतफताउन लाग्थे । उनी गएपछि आफुले भोगेका देखेका सम्झनाका कुरा फतफताउन लाग्थिन् -घरपट्टिसित । मानौं उनी एउटा सामाजिक इतिहास हुन् । उनी देश परिस्थितिलाई पुराणका अध्यायमा मिलाउँथिन् । आफ्नो पाप आफ्नो पुर्पुरोमा लेखिएको देख्थिन् र यो तथ्य उनी अरूमा प्रत्यारोप भएको र देखेको गाउँघरका घटनाहरूसित जोड्थिन् । आफ्नो इच्छा देशको परम्परासित मिलाउँथिन् । उनको लागि प्रजातन्त्र भनेको आफ्नो छोराले जागिर खान पाउनु र आफूलाई छोराले पाल्नु, बेला बखत छोरोले डेरामा आएर उनको खान लगाउनको बन्दोबस्त र खर्चकोलागि रूपियाँ छोडी जानु उनकों मनोरथ पुग्नु र पुऱ्याउनुमा नै सीमित थियो । यसैले होला अरू दुनियाँका छोराहरू तिनका आमाहरू पनि आफ्नो जस्तै अवस्थामा देखेर खुशी मान्थिन् । किनकि सवैजनालाई उनी जागिरदार, व्यापारी, ज्यामी र किसान मात्र देख्थिन् । कहिल्यै उनी बेफुर्सदी देख्तिनथिन् ।

तर केही दिनदेखि आफू मात्रै फुर्सदी देख्ता उनलाई किन हो छट्पटी र दिक्क पनि लागेको ? उनी सम्झन लाग्थिन् -गाउँघरमा भए कति काम परिरहन्थ्यो, गरिरहिन्थ्यो । डोको बोक्नु, ओरालो उकालो गाउँ र बेसी खेतबारी, पनेरो, वन-जंगल, दाउरापात, बनीबूतो -यी सब कुरा-टाढा भएकाले कल्पिन लाग्थिन् । कति बेफुर्सदी रमाइलो जिन्दगी थियो उनको गाउँले जीवन । सहरमा आएपछि उनी सारै अल्छी भएको, रोग व्यथा लागेजस्तो र खाली हात खाएर मात्रै बसिरहनु पर्दा जीवन खल्लो अनुभव गरेर पिरलिन्थिन् र छोराको शिकायत गर्न थाल्थिन्, -"हिँड आमै सहर । बुढेसकालमा के दुःख गछ्यौं गाउँमा बसेर । म सेनामा भर्ती हुन्छु " भन्यो छोराले र सहर आएकी भन्थिन् ।

"पहिले भर्ती भएर आ । अहिले किन फुर्ती गर्छस् " भनेकी थिएँ । पछि त साँच्चै नभन्दै सिपाही, पोशाक लगाएर पो आइपुगेछ नाथे त । मैले दरबारमा मितिनी दिदी भेट्न गएकी बेला नेपाल सहर नदेखेकी होइन । सहर हेर्ने रहर कहाँ थियो र । छोरोले भनिहाल्यो । यौटा छोरो त्यही हो आफ्नो-पहिलेका दुइटा मरेर पाएकी भनेर बुढी आँसु झार्लिन् झैं छोराहरूका सम्झनामा मलिन मुख लागाउँथिन् ।

"मदने आएका बखत भन्छु, कति भनिरन्छु -मैले पाउनसम्म सुख पाएँ यहाँ आएर । के गर्नु उहाँको टारी खेत र खोप्रो घर पनि सम्झन मन लाग्छ । दुई चार डोका फापर भए पनि फल्थ्यो ।" उनी भन्थिन् ।

"हाम्रो पाखो बारी बाँझै रहे रहोस् भनेको हैन मैले । त्यसबाट दुई-चार डोको मकैलें तिमीलाई खान पुग्थ्यो त ? बनीबूतो गर्न परिहाल्थ्यो तिमीलाई । यहाँ मजासित खान पाएकी छौ, केको चिन्ता फेरि तिमीलाई ! दुःख भयो हैन ? तिम्रो पुर्पुरोमा नाम्लो पातो लेखिएको नाइँ, " मदनबहादुरले दिएको जवाफ उनी अक्षरशः सम्झन लाग्थिन् ।

उनको गुनासो सुन्नेहरू पनि भन्थे- दुःख गर्न पुगेन र आमै ? किन गाउँ नै सम्झिरहेकी ? मदनकी आमा जवाफ दिन्थिन् -"काम गरी खानुपर्थ्यो

बा । यहाँ काम नगरी बसेर खाँदा छोराकै कमाइ भए पनि चित्तले किन किन मान्दैन । त्यही छोरालाई हुरूक्क हुन्जेल काम गरी दुःख गरी कति सास्तीले हुर्काएँ । लायक भायो, अब सुख देला पाल्ला आमालाई भन्ने आशाले दुःख गरेको न हो । मलाई भने सहरमा ल्याएर म त थला बसेजस्ती भएँ । न उकालो ओरालो हिड्न पाउनु न काम गर्न । मेरो उमेर कहाँ गएको छ र ? काम गर्ने जीउ आफ्नो ..... ।"

एक दिन मदनले आएर आमा बुढीलाई भन्यो -"तिमीलाई काम गरेर बस्न मन हैन आमा ? सहरमा के काम छैन ? के काम गर्छ्यौ ?"

"के काम छ र गर्ने ," नबुझेर बुढीले छोराको मुख ट्वाल्ल हेरिन् ।

"पहिले भन । काम जे पनि छ । डोको बोक्ने, भारी बोक्ने, के काम भन्छ्यौ ?"

"डोको-भारी बोक्न जानेकी छु । अरू के र ?"

"काम गरेपछि गाउँघरमा जस्तो खाजा ज्याला लिन्छ्यौ कि लिन्नौ ? तिमीलाई त काम पाए भइगयो हैन ?", मदनबहादुरले ठट्टाइलो भावमा सोध्यो ।

"सहरमा के सबैले पैसा नली काम गर्छन् र ? कसरी खान्छन् त बाबु ? कसरी जहान-बच्चा आफ्नो पेट पाल्दा हुन् त ?"उनले अचम्म प्रकट गरिन् ।

"उनीहरू देशको काम गर्छन् । देश बनाउने सपानें बाटो-पाटो, पुल, कलकारखाना घर बनाइरहेका देखेकी छैनौ र ? " मदनले हँसिलो मुख लगाएर भन्यो ।

"हो बा मैले तिनीहरूलाई टंटलापुर घाममा सडकमा ढुंगा बोकेका, खनेका, थाक्काले कोरेर कलकत्ता हालेको देखेको छु, " उनले होसिएर भनिन् ।

मदन हाँस्यो -"अलकत्तालाई कलकत्ता भन्छ्यौ ?"

"अस्ति अलिकता अलकत्ता हो कि कलकत्ता हो गाग्रो टाल्नलाई माग्न गएको बेला सबैथोक देखेर आएँ । त्यहाँ पर सडक बनाउँदा रहेछन् । मलाई पनि काम गर्न मन लाग्यो र त्यहाँ सबैलाई सोधें-उनीहरूले पनि हुन्छ भनेर बोलाएका थिएँ । मैले त पैसा ज्याला लिएर काम गर्दा हुन् भन्ठानेकी थें बा, " बूढीले अज्ञान प्रकट गरिन् ।

छोरो आमाको निर्बोधतादेखि दङ्ग परिरह्यो । उसले केही निर्णय गर्न नसकेर चूप लाग्यो र भन्यो -"काम गर्ने ज्यू भनेर थलै नपरून्जेल कहाँ चूप लाग्छिन् यी बूढी । तिमीलाई भोलि गाउँमै पुऱ्याई दिन्छु बिदा मागेर अब ।"

मानबहादुर आमालाई गाउँ ब्यारेकबाट लैजान ५।६ दिनलाई छुट्टी लिएर दिउँसो डेरामा आउँदा आमा थिइनन् । उसले घरपट्टिनीलाई सोध्दा थाहा पायो बुढिया त केही पर पीचरोड बन्न लागेको ठाउँमा पो गएकी छन् ।

अरू केही सोधपुछ नगरी केही पर मदनबहादुर पीच गर्न लागेको सडकमा पुग्यो । सडकको धुलो र अलकत्ता पकाएको मेशीनबाट धूवाँ-ढुङ्गा पेल्न रोलर र आउने जाने मोटरहरूले गर्दा पहिले त उसले केही मेलो पाएन । उ ज्यामीहरूका बीच आफ्नी आमालाई देखापरेको देख्न चाहन्थ्यो तर उनी देखिइनन् ।

"मदन, ए बाबू !," अचानक उसले नजिकैबाट आमाको स्वर सुन्यो ।

उसले आमालाई सडक छेउँ पेटीको एउटा कुच्चिएको सिल्भर लोटा लिएर घामले तिर्खाएका ज्यामीहरूलाई पानी बाँड्न बसिरहेकी देख्यो र छक्क परिरह्यो ।

"ए आमै के गरिरहेकी यहाँ ?" मदनले आमातिर जाँदै भन्यो ।

"चार पान दिन भयो बा म यहाँ पानी बाँड्छु यिनीहरूलाई , "उनले जवाफ दिइन् ।

"म तिमीलाई गाउँ लैजान आएको बिदा लिएर " उसले भन्यो ।

"भो भो मदन । अब जान्न गाउँ । धर्म पनि हुने काम पाएँ-पानी खान दिन्छु " आमाले भनिन् ।

मदनबहादुर आमाको कुरो सुनेर उभिरह्यो र "म भने बिदा लिएर तिमीलाई गाउँ लैजान आउने, तिमीले भने नजाने ! हिँड हिँड । गाउँमा गएर काम गरौली, " मदनले आमाको हात समात्यो ।

तर आमा उसको कुरो नसुने झैं लोटामा पानी बाँड्न हिँडिन् ।

रत्नश्री, वर्ष १६ अङ्क ६, २०३६

अँधेरी रात: निर्जन गोरेटो

उनीसित बाग्मतीको पुलमा भेट भएको थियो । उनीसित कुरा गर्न मैले पहिले नै सोचेको थिएँ कहाँबाट प्रारम्भ गर्ने कहाँ टुङ्ग्याउने भनेर । यसको लागि मैले उनको पीछा पनि धेरैबेर गरें । किनकि मैले सोचेका कुराहरू भेटेर भन्नुपर्दा साहसको दरकार थियो । फेरि उनी कस्ती हुन्, बोल्न मन पराउने हुन् वा होइन् भन्ने लाग्यो ।

उनलाई पाटनमा किनमेल गरेको मैले हेरिरहेको थिएँ । उनी जहाँ जान्थिन् उहीं पुगेर उनले सोधेका माललाई म पनि अघि सारेर मोल सोद्धथें । यसो हुँदा उनी मलाई के विचारले हो पुलुक्क हेर्थिन् र गम्भीर हुन्थिन् । उनी मुस्कुराएको मैले देख्नै पाइनं । यसैले उनी कडा स्वभावकी हुन् भन्ने मलाई लाग्यो ।

उनको पिठ्यूँमा डोको थियो । डोकोमा पातका र सिन्काका मुट्ठा, केरा, घिउ, तेल र नजाने केके थोक थिए म अहिले भन्न सक्तिनं । उनी अविवाहित ग्रामीण षोडषी, गोरो पुष्ट मांसल गाला र च्यूँडो कति राम्रो कति । साडी लगाएकी । नत्र ग्रामीण बालाको विपरीत फ्रक र कुर्था शलवार । निधारमा खपटे टीका, जुन अँध्यारोमा पनि चन्द्रमा झैं उनको निधारको आकाशमा टल्केको देख्न सकिन्थ्यो । म उनीसँगै पुग्दै एक छिनसम्म हिँडिरहें मानौं म-उनलाई चिन्दथें । उनको नाम्लो मन्तिर टीका थिचिएको थियो । उनले फर्केर हेरिन् र मलाई नजिकै पाएर मुसुमुसु हाँसिन् र छिटो पाइला बढाइन् । मलाई उनले शायद बदमास, ठानिहोलिन् । म पनि उनको पाइलो रातिमा आकस्मिक परिवर्तन पाएर उस्तै गतिमा अघि बढ्दै गएँ । हामी दुईमा कुर ाकानी हुन मात्र बाँकी थियो । पहिले नै सोच्ने मेरो तर्जुमा अनुसार म सोध्न खोज्थें -"तपाईं कहाँसम्म पुग्ने हो ?" उनले नबोले म उनको अगाडि पुगेर भन्ने थिएँ -"त्यो तपाईंको हातको चुरोट पाउँ त म यो ठूटो सल्काउँ ।" तर म कुनै पनि भन्न वा सोध्न अशक्त थिएँ । अनि मैले तेस्रो प्रश्नलाई मस्तिष्कमा अनुभव गरें । "तपाईंले किनेका मालताल सराढे गर्ने मालसामान जस्ता छन् ।" उनले होइन भने "व्रतबन्धको त हो ।"

फेरि झट्टसम्झें -साउन भदौमा व्रतबन्ध गर्छन् । तर ती सरजाम कुनै चाडपर्वका लागि हुनुपर्छ । कस्तो चाडको लागि होला ? अनि फेरि के सम्झें भने उनले मलाई नै सुनाउन शायद भनेकी थिइन् "पसले दाइ, कालो तील छैन निक्खरा ?" पसलेले जवाफ दियो यो पनि कालो त हो नि । "होइन यो त अचार खाने कैलो दिनु भो । मलाई होम गर्ने चाहीं, चरू बनाउने ।" उनले भनिन् -पुलुक्क हेरिन् र मलाई मुसुक्क दाँत देखाएर हाँसिन् । यसबाट मैले अनुमान गरें शरलक होम्स झैं -भोलि उनको घरमा यज्ञ वा साङ्गेको दिन हो ।

यसैले केही नसोधी खोजिनीति नगर्दै म आफ्नो अडकलको भर पर्दै उनको पछि लाग्दै गएँ । कहिले म उनको दाहिनेतर्फ हिड्थें, कहिले देब्रेतिर । उनी बराबर मलाई कुनै आशयले पुलुक्क हेर्थिन् । जब म उनको दायाँ बायाँ लाग्थें, म चाहन्थें -पहिले उनी बोलून् । उनी पनि शायद चाहन्थिन् -म नै उनीसित पहिले बोलुं ।

उनी सडकको मोडमा एकछिन उभिरहिन्, म केही अघि बढें । उनी मोडबाट जान चाहन्थिन् भन्ने मैले थाहा पाएँ । उनले मलाई बिदाइको दृष्टिले पुलुक्क हेरिन् र हिँड्न लागिन् । तर म उनको पछि गडेर तीखो आँखाले हेरिरहेको थिएँ । उनी त्यो लमतन्ने साँगुरो सेतो गोरेटोमा बिलाउँदै गइन् र त्यस ठाउँमा जहाँ एउटा टाइलको घर थियो -सेतो माटोले लिपेको । त्यहाँ पुगेर बिलाइन् ।

म झल्याँस्स भएँ । अँधेरो रात निर्जन बाटोमा दुईजना चुपचाप कति पर आइपुगेका थियौं ।

म भोलिपल्ट उनको घरको ढोकामा झोला र भिक्षा थाप्ने बटुको लिएर "भिक्षा पाउँ" भन्दै देखा परें ।

"आज भिक्षा दिनुहुँदैन जोगी । आज सराद्धे छ ।" उनको जवाफले म छक्क परें । मेरो एकोहोरो असफल असफल भएको थियो । उनले मलाई बिस्तारै भनिन् -"मैले दिनुहुँदैन ।"

उनले मलाई सराद्धे भनेर जिस्क्याएकी मात्र थिइन् । उनी नछुने भएर पर सरेकी थिइन् । उनको ठट्यौलो गर्ने स्वभाव रहेछ भन्ने मैले थाहा पाएँ । उनले सम्झिरहेकी रहिछन् - म हिजो उनी सँगसँगै हिड्ने उही गेरुबस्त्रधारी जोगी थिएँ ।

उनको प्रेमले भरिएको सजल स्वीकृतिपूर्ण प्रेमदृष्टिलाई हृदयमा धारणा गरेर घर घर भिक्षाटन गर्दै आफ्नो वासस्थानमा आइपुगे । मेरो वासस्थान एउटा महादेवको मन्दिरको सत्तलमा थियो, जहाँ धुनी जगाएर म नाङ्गो भएर खरानी घसेर लगौंटी कसेर परब्रह्मको चिन्तनमा लीन हुने गर्थें । तर त्यस दिन म आफ्नो ध्यानमा तिनै सुन्दरीको चित्र अछूत अर्थात् चोखो पवित्र रूपमा मेरो मनमन्दिरमा प्रकट भइन् । मैले उनको स्मृतिलाई हटाएर आफ्नो ध्यानलाई सच्चिदानन्दको खोजमा लगाउन खोजें । तर मेरो चिन्तनले आफ्नो स्थान लिन सकेन । हुँदाहुँदै मैले आफ्नो आत्मदृष्टिमा ती केटी एकदम सानी केटीको रूपमा प्रकट भइन् । शायद नौ वर्षकी । उनलाई मैले त्यस रूपमा किन देखेको हुँला मैले आत्मविश्लेषण गर्न लागें । विश्लेषण गर्दागर्दै मेरो आत्मामा एउटा दिव्य स्मृति पैदा भयो । त्यो पवित्र स्मृति जुनबेला सबैको बाल्यकाल निर्विकार निष्कलुष हृदयले परिपूर्ण हुन्छ । मैले उनलाई भँडा चराउन लागेकी ओह्रालीको खेतमा जाने गोरेटोमा कान्लाकान्लीमा उफ्रन लागेकी साथीहरू उनैको नाउँ बोलाइरहेका । शायद मैले त्यो नाउँ बिर्सिसके हुँला । तर मलाई सम्झना छ त्यो नाउँ रामायण भित्रकै हो । अँ, सम्झें -रामचन्द्रका आमाहरूको नाम हो । रामकी आमाहरूमा मलाई सुमित्राको नाउँ मात्रै सम्झना छ । यसैले कि त्यस केटीको नाउँ सुमित्रा थियो, जसलाई मैले चिन्नेको थिएँ । जोसित बोलेको थिएँ, जोसित जिस्केको थिएँ केका लागि ? उनले पनि मसित किन हो बोलेकी थिइन् । जिस्केकी थिइन् । मेरो नाउँ पनि उनलाई सम्झना आउँदो हो । म उनलाई बराबर सम्झन्थें -प्रेमको इच्छा नराखेर प्रेम गर्थें । जसको परिणाम हो मैले आज जोगी भएर पनि उनलाई हृदयमा स्थान दिइरहेको थिएँ । हुन पनि मलाई उनको प्रेमको भन्दा सम्झनाको मात्र वास्ता थियो । स्पष्ट शब्दमा भनुँ -मलाई सुमित्रालाई बिहा गर्न पाउँला भन्ने आशा थिएन । तर जोगो बनाउनमा उनी पनि सहायक भएकी छन् भन्ने कुरा मलाई अझै पनि लाग्दछ । उनी आफ्नो विलक्षण स्वभावको कारण यस्तो लाग्दथ्यो उनी सामाजिक प्राणीलाई होइन, कुनै योगीको प्रेमको आशा गर्थिन् । यसैले म आज यस योगको स्थितिमा आइपुगेको थिएँ । तर मैले आफूलाई अझ पनि उनको प्रेम पाउन असमर्थ पाइरहें । आज गेरुबस्त्र धारण गरेर पनि त्यस स्मृतिलाई मेट्न असमर्थ छु । अब म के सोच्न चाहन्छु भने उनको पवित्र स्मृतिलाई जोगाउन मैले यो सन्यास मार्ग अपनाएको हुँ । म उनलाई भन्न चाहन्थें -वागमतीको पुलमा भेट भएको बेला, निर्जनतामा उनलाई सम्झाउन चाहन्थें -सुमित्रा, म तिमीलाई प्रेम गर्थें । आज यस भेषमा पनि तिमीलाई प्रेम गर्छु । तिमीलाई पत्तो नै छैन । के तिमीले पनि यस कुरालाई कहिले सोचेकी छ्यौ ? म त तिमी पनि प्रेम गछ्र्यौं भन्ठानी रहेको छु । तर यस गेरुवस्त्रमा देख्दा तिमी मलाई सम्झन चहन्नौ होला । अब त झन् मलाई यस भेषमा देखेर तिमी घृणा गर्दि हौ । धर्मले पनि दिने छैन । तिमीले कहिल्यै अधर्म सोच्न सक्छ्यौ र ? तर म धर्म अधर्मबाट पार भइसकेको छु । मलाई भने सुख दुःख बराबर छ । मान, अपमान, स्वाभिमान मलाई कुनै भेद राख्दैनन् । सर्दी गर्मीलाई मैले जितिसकेको छु । तर अझै तिम्रो प्रेमलाई जित्न सकेनछु । हुनसक्छ, तिम्रो प्रेमलाई पनि जित्नको लागि यो भावना मलाई पैदा भएको हो । यो कुरा भगवान्ले सिवाय कसले जान्न सक्ला ?

म सोच्दासोच्दै सुमित्राको ध्यानमा यति

लीन भइसकेछु कि रात छलङ्ग कटिसकेछ । त्यसो त मजस्तो योगीको निम्ति रात दिन र दिन रात हुनु स्वाभाविक हो ।

म रातभरि धुनी जगाएर बसिरहेको थिएँ । यसको साथै म आर्को सोचाइमा मग्न थिएँ-म किन जोगी भएँ भन्ने कुराको । तर योगी भइसकेको मानिसले यस्तो सोच्नु जरूरी थिएन ।

उसले त आत्मशुद्धिको चिन्तामा लाग्नु पर्ने हो । उसले त इहलौकिक सुखको चिन्ता गर्ने होइन, पारलौकिक सुखको चिन्तामा सुख मान्नुपर्थ्यो । यस्तो संसारिक कुरा सोच्ने हो भने उसले जोगी नै हुनु परेन-जोगी हुनाको पनि यही कारण थियो । पहिलेदेखि नै मलाई समाज र संसारका कुराहरूदेखि परै बस्ने स्वभाव थियो । यसको कारण पनि शायद सुमित्रा नै होली । अस्ति बेलुका पाटनमा भेट्दाखेरि मात्र हामी नजिक भइसकेका थियौं । भिक्षा मान्न जाँदा उनले मलाई बिस्तारै सुपरिचिता झै भनेकी थिइन् -मैले भिक्षा दिनुहुँदैन योगी । मैले भेष बदलेको देख्ता पनि उनले आफ्नो प्रेम प्रदर्शन गरेकीमा मलाई सन्तोष लाग्यो ।

म जोगी भएर हिँड्नु पर्ने खण्ड किन परेको थियो । म आफ्नो विगत जीवनको कुरा सम्झेर कहिले दिक्क लाग्थ्यो, कहिले उदासी छाउँथ्यो । मलाई सम्झनाले पनि दिक्क लाग्थ्यो । प्यारो सम्झना पनि तीतो लाग्न थाल्दथ्यो । म त्यही दिक्क लाग्दो कुरा सम्झेर आफुलाई दुःख दिइरहेको थिएँ, जसबाट उम्किन मैले जोगी हुनुपरेको थियो ।

देवलमा निरन्तर बजेको घण्टध्वनिले मेरो ध्यान वशमा रहेन । मलाई लाग्यो त्यो घण्टा मेरो ध्यान आकृष्ट गर्न बजिरहेको थियो । तर म उठेर कसले बजाइरहेको हो हेर्न इच्छा नराखी बसिरहें । म धुनि अगाडि निर्लिप्त र शान्त मुद्रामा थिएँ ।

"नमस्ते महाराज !"

कसैले मलाई बोलाइरहेको थियो ।

मेरो सामुन्ने मजस्तै एक युवक जोगी उभिएका थिए । उनी मसँगै बसेर गाँजा झिकेर मेरो चिलिममा भर्न लागे । अनि मलाई आफ्नो जीवनको होश भयो ।

रत्नश्री, वर्ष २, अङ्क २,२०२१

Greetings and best wishes for a very

Happy and Prosperous

HAPPY BIJAYA DASHAMI & DIPAWALI-2060

Asian Airlines

Helicoptor Pvt.Ltd

Branch Office: Bijuli Bazar, P.O. Box : 4695, Kathmandu, Nepal
Tel : 4780165, 4780573, 4781015, Fax : 977-1-4780874,
E-mail: aaheli@mail.com.np

उनको व्यक्तित्व

कालीप्रसादको कुरा कुनै युवकको जस्तो लाग्दथ्यो । उनलाई पुलुक्क हेरेर, सुधा मुसुक्क हाँसी ।

अनि चुपचापसित खाट मनि राखेको हार्विन झिकेर बजाउन लागी । एकपल्ट गला साफ गरेर उसले गीत गाई -

"हरियो वन रसिलो भयो बर्षाको यामले
पाखा र पर्वत उज्याला भए दिउँसो घामले
उडेर जान्छ मन यो मेरो गाउँको घरमा
आमा र बाबु सम्झँदै होलान् भेट्ने रहरमा
मलाई भेट्ने रहरमा
कसरी जाउँ खोलाको बाढी उर्लेको देख्दछु
तरेर जाउँ बगाई लाला सुस्केरा हाल्दछु"

गीत सुनेर कालीप्रसादले प्रसन्नता देखाए । "कति मीठो गीत सुनायौ । रचना पनि आफै गछ्र्यौ ?" "रचना मेरो होइन ।" उसले भनी -यो लोकगीत हो ।" फेरि उनले अरू कुरा सोधखोज गरेनन् ।

त्यसैबेला सुधाकी आमाले किस्तीमा खानेकुरा र किसमिस ल्याएर कालीप्रसादको अघिल्तिर राखिन् ।

कालीप्रसादले खानेकुरा खान थाले । खाँदै उनले भने -"बचपनमा मलाई गीत गाउने खूब सोख थियो । तर त्यसबेला त्यस्तो वातावरण र सुविधा कहाँ र ?"

उनले आफ्नो जीवन सम्बन्धका मात्र कुरा गरे । तर जुन उद्देश्यले उनी आएका थिए त्यसको कुरो गरेनन् । उनले अचानक विषय उठाउन आँट गरेनन् वा मौका खोज्दै थिए ?

जब सुधा विदा मागी बाहिर गई कालीप्रसादले किस्तिबाट सुपारी र ल्वाङ झिके र मुखमा हाल्दै भने -"म पनि जाउँ क्या र ?"

सुधाकी आमाले जवाफमा भनिन् -"बीस वर्षकी भई" ।

"पहिले केटीको मन्जुरी लिउँ । फेरि केटा र केटीलाई भेट गराउँ । अनि चिन्हा पनि मिलाउँ । विवाह भनेको मामुली कुरा होइन । उनीहरूको जीवनभरको जोडा मिलाउने काम हो । केही विलम्ब पनि हुन्छ । फेरि उनीहरू हाम्रा जुगका लागि जन्मेका होइनन् । उनीहरू नयाँ जुगका लागि जन्मेका हुन् ।" कालीप्रसाद आफ्नो मनमा उठेको कुरा सम्झाउन कति समर्थ थिए कुन्नि, तर सुधाकी आमाले भने उनको कुरा सुनिरहेकी थिइन् ।

कालीप्रसादले उनलाई २५ रूपियाँ आफ्नो व्यागबाट निकालेर हातमा हालिदिए र भने - "पर्सीसम्ममा सके शिवचरणलाई पनि लिएर आउँछु । तर ऊ बाबुसित हिड्न मन गर्दैन । नयाँ जुग र पुरानो जुग कहिले मिल्ल्यो ।"

कालीप्रसादलाई पक्का विश्वास भयो-सुधा बिग्रेका केटी होइन । गीत गाउँदैमा लाज संकोच छोड्दैमा बिग्रेको कसरी भन्ने ? यस्तो सोध्नु पुरानो धारणा त संस्कार हो ।

कालीप्रसाद नयाँ सडकको एउटा बाहालभित्र बसेका थिए । बाहालमा ठूलो आँगन थियो जहाँ बुद्ध स्तुपहरू थिए । त्यहाँ अक्सर भजन भोज भइरहन्थ्यो । बाजाको छ्याई छ्याई र केटाकेटीहरूको शेरगुल्ले कहिले काहीं मगज चक्कराउँथ्यो । त्यहाँ एउटा दैनिक समाचार छाप्ने प्रेस पनि थियो । प्रेस चलेको बेला त्यस आँगनको शेरगुलमा आर्को ताना थपिन्थ्यो ।

कालप्रसाद त्यही प्रेससँग जोडिएको घरमा आफ्नो छोरा शिवचरणसँग बसेका थिए । शिवचरण कलेजमा पढ्ने विद्यार्थी थियो । ऊ पढाइमा सधैं व्यस्त देखिन्थ्यो -बिहान भो कलेजमा र प्रोफेसर कहाँ जानु, बेलुका भो घरमा आउनु र पढ्नु । कुनै बाहिरी गतिविधि लिन मानौं उसको सरोकार थिएन ।

कालीप्रसाद उसको विवाहको लागि

चिन्तित थिए। यस चिन्तितामा उनकी श्रीमती दिव्याको अनुरोध बढ्ता थियो । उनलाई आफ्नो एक मात्र छोरोलाई बिहे गरिदिने धोको अड्किएको अनुभव हुन्थ्यो, जुन उनी खानदान शील स्वभावकी केटीसित गरेर पूरा गर्न चाहन्थिन् ।

यसैले फेरि उनी बाहिरको त्यस हल्लाखल्लाको बीच पनि यही कुरा सोच्नमा लागेका थिए कि -सुधाको उनले जुन वयान सुनेका थिए वास्तवमा त्यो सच्चा थियो त ? खानदान शील स्वभावकी केही त्यस्तै हुन्छन् त ? श्रीमतीले मञ्जुर गर्लिन् त ?

यस भन्दा अघि उनी जति सक्दो छिटै विहाको मूहर्त जुराउन चिंतित थिए ।

उनी यसै कुराको निधोको लागि सुधाकी आमाको घर जान्थे । उनी सुधाको रूप सौन्दर्यता मुग्ध थिए । उनी युवक हुँदा हुनत आफ्नै लागि सुधालाई बिहा गर्ने सुर गर्थे होलान् । आफ्नो उमेर वितेको र बुढ्याई देखिए तापनि उनी आजका ३०-३५ बर्षीय पट्टा जवान लाग्दथे । तर यस्तो पाको उमेरमा कसले उनलाई केटी दिने ? उनले खोजे नपाउने पनि होइन । समाज भित्र यस्तो विवाह कहाँ भइसकेको छ र भन्ने कुरा पनि सोच्दथे ।

त्यस दिन घरमा आएर उनी शिवचरणको सुधासित विहे गर्न आफ्नो निश्चय प्रकट गर्ने मौकामा थिए । तर शिव हरसमय कोठामा पढेर लेखेर बसिरहन्थ्यो । उ उनको कुरा सुन्ने इच्छै गर्दैनथ्यो । त्यसमा पनि विवाहको कुरा ? उसलाई झोक उठाउनु जस्तो हुनेछ । बिनासित्ति किन उसलाई पीर पार्ने ? उसको पढाइ नै बिग्रेला । पास हुँदै गइरहेछ -भनेर चुप हुन्थे ।

यस्तोबेला दिव्या घरमा भएकी भए उनले छोरालाई भनेको पनि सुहाउँथ्यो ।आमाहरूको जात-छोराछोरीको विवाह गर्ने मात्रै विचार उनीहरूको । उनले सोचे-दिव्यालाई डाकेर चिट्ठी लेखी पठाउनु पर्यो कि ? उनले एउटा "लेटर पेड" निकालेर पार्कर कलमले चिट्ठी लेख्न लागे ।

फेरि आफै जी.पी.ओ. मा पुगेर त्यो चिट्ठी खसाले । चिट्ठी खसालेर फेरि सम्झे-व्यर्थैको टन्टा । दिव्या आइपुग्लिन् । शान्त घरमा खलबल मच्चाएर के फाइदा । शिवचरणले एम.ए. पास गरोस् भनेको ?

कालीप्रसादको इरादा थियो -दिव्या आइपुग्छिन् । उनी पुरानो धारणाकी स्त्री हुन् । उनले नै शिवको विवाह गर्ने कुरा गर्नु ठीक हो । म किन यसमा परूँ ? मैले पनि दिव्याले नै भनेकीले केटी खोजेको हुँ ?

उनी तीन चार दिन पर्खन चाहन्थे । दिव्याको पत्रोत्तरको आशा गरे ।

उनी यस्तै तर्क वितर्कमा डुबेर बसिरहेका थिए । शिवचरण पल्लो कोठामा थियो । उसको कोठाबाट कागत पल्टाएको सिवाय केही आवाज सुनिदैनथ्यो ।

यस्तैमा कोही भन्याङ उक्लेर उसको कोठामा आयो र ढोका खोल्यो ।

उसको साथी सुदर्शन कहिले काहीं उसलाई भेट्न आउँथ्यो । उनीहरू सहपाठी थिए । एकछिन पछि ती दुबैजना हिंडे । उनको उपस्थितिको कुनै पर्वाह नगरी हिंडेको देख्ता उनी उठेर भयालमा हेर्न पुगे ।

बाहालको आँगनमा उनले जे देखे त्यसबाट उनी अवाक् भए । शिवचरण एउटी केटीसित गइरहेको थियो । त्यस केटीले साडी लगाएकी र चुल्ठो लामो गरी पिठ्यूँमा छोडेकी । त्यसलाई पछाडिबाट उनले चिन्न सकेनन् ।

उनलाई शंका-उपशंकाले घेर्न लागे । काहाँकी केटी ? को होली ? उनले रूप पनि देखेनन् ।

जो सुकै होस्-अब शिवचरणसित विवाहको कुरा नउठाइ भएन भन्ने उनले अठोट गरे ।

उनी शिवचरण घर फर्कुन्जेल पर्खिरहे । जब र ाती ११ बज्यो, शिवचरण आइपुग्यो । अनले भन्ने मौका पाए । केही खस्रो स्वरले उनले भने -"शिव, यतिबेरसम्म कहाँ आज ?"

"कहीं .....होइन ....त्यहीं ... त्य....हीं" शिवचरण भकभकायो ।

"तँ आजकाल मसित पनि टाढा हुन खोजिरहेछस् । उनले भने -'आज तँलाई बोलाएर लाने त्यो को केटी हो ?"

"ऊ...ऊ कोही होइन .... उनी सुदर्शनकी बहिनी मीरा हुन् । सुदर्शनले बोलाउन पठाएको " भन्दै शिवचरण आफ्नो कोठा भित्र पस्यो ।

रत्नश्री, वर्ष ५ अङ्क ३

निदाएको बालक देख्दा शान्तिको सच्चा मुहार देखिन्छ । - महाकवि देवकोटा

मेरो अन्तिम इच्छा

मलाई लाग्छ-म कसैसित मिल्नै सक्तिनँ । मिल्न सक्ने खुबी पनि मसित छैन । म आफूलाई, यति अस्थिर पाइरहेको हुन्छु कि कमलको पातमा जमेको पानीको थोपाजस्तो ढलपल ढलपल, सधैं एउटा सानो हावाले पनि हल्लउने अस्तित्व बोकेर बसेको जस्तो । जो मेरो नजीक हुन लाग्छ म सतर्क हुन्छु । मेरो अहम् विचलित हुन्छ । म उसदेखि पर हुन लाग्छु तर समाज मेरो छायाँ बनिदिन्छ । मेरो पीछा गर्छ । म त्यो बाक्लो कुहिरोमा हराउन चाहन्छु जहाँ कुनै छायाँले पीछा गर्दैन । त्यो स्वच्छन्द उघ्रेको आकाश मैले खोजेको आफ्नो पनले मलाई सधैं धोकामा राखिछोड्छ । एक बखतको यो अवैयक्तिक सत्ता सबै बनाउटी वैयक्तिक हुँदै मलाई ह्रासोन्मुखी बानाइरहेको हुन्छ । यत्ति फरक छ मेरो सत्ता कि मलाई लाग्छ-म कसैको सहाराबिना बाँचिरहेको छु । अनि मलाई छुनेले मेरो अस्तित्वको अनुभव गर्नै सक्तैन । म अव्यक्त छु । निर्विकार र निर्लिप्त । मानौ मैले आध्यात्मिक चेतना उपलब्ध गरिसकेको छु ।

को भन्छ -मलाई त्यही व्यक्ति ? म नामहीन छु । न म संहीन छु । न म कुनै वस्तु हुँ । खोजी हुनै नसकेको त्यो बस्तु अथवा पदार्थ । जसको नाम कारण हुनै बाकी छ, जो प्रकाशमा आउनै सक्तैन भने स्पर्शातीत र शब्दातीत सत्तालाई कुन माध्यमले पत्ता लगाउने ? कुन भौतिक माध्यम छ 'तिम्रो समाजको ?

म अति सामान्य कुरा गरिरहेछु । यति सामान्य कुरालाई मेरोअङ्ग प्रत्यङ्ग र अवयवले मात्र स्वीकार गरिरहेन । यसैको आधारले म आफूलाई जीवित ठानिरहेको हुन्छु । समाजमा जीवित हुनु भनेको समाज भित्र हुनु । हैसियत राख्नु । इज्जतदार हुनु । हैसियत र इज्जतको लागि समर्पित भएर लाग्नु । भौतिक सुख प्राप्त गर्नु । अनि निरभिमानको सट्टा अभिमान, निःस्वार्थको सट्टा स्वार्थपरायण र यसबाट उत्पन्न मदोन्भाव ।

मलाई लाग्छना गरियो-बडो दार्शनिक भएको । हामीलाई सिकाउने भएको ।

म त्यही घाइते गिरीह प्राणी हुँ जो आफ्नो दर्द पोल्न जान्दैन । पीडित भए पनि वेदनाको ऐयासमा उच्चारण गर्दैन । उसको वकालत गर्ने कोही छैन जब कि वकालतको लागि न्यायको पक्ष नै काटिएको छ रावणको तरवारले काटिएको जटायु झैं । जो जीवित राख्तै कुनै रामको आगमनलाई पर्खिरहेको छ । राम राम भन्न पनि जसलाई असमर्थ गराइएको छ मानवताहीन समाजमा । म त्यही घाइते जटायु हुँ आधुनिक युगको । को छ राम यस जंगलमा ? जतातते राक्षस राक्षस भएको यस ठाउँमा ?

मेरो रगत सुकिसकेको छ । दश दिन अघि पनि मैले रगत बेचेको थिएँ । आजसम्म त्यस रगतको मोलले आफूलाई बचाइरहेको छु । तर आज म त्यो रक्तपिपासु बैंकसम्म जान अशक्त भएर यस कैलाशमा पल्टिरहेछु । मलाई एउटा पत्रकार ले आएर सोधें- तपाई जागिरको खोजीमा कहिलेदेखि यस शहरमा हुनुहुन्छ ।

मेरो अन्तर्वार्ता लिएर उनी पत्रिकामा छाप्छन् रे । उनको पेशा यही हो रे । यसबाट उनी रगत कमाउँछन् रे ।

मेरो रगतलाई दोबर दाम लिएर ब्लडबैंकले घाइते र रोगीहरूलाई जीवित गराउछ भने मेरो व्यथा र बेदना छापेर पत्रकारलाई आम्दानी गराउँछ भने मेरो मृतशय्यामा मेरो आँखाले कुनै अन्धोले आँखा देख्छ भने मेरो शरीर मेरो व्यथाको कीमत तिम्रो समाजलाई कति महत्वपूर्ण रहेछ अहिले मलाई अनुभव भइरहेछ - दानी हुनु कति महान् कार्य रहेछ ।

म यहाँ झींगा भन्काएर आफ्नो दुर्गन्धपूर्ण शरीरलाई त्यागिरहेछु र डाक्टर मेरो आँखा झिक्न नजीकै बढ्दै आइरहेछ । ऊ पर्खिरहेछ र ऊ एउटा खबरकागत सरसरती हेर्दैछ, जसमा सायद मेरो अन्तर्वार्ता छापएिको छ यहाँ मेरो अन्तिम इच्छा 'आँखा दान' लाई गिद्धदृष्टि लगाइरहेछ ।

रत्नश्री वर्ष २४ अङ्क १ (२३ औं नारीअङ्क)

गाण्टू

जन्म १९८७ विक्रम । उमेर वर्ष १९ ।

पहाडी र नेपाली वातावरण बीचमा हुर्केको जीवन । नेपाली सरकार र शिक्षाले बनेको सचेत हृदय । अध्यापन-नेपाली साहित्य हेर्नको साथै हिन्दी र अंग्रेजीतिरको पनि दौडाइ । लख्नमा कथा-साहित्यपट्टि विशेष चाख र 'शारदा' मा बराबर भइरहने कहानीहरूको प्रामाणिक प्रकाशन । कहिले -काहीं गद्य कवितापट्टिको पनि दौड । अनि जीवनको निम्ति केही गर्ने र केही गरेर जिउने सिद्धान्त । अनि उही साधारण : साजा चाला, उही नेपालीहरूको विवश अवस्था ।

यो चाहीं सहरबाट आएपछिको कुरा -

उ कपालमा तेल हालेर कोर्न लागेको थियो । हातमा बाँकीरहेको तेल पनि मुखभरी दल्यो । उ बसेको ठाउँ केही अँध्यारो, तर अगिल्तिरको खुला सानो झ्यालबाट आएको प्रकाश उसको शृङ्गारमा प्रशस्त बाचा लिने थिएन । कोठै उस्तो थियो ।- हतकेलामा अट्ने ऐनामा मुखको यताउती कुनाको जाँच गरेपछि उसले ऐना हेर्नहुने बट्टाबाट निधारमा र धाँटीमा सिन्दूरको टीका लगायो । सहरमा किनेको बेचुवा कोटमा तनक्क हुने गरेर तीनवटै टाँक लगायो । अनि त्यो ऐना र बट्टा माथिल्लो खल्तीमा हाल्यो । एक सस्तो पुरानो पेन पनि उसले भिरेको थियो । झट्ट केही काम बितिहाल्यो कि भने झैं हतारिएर उ जुत्तामा फित्ता कस्न थाल्यो ।

उसको घर बाटैमा पर्थ्यो त्यो बेला दिउँसै थियो ।

उ ढोकाबाट बाहिर निस्केपछि एकपछि एकपल्ट फेरि आफुलाई हेर्‍यो । उसको ढल्के टोपी, चिल्लो जुल्फी र भेषभूषामा, एउटी बूढीको दृष्टि परिहाल्यो । दङ्ग ! अडेर बुढीले सोधी -'कतातिर हो गाण्टू ?'

जवाफ दिनुभन्दा पहिले गाण्टूको घाँटी फुल्यो । हाँसेर भन्यो -'स्वास्नी लिन ।' -उसको यो आवाज एउटी अर्की स्वास्नीमान्छे र उजेलीको कानमा पनि पर्‍यो । बूढीयासमेत सबै हाँस्न लागे ।

x x x

बेलुकीपखतिर उजेली आगो माग्न गाण्टूको घरमा आएकी थिई ।

भित्र कोही पनि थिएन । उसकी आमा कामबाट आएकी थिइनन् । भित्र पसेर उजेलीले देखी-गाण्टू त्यही सानो झ्यालअगाडि बाकसमा बिस्तार-बिस्तार, पट्याएर आफ्नो पोशाक जतनसाथ एकोहोरो राख्न लागेको थियो । उसले उजेली पछाडिबाट आइरहेको पत्ता पाएको थिएन । उजेलीको मनमा हलुकासित पछाडिबाट उसलाई एक आवाज दिएर तर्साउँ भन्नेथियो कि सहसा गाण्टूले छायाँबाट पत्ता पायो र हेर्‍यो ।

उजेली हाँसी, उसको मुखमा हेर्दै । अनि कराएर भनी-'के गर्न लागेको ?' गाण्टूले अनुहारै नफराई सुन्दैन भनेजस्तो बहिरो लाग्यो उजेलीलाई । उसले हेर्दाहेर्दै गाण्टूले राखिसकेका लुगाहरू फेरि झिक्न लाग्यो । उजेलीले नगीचै बसेर उसको सामान खोदलखालद गर्न थाली । गाण्टु रिसायो भन्ने उसले थाहा पाएकी थिई । तर त्यही अनुहारै उसलाई मजा लाग्ने थियो । एउटा सानो पोको पाएर उजेलीले हत्तपत्त फुकाई । त्यहाँ टल्कने टीकाहरू थिए । केही नसोधेर उसले सुरूक्क पटुकामा घुसारी ।

कृत्रिम हाँसोमा गाण्टूले ल्यौ ल्यौ भन्दै लिन हात बढायो । उजेलीले पनि उसको हाँसोसितै भनी -'किन किन ? कसलाई ल्याएको ?' फेरि बेसरी हाँसेर सोधी -'कल्लाई ?' अब गाण्टूको मुखले जनायो कि उसको मनको कुरो पुग्यो । के गर्नु ! जस्तै लाचारी देखायो । स्वप्नमुग्ध झैं उजेलीलाई हेर्न लाग्यो । उजेलीले एक थप्पड आङ्मा हानी 'आगो ले' भनी ।

X X X

खाटमा सासू सुतिरहेकी थिइन्-धेरै दिन देखिकी बिरामी । हरेक दिन उजेलीलाई भन्थिन् - 'जा तँ जा । उनलाई डर थियो एकचोटि पनि आफू मर्नुभन्दा अगाडि छोरीको मुख हेर्न पाउँदिन कि - भन्ने । अहिले अब उजेली आगो फुक्तै आइरहेकी थिई । अझै साँझ परिसकेको थिएन ।

छोरो रामबहादुर सिपाही थियो । सहर गएपछि त एकपल्ट पनि चिट्ठी पठाएन । न त आउँछ, चार महीना पुग्न लागिसल्यो । उजेली पनि आउने बाटोतिर हेर्दै-आशाले टोल्हाउँथी । उसलाई त भनेरै गएको थियो । त्यसबाट त उसको भदौतिर आउने कुरा थियो । यसबाहेक उसको जागिर खाइरहने मनसाय पनि थिएन । घरमै खेतीपाती थियो ।

आज बुहारीको श्रृङ्गारमा एक विशेषता देखेर बूढीसासूले आफ्नो मलिन स्वरले सोधिन् -'टीका कसले दियो ?'

उजेलीले भनी -'गाण्टेले सहरबाट ल्याइदिएको -।' गाण्टूलाई उ प्रायः गाण्टे नै भन्थी ।

सासूले निराश स्वरले भनिन् -'अब तै जा । तैले त उसको डेरा देखेकी छस् ।'

उनले कतिलाई भनेर पठाइन् । कसैले डेरै नदेख्ने । कसैले केही वास्तै नगर्ने । बरावर सहर गइरहने गाण्टू त केही खबर ल्याउँदैन । आफ्नै फेशनका मालहरू मात्र किन्छ । त्यसबाट केही नहुने-अब त भन्न पनि छोडिसकेका थिए ।

साँझ, बिहान र दिउँसो एक बखत न एक बखत गाण्टू उजेलीलाई भरी गाग्रो लिदै घरतिर बढिरहेको अथवा कामबाट फर्किरहेको देख्तथ्यो । नदेखे पनि उसलाई चित्त बुझ्दैनथ्यो। उसले सुनेछ क्यारे बाटैमा भेटेर उसले सोध्यो -'तिमी नेपाल (सहर) जाने हो ?'

उजेलीको अनुहार हँसिलो थिएन । उ सोचमा थिई झर्केर भनी -'हो' उजेली रिसाएको सम्झेर अरू केही नबोली फरक्क फर्क्यो । अलिपर पुगेपछि एकपल्ट फर्केर पुलुक्क हेर्‍यो ।

सासूको अवस्था सुधन सकेको थिएन । त्यसमाथि छोरोको विषयले उनलाई झन् ग्लानी बढेको थियो । घरमा अरू कोही थिएन – सासू बुहारी दुईबाहेक । घरमा काम कति त्यसै थिए । गर्दिने को थियो ? यता उजेलीलाई निश्चय जानु पर्‍यो । पर्सी सहर जाने निधो भयो । उजेलीको साथमा जान माइतबाट एक ठिटो झिकाएकी थिई ।

सासूले भनिन्-'मलाई अरूथोक के गर्नुपर्छ र ? -उसको के हात छ । आउँछ आउँदैन । सञ्चो-बिसञ्चो । आमा यस्ती छन् भनिहाल्छेस् । आउँदा ढीलो नगर्नु - ।' यी सब उनले मलीन करुण स्वर ले अह्राइन्

जाने अघिल्लो दिन गाण्टू घरतिर आइरहेको थियो -उस्तै ठाँट-बाँटमा । उजेली पनि बाखाहरूलाई चराएर घरतिर फर्काइरहेकी थिई । गाण्टूले उसको सामुन्ने पुगेर डराउँदै भन्यो-'गयौ तिमी -किन जाने सहर ?'

उजेली उसको यो साहस देखेर हाँसी र भनी -'जा नकरा' तैपनि गोज्याङ्ग्रे गाण्टूले भन्दैगयो - 'हो बस न । हामी..... । उ बोल्न अडकेर विचार गर्दै थियो, उजेलीले हातको सुर्कने लट्ठी उठाउँदै हाँसेर भनी -'नकरा । यसैले हान्छु हानूँ ?' पिटिने डरले गाण्टू डराउँदै जोगिएर घरतिर बढ्यो, अरू बोल्नै सकेन । उजेलीले हाँस्तै हेरी ।

सासूको देखरेखमा बल्ल एउटी छिमेकी उजेली सहरबाट फर्केर नआउन्जेलको लागी राजी भई ।

भोलि भात खाएर जाने ठीक भयो ।

त्यही बिहान गाण्टूले उजेलीलाई भेट्यो । त्यो बेला उजलीबाहेक कोही थिएन । गाण्टूले पीर मान्दै भन्यो -' तिमी त नजौन ? उजेली पनि उत्सुकै थिई । उसले उसको मन बुझ्न सकेकी थिइन । सोधी -'किन र ?'

गण्टूले आफ्नो स्वाभाविक आँखा सानु पारेर नाके स्वरमा भन्यो -"हेर, रामे दाइले अर्कै ल्याएका छन् । मैले अस्तिनै बुझिसकेको छु"

(केरे ?) 'केरे ?' उजेलीले कडा स्वरमा भनी ।

'अस्ति असारमा -।' गाण्टूले यति भनेर उजेलीको मुखमा भाव बुझ्न हेर्न थाल्यो ।उजेली झन् रिसाई -'मोरा जा -।' भनेर घच्याडी ।

X X X

दुई गास छोडेर पछिल्लो बासको दिन निकै चर्केको घामलागेको थियो । खोलामा पानी पिएर थकाइ मार्न पिपलको चौतारामा छाहारीमा उजेली र उसको साथी करीब १०/१२ बर्षको ठिटो बसे । 'आज त दिनछँदै पुगिन्छ ।' यस्तै कुरा गर्दै खाजा खान थाले । खाई सिध्याएर हिड्ने सुरसारमा थिई, अचानक उजेलीको आँखा यतै आइरहेको गाण्टूमा पर्नगयो । गाण्टूले सानु कुम्लो बोकेको थियो । धुलोले फुस्रिएको , पसीनाले भिजेको कपाल कोरेकै -अरू ढाँचा सबै उस्तै थिए । नगीचै हुङ्गामा आएर उ पनि बस्यो, लामो सास फेऱ्यो । आश्चर्यले उजेलीले सोधी -'क्या हो, गाण्टू, तिमी पनि आयौ ?'

"हो, तिमी हिँडेकै दिन बेलुकी परतिर हिँडे ।' मुस्कुराउँदै गाण्टूले भन्यो । "हिजो कहाँ बास बस्यौ ?"

'तिमी किन आएको ?' उजेलीले भनी । उनीहरू त्यहाँबाट हिँडिसकेका थिए । गाण्टूले उत्तर मा केही बोलेन । रातो भयो । जवाफलाई पर्खिरहेकी थिई । तर गाण्टूले अर्कैतिर कुरा फर्कायो ।

अब त डेरालाई धेरै थिएन । सबैका गोडा चाँडोसित चलिरहेका थिए । यही बेला बेलुकाको चार बज्यो । घाम माथि नै थिए । गाण्टूले अलि वरै दोबाटोमा अडिएर भन्यो -'म त यताबाट जान्छु ।'

-कुन्नि कल्लाइ भेट्नु थियो, उ छुट्टिएर गयो ।

X X X

घरको ढोकाभित्र पसेपछि एउटा टहरोजस्तो घर थियो । सिमेण्ट लागेको इँटको सिंढी चढेर लहरै तीन-चार कोठा थिए । उजेलीले खस्न लागेको घुम्टो अलि तानी । सिँढी चढ्दा मन फुल्यो । बिस्तारै माथि बरण्डामा बढ्न थाली । वल्लो कोठा उघारो थियो । एउटा सिपाही फित्ता फुकाउन लागेको थियो - दुइटा अरू कोठा बन्द थिए । अनि आखिरी कोठा जहाँ उ आएकी थिई-उघारै थियो । उ संकोचले अडिएर ठिटोतिर -फर्की । ढोकामा गएर दुइटै उभिए । भित्र तदेखिने कुनाबाट पानी खन्याएको आवाज आयो । अगिल्तिर केलाएको चामल थालमा थियो, उजेली भित्र पस्न आँटेकी के थिई एकाएक अडिई । छिटी छरिती विशेष राम्री एउटी युवती थिई । चामल भिजाउन लागेकी सहसा भनी-'किन, कल्लाई खोज्न आउनुभएको ? ल, जानलाग्नु भो ?" उजेली के गर्ने ! लाटी जस्ती बनी । त्यो महिलाले फेरि ढोकानिर आएर भनी -'सुबिदार साहेब आउनु भएको छैन क्यारे ।' बाहिरै आएर अर्को ढोकामा हेरेर फेरि भनी-'ए -बन्द रहेछ । आउनुस् भित्रै । किन ठिङ्ग उभिनु भएको ? सुबिदार साहेबले अस्ति मात्र चिट्ठी पठाउनु भएको थियो ?'

उजेलीले अल्मलिएर भनी -"म यहीं आएकी ।"

'हो त-आउनुस् न, बस्नुस् । आउने बेला भयो के - ।'

'हैन म यहीं । यही कोठामा आएकी -।' उजेलीले स्पष्ट भनी ।

'तपाईं को हो त ? कल्लाई खोज्न -?' महिलाले अचम्मले सम्झेर सोधी । उसलाई चिन्न खोज्दा पनि चिन्न सकिन । उजेलीले 'किन्यौ कोठा हैन' उसले भरसक सम्झन थाली 'यही कालो कोठा त थियो ? कोठामा पनि, अर्कैमा पनि अरू नै छन् ! उजेली विचलित हुने भई । पक्कै ठीक भयो । यो कहाँकी दमिनी कमिनी जो पनि त हुन सक्छे । लोग्ने त त्यस्तो थिएन । उसको कल्पनैमा नभएको अब त अगाडि नै प्रमाण देखी । घृणाले मुख बाहिर फर्काई । गाण्टूले बुझेको खबर राम्रै रहेछ । उसका आँखा सजल भए ।

कोठाकी महिला पनि उस्तै अचम्मै थिई । कसैमाथिको रिस उसको मुखमा पनि स्पष्ट देखिएर आयो । बसेकी उजेली उठी ।

'जान लाग्नु भो ?' महिलाले कठोर भएर भनी -'पल्नुस् ।-अब कहाँ जानुहुन्छ ? हेरूँ तपाईंको दुलाहालाई आउन दिनोस् -।' उजेलीको मनले थामेन । 'यस बेस्यालाई नै लडाएर घाँटी थिचे जिब्रो निकालेर ।.....' तर उसले उस्तै कण्ठले बोलाएको उसको आवाज सुनी -'दिदी' यस आवाजले उ झसङ्ग भई । फेरि सुनी -उही स्वर, उही सम्बोधन ।

त्यहाँ एकछिन पनि बस्न नसकेर उजेली डसिएको मुटु लिएर हिँड्न लागेकी थिई । सहसा

गाण्टूलाई उभिएर आफूतिर हेरिरहेको देखी । मुसुक्क हाँसो खुस्कियो । उसलाई अब त्यो निठुरो लोग्नेको अनुहारै सम्झन मन लागेन । सरासर हिँडी । एकपल्ट पनि ढोकामा वाल्वाल्ती हेरेर उभिरहेकी अपरि चितालाई फर्केर हेरिन ।

सिँढी ओर्लेर उसले भनी -'आजै फर्कूं । दिन अझै गएको छैन ।' आफ्नो कुरा पुगेको देखाउन पाएकोले फुर्फुरिएको गाण्टूले कतिपल्ट भन्यो -'कस्तो छ ? मैले भनेको ? कस्तो छ ? उजेलीको मुख चाहिँ कस्तो कस्तो थियो । हाँसेर गाण्टूलाई भन्थी -'हो रेछ ।' उसलाई लोग्नेलाई पर्खेर भेट्ने इच्छै भएन । एकैचोटि बिरामी सासूकहाँ गएर रुनु थियो ।

रामबहादुर भेटिने डरले तिनीहरूले अर्कै बाटो लिए । त्यो बाटो सहरभित्र भएर जानुपर्थ्यो । गाण्टूले पनि खुशी भएर भन्यो - 'हो, हो, बजार हेर्दै जाने ।'

नयाँ नयाँ पसलमा पसेर आफूले चिनेका - आफूलाई नचिन्ने पसलेहरूसित हाँस्तै गाण्टू उजेलीको अगाडि फूर्ति देखाउँथ्यो । उजेली लज्जित भएर अघिअघि बढ्न लानी । साथको ठिटोसित भन्थी - "यसपाली खेत बेचेर सबै पैसा सिध्याइसक्यो ।' यही बेला गाण्टू कुनै नयाँ चीज किनेर उजेलीलाई देखाउँथ्यो । दिन खोज्थ्यो । यसमा उजेलीले प्याट्ट उसको आँगमा हानी । गाण्टू रोमाञ्चित भएर मुस्कायो ।

फेरि गाण्टू पसलमा पसेको थियो । उजेली नपर्खेर अलिपरै पुगिसकेकी थिई ।

गाण्टू बाहिर निस्केर उसलाई भेट्न चाँडोचाँडो बढ्न लाग्यो । बीच बाटामा उसलाई एउटा सिपाहीले भेट्यो । चिन्नेको हुनाले गाण्टू पनि हाँस्यो । सिपाहीले सत्रञ्जाको यौटा गुण्टा बोकेको, उ पालामा गइरहेको थियो । परै पुगिसकेको सिपाही एकाएक अडियो । तर आउँदै उसले गाण्टूलाई बोलायो । उसले भन्यो - 'अहिले तपाईं घरै जाने हैन ? -रामबहादुरको घरैनिर छ हैन तपाईंको घर ? -रामबहादुर बिरामी छन् भनेर उनको घरमा भन्दिनु होला है ? खबर पठाउन मैले मान्छे नै भेटिनँ । आफ्नो यस्तै पालो, उनी पीर मानिरहेका छन् । तपाईंलाई भेटे बेसै भो । फरक नपरोस् है त्यति खबर भन्दिनु होला ।

'म भनुँला ।' गाण्टूले भन्यो ।

'मेरो डेरा त तपाईंले देख्नु भएकै छ । उनी पनि मेरै डेरानिर सरेका छन्-त्यति भन्न नबिर्सनु होला है । 'सिपाहीले फेरि जोडद्दिएर भन्यो ।

अबको पाली गाण्टूले नबुझिने मुण्टो हल्लायो । सिपाहीले एकपल्ट फेरि जाँदै गुनासो गऱ्यो । तर गाण्टू चुपै बढिरहेको थियो । उजेली पनि त कतै टाढा थिई । यही ५०/६० पाइला अगाडि । तर गाण्टूले भने भेटेपछि पनि त्यस बारेमा उजेलीसित केही बोलेको थिएन ।

उद्योग २००८ लेखक परिचयाङ्क

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा

शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं ।

अन्नपूर्ण भेजिटेबल प्रोडक्ट्स प्रा. लि.

परवानीपुर, बारा ।

निद्रालु

निद्राबाट बिउँझेपछि परमानन्द झसङ्ग भयो-उसले सपना कि त भयानक देखेछ। या सपनामा मृत्युको डरले उ आत्तिएको थियो, जसबारे उ जीवनमा कमै सोच्दथ्यो। आफ्नो मृत्युको कल्पनाले विपनामा उसलाई कमै सताउँथ्यो । रोगबिनाको मृत्यु उसलाई दुर्घटना लाग्दथ्यो । दुर्घटनाबिना एउटा स्वस्थ व्यक्ति कसरी मर्न सक्तथ्यो। उ बिउँझेपछि यस मध्य रातमा सोच्न लाग्यो । अब सोच्नु सिवाय केही बाँकी थिएन । निद्रा भागिसकेको थियो । घर छिमेकमा सन्नाटा छाएको थियो । दिनभर खलबल र अशान्तिदेखि उ विरक्त हुन्थ्यो र छिटै सुन्ने चेष्टा गर्दथ्यो। उसलाई खलबल अशान्ति मन पर्दैनथ्यो। उ खालि सुत्ने बल गर्दथ्यो।

गएको रात पनि उ भात खानासाथ सुतेको थियो । उसलाई साढे सात बजे नै निद्रा लाग्न थालेको थियो । जुन निद्रा लगाउन उ छटपटिन्थ्यो त्यो सहजै प्राप्त भएको थियो - "यस्तो मौका किन छोड्ने" भनेर उ कोठाको बत्ती निभाएर भुसुक्क भयो, जुन बखत रेडियोमा नेपालको महत्त्वपूर्ण प्रस्तावमा इन्टरेस्ट देखाउने देशहरूको नाम सुनाइँदै थियो । सडकमा ट्राफिकको ओहोर दोहोर चलिरहेको र पदयात्रीहरू ठूल्ठूलो स्वरले कुरा गर्दै हिँडिरहेको सुनिन्थ्यो। कसैको पनि त्यस बेला सुत्ने बेला भएको थिएन -केटाकेटीसमेत उफ्रिदै, खेल्दै, कुद्दै थिए ।

परमानन्द भने त्यसबेला निदाइसकेको थियो। उ दिनभरि कामले थकित, स्वास्नीको कचकचले व्यथित, जीवन-रोगले ग्रस्त व्यक्ति किन चाँडै नसुतोस् ? उ सबैतिरबाट बाधक थियो -मानिसदेखि, ढीलासुस्तीदेखि, जनतालाई दुःख दिने कर्मचारीहरूदेखि पनि जो 'भोलि आउ' को पुरानो रोगले अझै आक्रान्त थिए । त्यसो त परमानन्द पनि एउटा कर्मचारी नै थियो । तर उ त्यस्तो अड्डामा थिएन, जसमा जनतालाई भोलिको तारिखमा झुण्ड्याइन्छ । उ त त्यस्तो ठाउँमा काम गर्थ्यो जहाँ खालि गफैगफ हुन्थ्यो । राष्ट्रदेखि अन्तरराष्ट्रसम्मको जसको काम गाउँ घरको विकास योजना कार्यान्वयन गर्नु थियो । बजेटमाथि बजेट थपिदै जान्थ्यो, तर निर्धारित काम पूरा हुन सक्तैनथ्यो। अनि अर्को आर्थिक वर्षको लागि पर सारिन्थ्यो । यस्तो अपारको कार्यालयमा उ कर्मचारी थियो । बजेट थपिन्थ्यो योजना कार्यलाई अगाडि बढाउन, तर उसको घरको बजेटमा झन् कटौती पो हुन्थ्यो। यद्यपि त्यही कार्यालयको एउटा कर्मचारी उ किन नहोस् ?

यसैले उ अफिसमा आउँथ्यो सधैं र निदाउने कोसिस गर्थ्यो निर्विघ्न । कसैले उसलाई उँघिरहेको देखे पनि बिउँझाउन आउँदैनथ्यो । उ स्वयम् बिउँझन्थ्यो र घडी हेर्थ्यो कतिबेला भएछ भनेर । अझै कति बेलासम्म कुर्नुपर्ने हो पाँच बजाउन र उसलाई घर पुग्न हतार हुन्थ्यो अनि भात खाएर सुत्ने हतार। उसको जाँगर नै सुत्नको लागि हुन्थ्यो, घरमा पनि कार्यालयमा पनि ।

उसलाई निदाइरहन मन लाग्दथ्यो जस्तो कि कसैलाई रक्सी खाएर बेहोश हुन । गाँजा र चरेस विकसित देशका लागि स्मगलिङद्वारा निर्यात हुन्छ रे ! रक्सी विकसित देशमा पुग्न गुणस्तरले नसक्ने हुनाले दुर्गुण, अगुण, सगुण जे भए पनि नेपालीहरूको भाग्यमा रक्सी मात्रै एउटा आधार छ । बेहोशी र निद्राको ओखती । परमानन्दलाई सर्वोच्चानन्दमा पुऱ्याउने रहर अक्कलझुक्कल मात्रै प्राप्त हुन्थ्यो । कोही परिचित इष्ट मिष्टभाषी मित्रले कुनै बेला समातेर 'बार' मित्र लगेछ भने मात्र ।

तर उसलाई रक्सीको बेहोशीले लगाएको निद्रा कृत्रिम लाग्दथ्यो र अप्राकृतिक पनि । निद्रा प्राकृतिक हुनुपर्छ भन्ने धारणा उसको थियो किनभने यो प्रकृतिले

भरिएको देश संसार प्रसिद्ध । यसैले उ निद्रासमेत विदेशबाट आयात गरिएको ठान्दथ्यो, जब विदेशी रक्सी आयात गरिएको देख्तथ्यो । तर हाम्रो देश आयात गरिएको विदेशी वस्तुद्वारा विकसित देशको दाँजोमा पुगेको ठान्दथ्यो र विदेशी निद्रा र विदेशी सपना उ देख्न चाहँदैनथ्यो । स्वयम्मा उब्जेको निद्रा पो प्राकृतिक र स्वाभाविक हुन्थ्यो तर यस्तो भैरहेको छैन । यसकारण कृत्रिम निद्राको लागि उ बिरलै रक्सी पिउँथ्यो । तर कुनैबेला अफिसमा ककटेल पार्टीमा उ फँसिहाल्यो भने मजासित भाग लिन्थ्यो । चाहे उसको आगामी तलबबाट कट्टी किन नगरियोस् । भोलिको चिन्ता त्यस बखत कहाँ रहन्थ्यो र ?

निद्रा शान्तिको अर्को नाम हो भन्ने उसलाई लाग्दथ्यो र नेपाललाई निद्राक्षेत्र गराउन प्रयास किन गरिदैन भन्ने विकृत तर्क गर्न लाग्दथ्यो । निद्रामा जुन अत्मानुभूति प्रगाढ रूपमा पाइन्छ त्यो शान्तिमा कहाँ भन्दथ्यो ? शान्तिको आध्यात्मिक अनुसन्धान गर्ने खुबी भएको सन्त महर्षि उ थिएन । न त अन्तरराष्ट्रिय पीरलोले पीडित मन्त्री, नेता वा राजनीतिज्ञ थियो । सर्वसाधारण व्यक्तिलाई शान्ति होस् वा क्रान्ति आफ्नो दैनिक व्यस्ततामा नलागी धरै थिएन । एक न एकथोक काममा लाग्नै पर्दथ्यो, धेरथोर जति उपार्जन होस् । भोक र शोकले कहिल्यै छोडेको होइन । भोकै बस्नु पर्ला भन्ने शोकले उ नित्य धाउँथ्यो घरदेखि अफिस र अफिसदेखि घर सम्म । शान्ति सन्तोषमै जीवन बितिरहेको थियो भने फेरि शान्तिकै खोजीमा उ लागि रहन्थ्यो निद्रा नै शान्ति हो, समृद्धि हो, प्रगति हो भनेर । उसलाई अफिसमा हाकिमदेखि पिउनसम्मले बडो साधु र सन्तोषी शान्तिवादी देख्दथे । जीवनको बीस वर्ष बित्दा पनि उसलाई कुनै हाकिमले पनि निलम्बन गर्न सकेका थिएनन् । यसैले त हाकिमले पनि उसलाई पुछनी गरेन र प्रमोसन पनि गरेन । उसका सम्बन्धित आफ्ना विभागीय इष्टमित्र कता पुगिसके कता । बाटोमा उसलाई देखेर पनि नदेखे झैं हिँड्छन् । अब उ मात्र आफ्नो विभागमा पुरानो कर्मचारी थियो । अरू सब नयाँ थिए । बूढा पुरानाहरूलाई ती ध्यान दिदैनन् भने नयाँलाई पनि पुरानो कर्मचारीले किन चासो राख्ने ? यसैले उ आफ्नो डेस्कमा निदाइरहे पनि कसैको के नोक्सान ? अनि कोही बुजुक उसको निद्रालुपनलाई देशको प्रगतिमा घातक र बाधक देखेर भन्न लाग्थ्यो र उ नसुने झैं निहुँमा उँघिरहेको हुन्थ्यो "हेर्नुस् यस्तै भएर नेपालको उन्नति हुन नसकेको ।"

उ मनमनै जवाफ दिन्थ्यो, जसले आफ्नै उन्नति गर्न सकेन उसबाट देशले के आशा गर्ने ? भ्रष्टाचार गरेर पनि आफ्नो उन्नति गर्न सकेको, बिल्डिङ्ग र मोटरकार जोर्न सकेको भए -त्यो व्यक्तिबाट पो धेरै आशा फलीभूत हुन्थ्यो, देशको भलो हुन्थ्यो ।

तर परमानन्द केही भन्न चाहन्तथ्यो अथवा भनौं उ चाहेर पनि कसरी बोलोस् ? भन्ने बोल्ने खूबी भए त उहिल्यै उसले बिल्डिङ् खडा गर्न कतिलाई आँखामा धूलो हालिसक्ने थियो ।

जो आफ्नै घरको छानो फेर्न सक्तैनथ्यो, जो आफ्नै छोराछोरीलाई शिक्षादीक्षा दिन असमर्थ थियो, जसलाई आफ्नो झुप्रो नै प्यारो लाग्दथ्यो, अशिक्षित छोरोछोरी नै प्यारा थिए । भोकानाङ्गा नै किन नहुन्, यो झुप्रो हुनाले बस्न लायक छैन, भोकानाङ्गा निरक्षर हुनाले छोराछोरी होइनन् भन्ने शिक्षा दिन आउने उपबुजुकलाई उ निद्रालु आँखा पूरा उघारेर हेर्न चाहन्थ्यो । तर आधा मात्र उघ्रिन्थ्यो– सधैं अर्धनिद्रित आँखामात्र ।

रत्नश्री, वर्ष २१, अङ्क २-३

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धर्मराज पण्डित

(सचिव) तथा

सरस्वती गा.वि.स. परिवार, टोखा, काठमाडौं

मृत्युको सपना

आँगनमा लाश वरिपरि बसेर घरका मानिसहरू लामोलामो सास फेर्दै सुस्केरा भर्दै कुरा गरिरहेका थिए-प्रभाको मर्ने उमेर भएको भए पनि सन्तोष मान्ने कुरो भन्नुहुन्थ्यो । भर्खर चौबीस मात्रै उमेर पुगेकी केटी । कोही लोली मिलाउँदै भन्थे हो त नि, कति खाउँला-पिउँला भन्ने उसको उमेर-तर कल्लाई दोष दिने-काल आएपछि को तन्नेरी, को बूढा, को बूढी भन्छ र ? कालको अगाडि सबै समान । हैन हैन उनले अवश्यै अपहत्ते गरेकी हुन्, के विष खाएर उनलाई खुब्बुक्कै हुन मन लागेको हुनुपर्छ-अर्कोले भन्न लाग्यो । अनि उभिएर हेरिरहेकाबाट कसैले भन्न लाग्यो-यस्तो शङ्का लाग्ने केस त पुलिसमा पो रिपोर्ट गर्नुपर्ने ।

तर त्यहीबेला लाश बोक्ने मान्छेहरू आएर लुगा फुकालेर मुडुलो हुन लागिसकेका थिए । उनीहरूले लाशलाई छोपेको ओढ्ने पन्छ्याउँदा सबैले प्रभाको अनुहार देखे-त्यस्ती राम्री, कलिली युवती अचानक मर्नु कसैलाई प्राकृतिक कुरा लागेन । कलेज जाँदा लगाउने उसको कलेजी सारी, अनि बाँकटे चोलो जसमा उसको फौन्टेनपेन अझै लट्केको देखिन्थ्यो । के उसले आत्महत्या नै गरेकी थिई त भन्ने तर्कले अझै पुष्ट्याइँ पाउन लाग्यो ।

लाश उठाउने मुडुला बाहुनहरूले लाशलाई बाँसको खटमा हालेर बाँधे । अनि अबीर र फूल लाशमाथि छरेर काँधमा उठाउन लागे । त्यस क्षण प्रभाको लागि रुने कोही थिएन ।

प्रभा झसङ्ग झस्के झैं ओछ्यानबाट उठी । उ आफ्नै लाशको सपना देखिरहेकी र रोइरहकी रहिछ । कस्तो अनौठो ! मानौं त्यस सपनाको कुनै अभिप्राय छ । उसलाई डर लाग्यो, जिउभरि चीसो रगत बग्यो र मासु पग्लेर हिउँको ढिका झैं पैरो जान लागे झैं भयो ।

जतिजति समय बित्दै गयो उसलाई सपनाको सम्झना उतिउति स्पष्ट हुँदैगयो । कुनै सर्प देख्दा आत्तिएर चिच्याउने केटी झैं उसलाई रोमाञ्च भयो ।

"प्रभा !" कसैले उसको कानमा केही भनिरहेको झैं उसलाई लाग्यो । कसैले चेतावनी दिइरहे झैं । उसले बत्ती बलिरहेको आफ्नो कोठामा सारा चीजहरू हेरी । तर तिनीहरूबाट कुनै आवाज आइरहेको थिएन । तब के त्यो मृत्युदेवको आवाज थियो त ? कि त उ अझै सपनामै छे ?

उ कोठामा एक्लै थिई । उसलाई आजको रातजस्तो सुनसान कहिल्यै लागेन । जो मानिस घर मुनिको सडकबाट अबेरसम्म हिँड्ने गर्थे ती पनि आज हिँडेको सुनिएन । अबेरगरी सिनेमाबाट फर्कनेहरू पनि थिएनन् । उसले सम्झी -म कलेज जाने केटी पनि होइनँ । कहिल्यै कलेज गई पढेकी थिइनँ । हो, तर कहिलेकाहीं सहर जाँदा भने मलाई पनि कलेजी सारी लगाई कलेजमा पढ्न मन लाग्थ्यो ।

उ यस्तै सोच्तै थिई-केही पर सडकमा घोडा दौडेको टापको आवाज सुनियो, जुन नजिकै आइर हेको थियो । र, त्यो आवाज विस्तारविस्तार स्पष्ट हुँदै उसकै घरमुन्तिर आएर रोकियो । उसले कान थापिरही -केही खासखुस आवाजमा कुरा गरेजस्तो स्वर सुनिन लाग्यो ।

उसले मुटु दन्हो पार्ने चेष्टामा सोची-हैन आज मलाई के भएको ! यस्तो भ्रम त मलाई कहिल्यैं हुँदैनथ्यो ।

प्रभाको धैर्यको बाँध टुट्न लाग्यो । उ चिच्याई-आमा ! भनेर ।

आत्तिएको बेला अचानक चिच्याउनु उसको आदतै थियो । त्यस निस्तब्धतामा उसको स्वर मानौं कुनै विस्फोट थियो । त्यस निस्तब्धतामा उसको स्वर मानौं कुनै विस्फोट थियो ।

अनि प्रभाका कानको त्यो खासखुस अझ स्पष्ट सुनिदै गयो-ए केटी, धैर्य नहरा ! मुटु बलियो

पारिराख । तैंले अझै डरलाग्दो समाचार सुन्नु परेको छ ।

प्रभालाई आफ्नो कानको पनि भरोसा रहेन । कस्तो समाचार, कस्तो डरलाग्दो ? उ तन्द्रामा परि रहेकी थिई । केही अस्वस्थ पनि थिई ।

तैपनि उ शान्त भएर बस्न र सुन्न तयार थिई । उसको चेतना लुप्त भइसकेको थिएन । उसले सोच्ने बल गरी-के ती जासूस थिए उसलाई भ्रममा पार्न चाहन्थे यस मध्यरातमा आएर ? जासूसी एउटी असहाय, दुर्बल, अरक्षित केटीको मनमा उम्लने भावनाहरूको ? उसले, अगाडि सोच्न सकिन ।

आखिर उसको दोषै के थियो ? के अपराध गरेकी थिई उसले ? अस्तिको राती उ कृष्णवीरसित विजय र पुष्पालाई भेट्न घरमा गएकी थिई । पुष्पा भोलिपल्टै बिहानको फ्लाइटमा विजयको साथमा भैरहवा जाने खबर पाएकीले भेट्न गएकी उ ।

"तिमी कृष्णवीरसित बिहे गर्न चाहन्छ्यौ होइन ?" पुष्पाले कानमा मुख लगेर उसलाई साथीको हैसियतले सुटुक्क भनेकी थिई ठट्टा गरेजस्तो स्वरले । उसले त ठट्टै सम्झेकी थिई । उसलाई पत्यार थिएन उसले पनि विजयसित बिहे गर्ली भनेर । अहिले उसलाई सबै बिहानको उज्यालो झैं छर्लङ्ग भए ।

"कृष्णवीरले मलाई प्रेम गर्ने आवश्यकता नै के थियो ?" प्रभाले सोची । कृष्णवीरले एउटी विधवालाई किन प्रेम गर्ने हँ ? उ आफ्नो तर्क वितर्कले हरेस खाएर यही निष्कर्षमा आइपुगी । पुष्पाको दोषारोप असंगत थिएन । यसको कारण उसले प्रभाको आत्मजीवनबारे सबैजसो कुरा विजयराजबाट पत्ता पाएकी थिई । प्रभाको जीवनकथा हैरानीले पूर्ण उकालो–ओरालो बाङ्गोटिङ्गो बाटो पार गर्दै आइरहेको थियो, जो सम्झिनसक्नु कहालीलाग्दो थियो । आफ्ना ती घटनाक्रमहरूले उसलाई बिधवाजीवन बिताउन पनि दिएनन् । उसले सोझो बाटोमा हिँड्नै पाइन, न शान्तिमय जीवन अपनाउन पाएकी थिई । उसले पतित\जस्तो हुनुपर्‍यो । तापनि उसलाई किन बिग्रेकी भ्रष्टा झैं लागिरहेको ? किन पुष्पाले त्यसो भनेकी ?

हो, उ रूपवती थिई, सुन्दरी लाग्दथी जसको नजरमा पनि । अनि जो पनि प्रथम दृष्टिमै उसलाई पाउन छट्पटिन्थे । प्रेम गर्न तँछाडमछाड गर्थे, जुन प्रभालाई खतरासिवाय केही लाग्दैनथ्यो । आफ्नो रूपदेखि पनि ऊ घृणा गर्न लाग्थी र सिँगारपटार नगरी बस्थी । त्यस्तो गरे पनि उसका आँखा र मुखमा सुन्दरता प्रकट भइहाल्थ्यो । जस्तो कि उज्यालोलाई छेकेर कसले छेक्ने ?

प्रभा सहरदेखि कही पर बालाजुमा आफ्ना मामाको घरमा हुर्केकी केटी थिई । उसका बाबु भैरवदास पहाडका थिए, जसलाई उसले आजसम्म देख्ने सौभाग्य पाएकी थिइन । उसकी आमा पनि उसलाई दुहुरी छोडेर मरेकी थिइन् । त्यसपछि बाबुले अर्को बिहे गरेका थिए रे । अनि उसलाई आफ्ना जेठा मामा रविध्वजले ल्याई पालेका थिए । उ पहाडमा जन्मेकी भए पनि उ पहाडिया थिइन ।

काँठमा हुर्केकी भए पनि उ काँठे थिइन । उ आफूलाई काठमाडौंकी नै ठान्थी । यसैले उ सहरिया । सहरिया हुनाको कारण उसको बिहे पनि काठमाडौंमै भएको थियो । तर उसका पति एउटा प्रौढ व्यक्ति थिए । उनका दुइटी पत्नीहरूबाट तीन चार छोराछोरी भइसकेका र कोही इलममा लागिसकेका थिए । उसले बिहा भएको एक दुई बर्षभित्रै घरको व्यवहारबाट पिल्सिनु पनि परेको थियो । घरको सबै जिम्मेबारीपूर्ण कामकाज उसैले गर्नुपर्‍यो तर त्रुटी र दोषारोपहरू थाप्लोमा थाप्नु पर्थ्यो । उ सुधी, सोझी थिई । पोइलाई देवतासरह मान्थी । तर पोइको अत्याचार र दुर्व्यसनको शिकार हुनुपर्‍यो उसले । उसले कुनै दिन पतिबाट सद्व्यवहार पाउन सकिन । मनुष्योचित व्यवहार पनि उसले पाइन । तथापि आफूलाई भाग्यमानी सम्झँदै त्यस्तै प्रतिकूल परिस्थितिमा पनि सुखको अनुभव गरी जीवन बिताउनुमा आफूलाई धन्य मानिरही । उसको पति नवराज रक्सीले चुर हुँदै रातीराती घर आउँथे । दिउँसो पनि प्रायः घरमा हुँदैनथे । बिहान बेलुकाको भातसम्म खान देखापर्थे । त्यसपछि 'राजाको राँगो' झैं फुक्का हुन्थे । प्रेमको कुरा त छोडौं घरगृहस्थीका कुराकानी पनि लोग्नेस्वास्नीका बीच कमै हुन्थ्यो ।

कुनै बखत बिरामी परेका बखत पोइसित कुरा गर्ने औसर मिल्यो भने मिल्यो, उनको सेवा सुसुल्को गर्ने मौका पाएर प्रभा आफूलाई अहोभाग्य ठान्थी । तर त्यस सेवाको पुरस्कार उ पाउँथी छेडपेच, गाली, धम्की, लात र मुड्कीहरू ।

नवराज पुरानो विचारका थिए । पहिलेका दरबारका भारदार पनि भएकाले दरबारिया शान राख्न चाहन्थे । त्यत्रो घर आफ्नो पुरुषार्थले खडा गरेकामा उनलाई घमण्ड पनि थियो । पूर्वगौरवको गुणगान गर्नु उनको आदतै थियो । दुई चार दिन स्वास्नीको रूप र यौवनले मोहित भए तापनि उनको नशा बाह्रैमास निरन्तर रहन सकेन । त्यस प्रौढ उमेरमा तरूनी स्वास्नीलाई अँगालो राख्न सक्ने सामर्थ्य, कहाँ हुने र ? यसैले विरक्त झैं उनी प्रभाबाट बिमुख हुन्थे । उनको विरक्तिको कारणले नै घरका अरू दुई स्वास्नीहरू आ–आफ्ना दुनो सोझ्याउन लागेका थिए । आआफ्ना छोराछोरी लिएर छुट्टै बस्न लागेका थिए । यस्तै देखेर होला उनले कान्छी स्वास्नी ल्याएर सुखको संसार बसाउन खोजेका । तर त्यो उनको सपनामात्र सिद्ध भयो । प्रभाले त उनलाई धैर्यपूर्वक आफ्नो पत्नीधर्मद्वारा रिझाउन सकेसम्म खोजेको हो तर पतिले नै उसलाई सन्तोष दिलाउन सकेनन् । उ पनि सौताहरू झैं छुट्टै बस्ने अथवा माइत गएर बस्ने कुरा सोच्न लाग्थी । यसबाट पोइको हुने हानिदेखि अति डराउँथी ।

एक दिन उ मामाघर (जसलाई उ माइत ठान्थी) गएर फर्कने सुरले घरबाट निस्केकी थिई । तर उ आउन पाइन त्यही दिन । भोलिपल्ट घरमा आउँदा पतिले उसलाई जुत्ताले पूजा गरे । त्यही मौका पाएर उसका सौताहरूले उसलाई बेश्या, रण्डीको शुभनाम दिँदै पोइलाई भन्न लागे,"खुब सतीसावित्री स्वास्नी ल्याएका होइनौ के ? मैले त भित्र्याएकै दिन भनेकी थिएँ-यस्ता काँठेबाट घर गरौला ?"

प्रभाका पोइको धैर्यको बाँध टुट्यो । उनले ती दुवै सौताहरूलाई पनि पिट्न लागे "तिमीहरूकै कारणले मैले बिहे गरेको हुँ बुझ्यौ ? तिमीहरूले नै गर्दा म जोवन छँदै बूढो भएँ । यो तमाशा हेर्न तिमीहरू हौ ।"

पोइले प्रभालाई नाडीमा समातेर घिच्याउँदै कोठाभित्र लगेर ढोका लगाए । अनि दराजमा राखेको रक्सीको सिसी निकालेर मुखमा खोत्याउन लागे ।

प्रभा सोच्न लाग्थी -सबैका स्वास्नी माइत जान्छन् । माइतमा गएर कयौं दिनपछि आउँछन् तर पोइ त्यसरी बौलाउँदैनन् कसैका पनि ।

उसले पनि त्यसदिन निद्रा लाग्ने टेब्लेट खाएर समसाँझै सुती । बेलुकाको भात पकाउने तरखर नगरेकी देखेर नवराजले रक्सीकै नशामा उसलाई लात्ति भकुण्डी गर्न लागे, "जा, रन्डी छिटो भात पकाउन । म बाहिर जान लागें" । तर स्वास्नीमाथि कुनै असर नभएकोदेखि उनी झन उत्तेजित भए । झन् लातमाथि लात बजार्न लागे, "कति चुप लाग्न सकेकी हँ ? कति सहन सकेकी ए ?"

अनगिन्ती लातको हिर्काइपछि पनि प्रभाको चेतना जागृत नभएको देखेर उनको रक्सीको नशा पनि एकपल्ट उत्रियो । अनि पानी छम्कन लागे । होशमा ल्याउने चेष्टा गरे । तैपनि नउठेकीले आफ्ना जेठी माहिलीहरूलाई बोलाउन लागे । पोइको आचरणदेखि परिचित सौताहरू आइपुगे । तिनीहरू पनि प्रभाको अवस्थादेखि डराए । त्यसैबेलामा जेठो छोरा विजयराज अफिसबाट आइपुग्यो । उसले प्रभाको चालामाला निको नदेखेर डाक्टर बोलाउने कुरा गऱ्यो ।

आखिर डाक्टरलाई नै बोलाउनु पऱ्यो । डाक्टर को परिश्रमबाट प्रभामा केही चेष्टा देखियो । उसले स्लिपिङ टेब्लेट धेरै मात्रामा खाएको कुरा सबैले थाहा पाए । डाक्टरले भन्यो उ मर्न नै थिई रे ।

प्रभाले सम्झन लागी-किन ऊ त्यही दिन नमरेकी होला । मरेकी भए यो जीवनको झन्झटै रहने थिएन ।

अनि उ भर्खर देखेको सपना सम्झन लागी । उसलाई डर भइरह्यो-कसैबाट मेरो हत्या गर्ने षडयन्त्र त भइरहेको होइन ? कहिलेकाहीं सपनाले पनि भविष्यमा हुने घटनाको सूचना दिन्छ भन्छन् । के मलाई पनि चेतावनी दिइएको त होइन ?

रत्नश्री वर्ष ९ अङ्क २

लाममा उभिने प्रयास गर्दा

आजकाल मै मात्र भएको छु । म बाहेक कसैलाई सम्झन मन छैन । मानिस नाम मात्र भए पनि मलाई सरोकार नभएको अवस्तु लाग्दछ । मेरा सबै नभएका होइनन् । सबै मेरा छन् । म गस्तो मान्थें, बिश्वास गर्थें, आफ्नो लागि भनेर मरिमेट्थें । मेरा टाउकोमा जति बोझ थपिदिए पनि, मेरो पिठ्यूँमा जतिसुकै भारी लादे पनि मैले केही गुनासो गरिनँ । मलाई थाहा थियो जतिसुकै कराए पनि त्यो कहिल्यै वाक्य पूरा हुन सकेन, किनकि त्यो वाक्य कहिल्यै स्पष्ट सुनिएन । शून्यमा उब्जेको वस्तुजस्तो शून्यमा बिलायो । म शून्यमै कराइरहेको थिएँ । त्यसैले अझै पनि म शून्यमा कराइरहेको छु । कोही छैन यहाँ सुन्ने । सबै संलग्न छन् प्रभु भजनमा । सबै लाम लागेर हात जोडिरहेका छन् । तर लाम बाहिर कोही छैन । म बाहेक गरिएको वहिष्कृत छु र लाममा पंक्तीबद्ध हुन नसक्ने, आफ्नो ठाउँमा ओगट्नेलाई केही भन्न नसक्ने । प्रहरीहरू नभएका होइनन् तर ती भजस्ताको लागि मात्र हुन्, जसलाई गलहत्याए पनि पर भाग्छ । लाठीले ठोके पनि भैंमा लडेर माफी माग्छ । कसुर उसको यत्ति हो कि लाममा लाग्नै हुँदैनथ्यो- नीच जाति, गरीब जाति निमुखा लाटोको लागि त्यो लाममा स्थान थिएन । पहिले भन्दा अलि अलि सधिएको पाल्तु जनावर झैं लाममा बाँधिएका देखिए तापनि मति बिग्रेका र सुधेका भन्नु एउटै अर्थ लाग्ने शब्दार्थ भन्नु खाली जयगान- प्रभुगान ।

मलाई थाहा छैन म कहाँ आइपुगेको थिएँ, कहाँ जाँदै छु म यो कुन बाटो हिँड्दै छु । मैले टेकेको यो माटो माटो नभएर बालुवा भइसकेको छ र मैले देखेको प्राकृतिक दृश्य बिलाएर गएको अनि ती रंगीबिरंगी चरा–चुरूङ्गीहरू मेरा रंगीन सपना झैं हराइसकेका छन् । अनि त्यस क्षितिजमा यस्ता चराहरू उडिरहेका छन् जो धूवाँ खान्छन् र जसका पखेटाहरू पहिलेका जस्तो सुन्दर छैनन् । भद्दा उडाई, भद्दा कलरव कर्कशतापूर्ण रूपमा परिणत भइसकेको देख्छु । समय बिहान पनि होइन, न मध्यान्ह न सायंकाल केही आभास हुँदैन । यो कस्तो समय हो मलाई विकराल र भयावह लाग्न थाल्छ, किनकि म बाहेक अरू यहाँ कसैलाई देख्तिनँ । प्रकृति जगतको यस विकरालता भित्र म पनि त्यस लाममा अनुपयुक्त सिद्ध भएको छु, किनकि मेरो बाल्यावस्थाको सारल्य लज्जालु आयाममा थप आयामहरूले गर्दा म अप्रिय र कुरूप बनाइसकिएको छु । त्यसैले म हात जोडेर प्रार्थना पनि गर्न खोज्छु लामबाहिर बसेर तर त्यो प्रार्थना ती लाममा उभिएकाहरूको उपहास सिद्ध गराइन्छ । अनि म कहाँ गएर त्यस्तो चौतारो फेला पारूँ जहाँ भेला भएर देशविदेशका र घर गाउँका कुराकानी गर्न सकियोस् । त्यसो त मलाई नदेखाइएको थिएन- त्यो लाममा गएर चूपचाप उभिऊ र हात जोडेर जयगान गर । त्यस्तै त्यो चौतारीमा गएर भेलामा सम्मिलित होऊ जहाँ सबै तिम्रा असन्तुष्टिहरू समाधान हुनेछन् । मैले निर्देशन मानें-गएँ । लाममा पसें, बसें, कुरें, हात जोडें, प्रार्थना गरें, जीवन बिताएँ । अनि निकालिएँ जब प्रभुदर्शन गर्ने बेला हुन्थ्यो । अनि त्यो चौतारो देखाइयो सर्वोच्च गरिमामय भनेर त्यो पनि कृतिम रहेछ । झुटको फरेब । धोकामा परें । मलाई भीर पाखातिर धकेलियो । प्रभुको राज्यमा पनि भीर पाखाहरू देखेर म दङ्ग परें । मलाई लाग्यो– अब प्रभु पनि छद्मभेषमा हुनुहुन्छ । सच्चा प्रभु त सबैको दिलमा हुनुपर्ने । घरघरै कुलदेवता झैं पूजित हुनुपर्ने हो । त्यसैले होला प्रभु पनि छल प्रपञ्च गर्दै हुनुहुन्छ सोझा निर्मुखा रैतीप्रति । जस्तो प्रभु उस्तै सेवक । मलाई पनि एकपल्ट त्यस्तो प्रभुकृपा किन हुँदैन ?

तर मलाई भने अझै पत्तो छैन म कुन बाटोमा उभिएको छु र म किन मैं जस्तो देख्न लागिरहेकोछु ती लाममा उभिनेहरूका अनुहार ? के ती मैं जस्तो विरूप र चिनिन नसकिने भइसके र ?

मेरो अस्तित्व प्रश्नात्मक भएर चिसो सिरेटो झैं अङ्ग अङ्ग काँप्न लाग्छ, मानौं म एउटा बाँकी रहेँछु एउटा पुरानो रूख झैं । जस्को छहारीमा आक्कल झुक्कल थकित यात्रीले आफ्नो थकाई एकछिनलाई बिसंन्छ ?

दायित्व, वर्ष १ अंक १, २०४४

जसको जवाफ छैन

ठूल्ठूला प्रोजेक्टका ठेकदार र अन्य कतिपय रियल स्टेटका मालिक प्रोप्राइटर अनि आफ्नो अपुताली परेका ससुराको श्रीसम्पत्तिको एकमात्र दावेदार धर्तीनाथ बडाललाई अझै के नपुग थियो र नयाँ धन्धा गर्नु परेको ? पहिले त ससुराकै नामबाट एउटा साहित्यिक पुरस्कार 'श्रीगणेश साहित्य संघ'को पनि स्थापना गरी अनिकालमा एक मुट्ठी चामल दिए झैं नेपाली लेखक-कवि नामधारीहरू हात उचाल्दै मलाई-मलाई भन्दै तँछाडमछाड गर्दै आएको वर्षौं भइसकेको सबैलाई थाहा छ। यस्ता तँछाडमछाडमा को कति भोकानाङ्गा छन् त्यो हेरिने समय नभए झैं जो अगाडि आइपुग्छ र लाइन मिच्न सक्छ तिनै पाठ्यपुस्तक लेखक हुन्, गाइने गीतका रचयिता हुन्। आफ्नो साहित्य संघको सञ्चालक समितिका सदस्यको सिफारिसमा पुरस्कार समारोह बोलाई पुरस्कार दिइँदै आएको पनि सर्वविदित छ।

मैले यहाँ भन्न लागेको कुरो के हो भने एकपल्ट पुरस्कार समारोह गरी घर आएको भोलिपल्ट एकाबिहान ओछ्यानबाट बिउँझिँदा निद्राको तन्द्रील आँखा खुल्दा नखुल्दै अचानक श्रीमतीले ल्याएर दिएकी बेडटीको घुट्कोमा के अमृत थियो कुन्नि उनलाई एउटा नयाँ स्फुरण भयो- ईश्वरले दिएको सुझाउ भन्ठानेर उनी चिया निल्दानिल्दै मुसुक्क हाँसे रे। श्रीमतीले देखिहालिन् र सोधिन्-'आज किन फुरुङ्ग देखिनुहुन्छ ?'

'म किन फुरुङ्ग पर्ने ? फुरुङ्ग परे होलान् ती पुरस्कार पाउने लेखक। उनलाई पनि मलाईजस्तै मुसुक्क हाँस्न मन लाग्यो होला।' श्रीमतीले दिएको मनै मात्तिने चिया खाएर धर्तीनाथले ठट्टा गरे।

'त्यसो भए किन हाँस्नु भएको' ? श्रमितीले सोधिन् लत्तो नछाडेर।

'म तिमीले चिया ल्याउनुभन्दा पहिले नै हाँसेको थिएँ ठीक नौ बजेर चौध मिनेटमा तर तिमी ठीक सवा नौ बजे भित्र पस्यौ। अनि भन तिमीलाई देखेर वा तिम्रो चिया खाएर होला त ?' धर्तीनाथले रित्तो चियाकप श्रीमतीको हातमा समात्न दिएर हातेघडी हेरे। नजिकै टेबिलमाथि राखेको टेलिफोनको रिसिभर उठाए।

'विनोदजी !' उनले आफ्नो कार्यालयका सचिव विनोदकृष्णलाई भने 'आज मलाई नयाँ कुरो स्फुरण भएको छ। तपाईंसित कुरा गर्नुपरेको छ। अहिले आउनुहुन्छ ?'

विनोदकृष्णले के भने कुन्नि धर्तीनाथले जवाफ दिँदै भने 'बिहान फुर्सद छैन फुर्सद त मिलाउनु पर्छ। म भने रातदिन आफ्नो व्यवसायमा फुर्सत बेफुर्सत लागिरहेछु। सपनामा पनि काम गरिरहन्छु। तपाईंलाई अफिस आयो दश-पाँचसम्म बितायो, मानो पाक्यो। सोचसमझ पनि हुनुपर्छ नि, मेरो अफिस हो यो। संघसंस्थाको उन्नतिमा मेरो उन्नति छ भन्ने कैले आउँछ तपाईंको मनमा ? तपाईं सचिव हुनलायक हुनुहुन्न भन्ने मैले उहिले नै थाहा पाएको थिएँ। सोर्सफोर्सको भरमा नियुक्ति पाएकाहरूबाट यस्तै धोका पाइन्छ - के हैन ? अझै हैन भन्नुहुन्छ ? ल तुरुन्त आउनुस्। म आज अफिस जान्ने। तपाईंको अफिस पनि यहीँ हुन्छ आज .....' भनेर रिसिभर राखे। अनि श्रीमतीको मुखमा हेरे 'देख्नु भो हजुर ! सचिवलाई तह लाउन आफ्नो अन्डरमा राख्न यस्तो नाटक गर्नुपर्छ। नत्र अफिसमा गयो उसकै अन्डरमा... उ पो मेरो हाकिम भइरहेको !'

बेलुकाको ककटेल पार्टीको स्कच र बियरको रन्को सकिएको थिएन तापनि बेलाबखत उनी आफ्नी श्रीमतीलाई 'हजुर' भनी आदर-मान दर्साउन पनि खुब सिपालु थिए। श्रीमतीलाई यो मन पर्दैनथ्यो। तर उनी भन्थे -'श्रीमतीज्यू, यो स्त्री/पुरुषको बीच

भेदभाव ऊँचनीच मेट्न म चाहन्छु !'

उनको यो भनाइलाई श्रीमती नोराले बुझेकी थिइन् । यसको कारण उनी आफै थिइन् । किनकि उनी धनाढ्य बाबुकी एकमात्र छोरी केही मतलब पर्दा उनैद्वारा ससुरालाई पगार्न र दुहुन पाइन्थ्यो र आज जुन उनलाई भगवान्बाट सुझाउ भनौं वा प्रेरणा मिलेको थियो ।

'तपाईं पनि आफूलाई विशेष मान्छे ठान्नु हुँदोरहेछ हैं ? अहिलेसम्म सचिवलाई यो हाकिमी फुर्ती देखाएको मैले थाहा पाएकी थिइनँ । आज मत्ताहात्ती भएको देख्छु ।' नोराले जवाफमा भनिन् र मुसुक्क हाँसिन् ।

धर्तीनाथ हाँस्न लागे ।

'मैले के सुझाउ भगवान्बाट पाएँ भने हजुर को विश्वास मलाई चाहिएको छ । हजुरको बुबाको अनुग्रह उदारताबाटै 'श्रीगणेश साहित्य संघ' को स्थापना भयो । अब पनि यस्तै देश र जनताकालागि उपयोगी काम सोचेकोछु - दशलाख जति भए पुग्छ । यो दशलाखबाट बीसलाखको आश गरेको छु । साहित्य संघको पुरस्कार खर्च मात्रै 'रिटर्न' नहुने राष्ट्रियदान हो र यो नयाँ व्यवसाय भने राष्ट्रको लागि कसैले नगरेको महान् काम लागेको छ ।' उनी भन्दै थिए । बीचैमा श्रीमतीले भनिन्, 'बुबालाई धुत्ने, हैरान पार्ने मान्छे मन पर्दैन, ज्वाइँ भए पनि । उहाँलाई चित्त बुज्दो काम हुनुपर्छ ।'

यसैबेला ढोकाको घन्टी बज्यो ।

'विनोद आइपुगे । तिमी पनि बस, छलफल गरौंला । कुरो के हो उसैको अगाडि भनुंला' -उनले श्रमितीलाई आग्रह गर्दै रोके ।

ढोका खुलै थियो । कोठाभित्र पस्दै सचिव विनोदकृष्ण दुवैजनालाई नमस्कार गर्दै सोफामा गएर बसे । उनी शूट टाइ लगाएका ह्याण्डसम युवक थिए ।

बस्नासाथ फेरि उठेर आफ्नो साथमा ल्याएको कागतपत्रको ब्याग मोटरसाइकलमै छुटेको सम्झेर तुरुन्त कोठाबाहिर गए क्षमा मार्दै । केही असजिलो मानेको बहानामा ।

'हामी लोग्नेस्वास्नीका बीच एकान्त कोठामा बस्न उ सकेन । एउटा निहुँ देखाएर गयो । एकदम कामचोर ।' धर्तीनाथले हाँस्तै भने नोरालाई हेर्दै ।

'तपाईंले बोलाएरै आएको हो नि । लोग्नेस्वास्नीको बीच बाधक कसरी भो ? भैगो त म जान्छु' नोराले उठ्तै भनिन् केही शङ्कास्पद भावले ।

'राजहोस् न' -हात समाउँदै उनलाई बसाले ।

नोराले भनिन् -'मैले तपाईंलाई भनेको हैन एउटी सुन्दरीलाई सेक्रेटरी बनाउनुस् भनेर ! तपाईंले वास्तै गर्नु भएन ।'

'मैले वास्ता नगरेको हैन, नपाएर पो । फेरि यो व्यक्ति सोर्सफोर्सवाला भनिहालँ नि । तलमाथि क्यै भो कि कुरा पुऱ्याउँछ मन्त्रीकहाँ ।' धर्तीनाथले जवाफमा भने । 'त्यसैले त मैले भनेको अफिसमा यो हाकिमजस्तो छ, म सचिवजस्तो छु । यहाँ बोलाएको थिएँ हाकिम भएर काम गराउन अहाउन -खै गै हाल्यो' उनी श्रीमतीलाई खुशी पार्न हाँसे ।

'तपाईं पर्खेर बस्नुस् म जान्छु । आयो भने बोलाउनु होला' भनेर नोरा उठेर जान लाग्दा उनको सारीको छेउ समातेर भन्न लागे -'मलाई यो मान्छेको चालामाला नियत ठीक लाग्दैन ।'

उनी भन्दै थिए, विनोदकृष्ण कोठाभित्र आइपुगे ।

'म त घर पुगेर आइपुग्दै छु' उनले हाँस्तै भने ।

'मोटरसाइकलमा पो ब्याग छुटेको कुरो गर्दै हुनुहुन्थ्यो' धर्तीनाथले आश्चर्य दर्साएको देखेर विनोदले भने 'यसमा आश्चर्य दर्साउने कुरै छैन हजुर, म त मोटरमा आएको थिएँ, मोटरमै ऐले पनि आउँदै छु ।'

'मोटर ?' धर्तीनाथको मुखबाट कोक्याउँदो स्वर निस्कियो ।

'यसमा आश्चर्य मान्ने, शङ्का मान्ने कुरै छैन । म एउटा शौखीन मानिस हुँ । दुःख गर्नै जान्दिनँ । हिजोसम्म मेरो मोटर थिएन आजैदेखि मोटर मालिक हुँदैछु । यसमा शङ्का मान्ने कुरै छैन हजुर । मैले कसैको दुई पैसा पनि भ्रष्टाचार गरेको छैन । कहाँ पायो बीसपच्चीस लाख भन्ने लाग्यो होला । यो मोटर किन्नको लागि आफ्नो घर

अगाडिको एक रोपनी आठ आना जग्ग बेचें। कसैले दिनु पनि परेन, मैले माग्नु पनि परेन कसैसित। अब म बिलकुलै हजुरको जागिरमा निर्भर छु। हजुरले दिएको तलब पाँच हजारले गुजारा चलाइरहेछु होटलमा बसेर। म आफ्नालागि दुःखकष्ट गर्न असमर्थ छु। हजुरहरूको जस्तो बैंक ब्यालेन्स पनि छैन, न अन्य कतै आम्दानीको स्रोत' भनेर विनोदले आफ्नो ब्याग खोलेर कागतपत्र निकाले 'भन्नुस् हजुर मैले के काम गर्नुपर्‍यो ?'

धर्तीनाथ र नोरा अझै उनलाई हेरेको हेर्‍यै थिए– सचिवको कुरो पत्याउन नसकी।

पत्याउन सकिने कुरो पनि थिएन। नोराले उठ्तै भनिन्, "विनोदजी, तपाईको मोटर मा कहिलेकाहीँ हामीलाई पनि सैर गर्न सजिलो हुने भो त ?"

'किन नहुनु, हजुरहरूकै सेवक हुँ।' विनोद पनि जवाफ दिन जान्दथें। नोराले 'म चिया पठाइदिन्छु।' भनेर केही चञ्चल भावले कोठाबाट गइन्।

उनी गएपछि धर्तीनाथ र विनोदकृष्ण आपसमा कुराकानी गर्न लागे।

सचिव तीस-पैंतीस वर्षका युवा स्फूर्ति राख्ने भिजासिला कार्यालयको भलाइ हुने कामहरूमा कहाँ र कस्तो परिस्थिति अप्ठ्याराहरू आइपर्छन् त्यसैअनुसार झट्ट बोल्न पछि पदैनथे। एउटै परिवारका सदस्य झैं यस बडाल परिवारमा उनको स्थान थियो। उनी छिटोछिटो काम गर्ने र विश्वस्त इमान्दार हुनाले पनि अध्यक्ष धर्तीनाथ उनीसित गोप्य सरसल्लाहमा मद्दत लिने गर्दथे।

केही छिनपछि घरको कामदारले ल्याएर दिएको चिया खाँदै अफिससम्बन्धी यताउताका विषयमा अल्मलिएपछि धर्तीनाथले अचानक भने–'विनोदजी, मलाई आज एउटा मनमा सुझेको कुरो भन्दैछु तपाईलाई यसैकारण बोलाएको हुँ।'

'के कुरो होला ?' विनोदकृष्णले मुण्टो र आँखा उठाएर चियाको घुट्को निल्दै हेरे।

'हाम्रो श्रीगणेश साहित्य संघबारे पत्रपत्रिकाले लेखकहरूलाई दिएको पुरस्कार प्रशंसनीय छ, अझ यसको धनराशी थप्नुपर्छ, आजको महँगीमा भन्ने सुझाव देख्दा मलाई के लाग्यो भने एउटा कुनै प्लान बनाउनु जरुरी छ। आज बिहान मलाई यसबारे एउटा आइडिया सुझेको छ त्यो के हो भने अझ बढी यस साहित्य संघको नाम फैलाऊँ। विश्वस्तरीय बनाऊँ। अरू भाषाका लेखकहरूले पनि नोबल प्राइजलाई सम्झून्। देश-विदेशबाट पनि स्वागत होस्, हैन त विनोदजी ?' धर्तीनाथ कुराको भूमिकामात्र बाँधिरहेका थिए।

विनोदकृष्ण मुख्य कुरो सुन्न हतारिरहेका थिए।

'मेरो प्लान के हो भने हाम्रो नेपालमा अत्यन्त खाँचो भएको आज के छ भन्नेतर्फ मेरो ध्यान खिचियो।' उनले कुरो फेरि सोझै नभनी लम्ब्याए, 'त्यो के रहेछ भने नेपालका विभिन्न क्षेत्रमा नाम चलेका ख्यातीप्राप्त विचारक, उद्योगी, आविष्कार कहरूका नाम र तिनको कामबारे परिचय दिने 'हु इज हु' छाप्ने। पुस्तकाकार रूपमा विश्वका अनेकौं देशमा छ्यापछ्\यापती पुऱ्याउने र डलर-पाउण्ड जम्मा गर्ने। यो कुरो हुन सक्छ कि सक्दैन विनोदजी, लौ सल्लाह दिनुस् ?'

'हुन सक्छ। पहिले नेपालीमा, पछि अंग्रेजीमा निकालेपछि विश्वभर पुगिहाल्छ। पहिले त नेपालमै पनि खपत हुन पर्‍यो तर किन्ने को ?' सचिवले उनको सबै प्लानलाई 'तर किन्ने को ?' भनेर प्रश्नचिह्न लगाइदिँदा धर्तीनाथ एकछिनका लागि अवाक् भए।

'किन्नेहरू जति पनि पाइन्छन्। ज-जसको नाम 'हु इज हु' मा पर्नेछ तिनैले र अरू सर्वसाधारण पाठकसहित विद्यालयदेखि विश्वविद्यालयसम्मले किनेर आफ्नो लाइब्रेरीको शोभा बढाउने छन्। एक-एक थान भए पनि स्वदेशमा नेरू र विदेशमा विदेशी मुद्रा कमाउन कामयाब हुनेछ भन्ने मैले सोचेको छु। यो एउटा नौलो कुरो लागेको छ नेपालमा मलाई त '- धर्तीनाथले भने। 'फेरि श्रीगणेश पुरस्कारजस्तो प्रतिष्ठाप्राप्त संघको नामबाट पनि यस पुस्तकको महत्त्व र चर्चा स्वदेश र विदेशमा फैलिन सहायक हुन्छ, जसको नाम नै साहित्यकारहरूको कल्याण गर्ने र सहायता

गर्नेमा सुपरिचित छ । यस कार्यलाई कल्ले नराम्रो भन्ला ?'

'एकदम राम्रो हो हजुर ! हामी सफल हुन्छौं । यसमा विलम्ब गर्नु हुँदैन । फेरि अरूले यो प्लान पत्ता लाए भने हामी पछि पर्छौं । पहिले अङ्ग्रेजीमा छापौं हजुर '

'त्यसैले त मैले तपाईंको सल्लाह खोजेको हुँ' बडालले भने ।

'सबभन्दा प्राथमिकता दिनुपर्ने कुरो मलाई लाग्छ लेखक साहित्यकारहरू जसलाई विदेशमा परिचित गराउने हाम्रो विशेष प्रयास हुनुपर्छ । हाम्रा नेपाली दाजुभाइहरूले विदेशमा आफ्नो देशका महापुरुष विभूतिहरूका बारे राम्ररी परिचित हुन कहाँ पाएका छन् र ! साहित्यको क्षेत्रलाई अरू विस्तृत बनाउन प्रचारप्रसारको, मिडियाको सहारा लिएपछि अन्य क्षेत्रको दाँजोमा पुऱ्याउने हाम्रो उद्देश्य हो । यो पनि हाम्रो साहित्य संघको इज्जत बढाउने माध्यम देखिन्छ । यो शुभकार्यको प्रशंसा नगर्ने कोही हुने छैन देश देशावरमा'– विनोदकृष्णले भने ।

'हु इज हु' छापियोस् मात्रै बुद्धिजीवीदेखि लिएर जनरल नलेज राख्न चाहने पाठक विद्यार्थी जागिरका उम्मेदवारसमेत साराले एकएक थान किन्नेछन्' धर्तीनाथले भने ।

'यसमा विशेषतः लेखक साहित्यकारहरूको नाम हुने हुँदा तिनीहरू प्रत्येकले आफ्नालागि एउटा अनिवार्य किनिराख्ने छन् । विश्वमा परिचित गराउने इज्जत बढ्ने यस्तो उपयोगी गन्थ छापिएको छ भन्ने सुईंको पाउनासाथ कतिजना हामीकहाँ आइपुग्ने छन्, फोन गर्ने छन्, मूल्य तिरी लैजाने छन्' विनोदकृष्ण पनि सँगसगै 'हु इज हु' को प्रकाशनबाट पाइने उपलब्धिको बयानमा उत्साहित देखिए ।

'हु इज हु' निस्केको र बजारमा तातो चिया बिकेजस्तो एकपल्ट होइन दोस्रो तेस्रो संस्करण एकै वर्षमा निस्केको र बिक्री भएको कल्पनामा रम्दै ग्रन्थबाट सोचेको भन्दा आम्दानीसँगसँगै नाम सुकीर्ति फैलिएको र त्यसैको श्रेय आफू हुन पाउनु, जीवनमा यही त हो पुरुषार्थ' भन्दै धर्तीनाथ दङ्ग परेर सचिवसित अब उक्त ग्रन्थ छाप्ने व्यावहारिक योजनामा संलग्न भए ।

'हजुरलाई किन कष्ट ! म प्लानका प्रारम्भिक बुँदाहरू तयार पारेर नजर गराउँछु अफिसमा गएर' विनोदकृष्णले उनलाई भने ।

'हुन्छ त – दुईचार दिन लागे पनि केही छैन' धर्तीनाथले भने ।

X X X

दुईदिनपछि सचिवले प्रारम्भिक योजनाका बुँदाहरू मस्यौदा तयार पारे । त्यसपछि सञ्चालक समितिमा पेश गर्नका लागि एउटा प्रस्तावनाको तयारी गरियो ।

उपयुक्त समयमा आफ्नो तर्फबाट सबैकाम सिध्याएपछि बोर्ड मिटिङ्गमा उपर्युक्त प्लानको समर्थनका लागि पेश गर्दै 'श्रीगणेश साहित्य संघ' का अध्यक्षले बैठकमा भने–'हाम्रो संघले एउटा साहित्यिक संस्थाका रूपमा सबैतिरबाट मान्यता प्राप्त गर्दै आएको छ । विद्वत\ क्षेत्रमा नाम, मान, आदर कमाउँदै साहित्यकारहरूलाई निकट गराउँदै विश्वास प्राप्त गर्दै अगाडि बढ्दै छ । यस अनुकूल मौकामा अन्य लोकप्रिय कार्य गर्दै जानु हाम्रो कर्तव्यलाई बुझेर उनीहरूको विपन्न अवस्थालाई केहीमात्र भए पनि सम्पन्नतातिर धकेल्नु परेको छ । यस कुरोलाई अनुभव गरेर एउटा नयाँ कार्य थालनी गर्न अग्रसर भएका छौं । 'हु इज हु' नामक अङ्ग्रेजीमा एउटा बृहद्ग्रन्थ तयार पार्ने विचारमा लागेको छु । यसको प्रकाशनबाट हाम्रो वित्तीय स्थितिमा सुधार हुने मैले देखेको छु । अनि 'श्रीगणेश साहित्य पुरस्कार'मा पनि केही रकम थप गर्न सकिएला भन्ने हाम्रो दूरगामी उद्देश्य सफल हुने कुरामा मलाई कुनै शङ्का छैन' ।

समितिमा एकजना महिला सञ्चालिका, साहित्यकार र समाजसेवी पनि थिइन् । तिनलाई यो प्रस्तावनाले प्रभाव पारेको देखियो । उनले प्रस्तावको समर्थनमा भनिन्–'तपाईहरूले देशको परिस्थिति बुझेर अघि बढ्ने नयाँ धन्धा आविष्कार गर्नु भएको देख्छु । यो नयाँ धन्धाले अनेकौं

कामहरूलाई आकर्षित गर्ने छ । कामदारहरूको आवश्यकता बढ्ने छ किनभने देशभरिका कति व्यक्ति के काम गरी बसेका छन्, कति देशको सेवा गरिरहेका छन्, पत्ता लगाउने काम सानो छैन । कुना काप्चा गाउँघरमा अँध्यारोमा आफ्नो देशको भलो हुने सेवा कार्य गरिरहेकालाई पनि 'हु इज हु' ले बाहिर लाइटमा ल्याउन सक्नुपर्छ नत्र क्षणिक प्रचार प्रसारमै सिमित भएर बस्ने हो भने अहिलेकै स्थिति ठीक छ भन्छु म त । हामी दुरगामी लक्ष्यतिर अग्रसर हुन सक्छौं भने यो प्रोजेक्टले सबै क्षेत्रलाई छुनेछ । सबैलाई मान्य हुनेछ ।'

'के गर्नु पर्ला त तपाईंको विचारमा ?' अध्यक्षले सोधे ।

'पहिले यो प्रोजेक्टबारे सबैले बुझिने सरल भाषामा विज्ञापन पत्र-पत्रिकामा निकाल्नुपर्‍यो । त्यसपछि उत्सुक देशसेवी सुधारक साहित्कार आदिबाट बायोडाटा आह्वान गर्नुपर्‍यो, सके तिनको फोटोसमेत यस श्रीगणेश साहित्य संघको कार्यालयमा आए झन् अनुहारसमेत छाप्न पाइन्थ्यो । पहिले एउटा नाम ठेगाना/व्यक्तिका काम/शिक्षा/परिवार आदि जे छन् लिखित पुस्तक–पुस्तिका, पत्रपत्रिकाका सम्पादक संस्थापक यावत् कुरो भएको फर्मको नमूना पनि विज्ञापनसितै प्रकाशित गर्नु राम्रो' । सञ्चालिकाले जवाफमा सुझाउ दिइन् ।

सबै समितिका सदस्यहरूले ताली बजाएर उक्त प्रस्तावलाई समर्थन र स्वीकृति दिए ।

केही दिनपछि समाचारपत्रहरूमा प्रकाशोन्मुख 'हु इज हु' को विज्ञापन निस्क्यो । त्यस ग्रन्थमा आफ्नो नाम दर्ता गराउन चाहने यश र प्रसिद्धिका भोका विद्वान, प्राध्यापक, डाक्टर, साहित्यकार, समाजसेवकहरूका पात्रहरूको 'बायोडाटा' सहित श्रीगणेश साहित्य संघको कार्यालयमा धमाधम प्राप्त हुन लागे ।

यो 'हु इज हु' ग्रन्थको सामग्री जम्मा हुनलाई कम्तिमा तीन वर्ष लाग्यो । शुरूशुरूमा ताजाताजा विज्ञापन देखेर जति छिटो आफ्नो 'बायोडाटा' दिन हतारिएका थिए पछि त्यति दिलचस्पी नदेखिनु यो नेपालीहरूको खास विशेषता हो । 'हिँड्दै छ पाइला मेट्तै छ' भनेजस्तो । यसैले जति जे जम्मा भए ती नै ग्रन्थका लागि थुप्रो पहाड भइसकेको थियो । यति थुप्रो रास कि तिनलाई केलाएर बस्ने मौका थिएन । जस्तो रूपमा आयो त्यस्तै रूपमा प्रेसमा छापिन गयो ।

जब छापिएर 'हु इज हु' बाहिर निस्कियो बजारमा सर्वत्र पुग्यो । त्यति खास ठूलो भोलम नभए पनि त्यसमा छापिएको मोल नेपालीहरूका लागि जिब्रो टोक्नुपर्ने गरी महँगो थियो । कसले पन्धसय तिरेर पढ्न चाहँदो हो जसमा समावेश भएका व्यक्तित्वहरू नै विवादास्पद थिए, ती न ता विश्वस्तरीय थिए न राष्ट्रियस्तरका नै थिए । पुस्तकको कागत छपाइ अफसेट प्रणालीको उच्चस्तरीयता अनि बाइन्डिङ्ग र कडा कार्डबोर्ड कभर त्यसमाथि च्यापर जसमा ल्यामिनेसन दुई रंगी आदि बाहिरी गुण थिए तापनि यस्तो लाग्दथ्यो पूर्ण व्यावसायिक दृष्टिले त्यो छापिएको हो र केही प्रति मात्र बिक्री भएपनि आफ्नो लगानी फिर्ता हात पर्ने र अरू बाँकी प्रतिहरू त नाफैनाफा । नोक्सानको कुरै थिएन । कति प्रति छापिएको हो उल्लेख पनि नगरिएको अनि पढ्दै जाँदा त्यस्ता व्यक्तिहरूको त्यहाँ स्थान थियो जसले जनता र समाज सेवाको नाममा भ्रष्टाचार गरी नाम कमाएका छन्, जो उत्पीडित गरीब निमुखाहरूको प्रतिनिधि भन्दै तिनकै शोषण र तिनैलाई सताउने काम गरेका छन् जग्गाजमिन दिई बसोबास गराउने भनी वन निकासी गर्दै लकडी, कस्तुरी, जडीबुटीहरू देशबाहिर निकासी गरी उद्योग-कारखानाहरू खोलेर राष्ट्रका बदनाम पूँजीपति, सेठ, साहुकार, तस्करहरू-जसले दुर्नामका साथै कालो धन कमाउन जीवन अर्पण गरेका छन् । साथै त्यस्ता प्राध्यापकहरू पनि थिए जो आफूले लेखेका पाठ्यपुस्तकका गाइडहरू किन्न लगाई विद्यार्थीहरूको मानसिक शोषण गरिरहेका छन् । त्यस्तै भ्रष्टचरित्रहरूलाई सच्चरित्रका रूपमा बयान गरी विश्वस्तरीय महान् व्यक्तिसरह स्थान दिई लेखिएका चिन्हारीहरू कुहिएका आँपहरूसरी सँगसँगै बाकसभित्र घुसाएर घृणित बनाइरहेका थिए । यसप्रकार दुर्गन्धित त्यस बाकसरूपी ग्रन्थबाट नेपाली

समाजको हृदय,मन, बुद्धि प्रदूषित गराउने उद्देश्यले जतातते पुस्तक पत्रपत्रिका पसलहरूमा बिक्रीका लागि राखिएका थिए ।

अनि जो पीडित लाञ्छित भएर पनि आफ्नो सेवा साधनाबाट विचलित नभई दरिद्र जीवन बिताउन आफ्नो गौरव ठान्छन् तिनै लेखक, कथाकार, कवि, निबन्धकार, उपन्यासकारका नामबाट लोकप्रियता हासिल गर्ने मनसुवा राखी 'तपाईंको नाम हामी विश्वमा प्रचारप्रसार गर्दैछौं, एक प्रति आफ्नो निम्ति किनेर राख्नुस्' भन्दै तिनका गाउँ, टोल, शहर गल्लीका धरदैला पत्ता लाउँदै आफ्ना नोकरचाकर खटाई धरना दिन पछि लगाई पुस्तकको मूल्य पन्धसय रूपैयाँ प्रत्येकसित उठाउने श्रीगणेश साहित्य संघको कारनामा पत्रपत्रिकाहरूले पनि खुला रूपमा लेख्न नसकेकाले यस लेखकलाई पनि त्यस धर्नाको शिकार हुनुपरेको बयान, व्यथा, कथा यहाँ पाठकहरू छेउ जानकारीका लागि पेश गरेको छु ।

मजस्ता निर्धन, निर्बल, निर्धा लेखकहरूका नाम त्यस ग्रन्थभित्र विश्वमा प्रचार गर्नका लागि होइन तिनबाट मूल्य चुकाउन समावेश गरिएको थियो । पत्रपत्रिकाहरूमा रचना छपाई गुजारा गर्न बाध्य मजस्ता गरीब लेखकहरूलाई पन्धसय रूपियाँ ठूलो रकम हो । एक महिनाको डेरा भाडा तिर्न पुग्थ्यो । 'हु इज हु' मा मेरो नाम र चिन्हारी समावेश गराई जबर्जस्ती मेरो नामलाई कलङ्कित गर्दै, 'मान कि नमान नत्र तेरो बदनाम' भन्दै मूल्य उठाई एकप्रति त्यो कुहिएको ग्रन्थ भिडाइन्छ । जसलाई खान लाउनका लागि दाल, भात, डुकु सम्झेर थुक निल्नुपर्ने अवस्था छ त्यसलाई समेत नछोडी धुत्नु, झार्नु ती हत्यारा धामीझाँकी प्रकाशकहरूको चिन्हारी कल्ले दिने ? सरकारले ? जो आफैं यति दरिद्र छ कि लेखकहरूको लेखकस्वमा राजस्व लगाउन अग्रसर छ । छद्मभेषी साहित्यसेवीहरूको मेकअप उतार्न निर्बल छ । मुकुण्डोधारी सफासुकिला कुख्यात व्यक्तित्वहरूको भण्डाफोर गर्न सक्तैन । यस्ता धूर्त नकाबपोशीहरूको नै बजार गर्मागर्मी छ । लेखनधर्मीहरू त शिकार गरिन्छन्, तिनीहरू मरेपछि फोटामा माला र फूल फ्याकिन्छ, तिनै राष्ट्रिय व्यक्तिहरूबाट जो उद्योगपति व्यापारी र जो उच्चातिउच्च साहित्य क्षेत्रको मानपदको घोडा चढेर बसेका हुन्छन् । म आफूसरह साहित्यकार हरूबीच यस्तै चर्चा परिचर्चा सुन्ने गर्दथें ।

X X X

अनि आजभोलि यस्तो पनि सुन्छु - श्रीगणेश साहित्य संघका अध्यक्ष धर्तीनाथ विदेशयात्रामा गएका छन् 'हु इज हु' को बिक्रेता एजेन्टहरू बनाउन र अन्य विदेशी भाषामा अनुवाद प्रकाशित गर्ने उद्देश्य पनि लिएर । यता सचिव विनोदकृष्ण आफ्नो नयाँ कारमा नोरालाई साथमा बसालेर सैर र सफरमा दिन बिताउँदै छन् - आफ्नी मालिक्नीको खुशीमा जे इच्छा गर्छिन् पुऱ्याउँदै । मानिसहरू भन्छन् - नोराले आफ्नो सचिवलाई एउटा भव्य बिल्डिङ किनिदिएकी छन् । विनोदकृष्ण अब होटलमा बस्तैनन् - आदि ।

(लेखकको जीवनको अन्तिम व्यङ्ग्यकथा- सं.)

दायित्व, वर्ष ११, पूर्णाङ्क २९

विजयादशमी तथा शुभ-दीपावली २०६० को

सुखद् अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तेजप्रसाद ढाहाल

(सचिव) तथा

धापासी गा.वि.स. परिवार, काठमाडौं